# मानव स्रोत विकासले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव

## वेल्टार वसाहा नगरपालिका, उदयपुर

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग,
स्नातकोत्तर तह (एम.एड.) चौंथो सेमेस्टरको आंशिक
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**

शोधकर्ता
सीता गेलाल
स्नातकोत्तर तह (एम.एड) चौंथो सेमेस्टर
क्याम्पस क्रमाङ्क : १९१
परीक्षा क्रमाङ्क : २८००४८
त्रि.वि.दर्ता नं. ९-२-२९-१३२७-२००७
भर्ना वर्ष : २०७०

शिक्षाशास्त्र केन्द्रीय विभाग
अर्थशास्त्र शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०७५

# मानव स्रोत विकासले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव

## वेल्टार वसाहा नगरपालिका, उदयपुर

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग,
स्नातकोत्तर तह (एम.एड.) चौंथो सेमेस्टरको आंशिक
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र

शोधकर्ता
सीता गेलाल
स्नातकोत्तर तह (एम.एड) चौंथो सेमेस्टर
क्याम्पस क्रमाङ्क : १९१
परीक्षा क्रमाङ्क : २८००४८
त्रि.वि.दर्ता नं. ९-२-२९-१३२७-२००७
भर्ना वर्ष : २०७०

शिक्षाशास्त्र केन्द्रीय विभाग
अर्थशास्त्र शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०७५

मानव स्रोत विकासले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव
५१८
सीता गेलाल
२०७५

## सिफारिस-पत्र (Recommendation Letter)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभागअन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौंथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि "मानव स्रोत विकासले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव : वेल्टार बसाहा नगरपालिका, उदयपुर" शीर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवम् सल्लाहमा सीता गेलालले तयार पार्नु भएको हो । उक्त शोधपत्र स्वीकृतको लागि सिफारिस गर्दछु ।

मिति : २०७५/०१/१४

Date : 27 April 2018

शोध निर्देशक

............................

उप-प्रा. मीनराज पौडेल

अर्थशास्त्र शिक्षा

केन्द्रीय विभाग त्रि.वि.,

कीर्तिपुर, काठमाडौँ

## स्वीकृति-पत्र (Approval Letter)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभागअन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौंथो सेमेस्टरको आंशिक पाठ्यभार परिपूर्तिका लागि “मानव स्रोत विकासले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव : वेल्टार वसाहा नगरपालिका, उदयपुर” शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख तथा शोध निर्देशक ..................................

उप-प्रा.मीनराज पौडेल

२. बाह्य सुपरिवेक्षक ..................................

प्रा. डा. जिवनाथ धिताल

३. DRC सदस्य ..................................

प्रा. डा. विनयकुमार कुसियैत

मिति : २०७५/०२/१३

Date : 27 May 2018

# कृतज्ञताज्ञापन (Acknowledgement)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह चौंथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका गर्नका लागि “मानव स्रोत विकासले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव अध्ययन (वेल्टार वसाहा नगरपालिका, उदयपुर)” शीर्षकको भएको शोधपत्र प्रस्तुत गरेकी छु ।

अनुसन्धान एक विशिष्ट र गहन अध्ययन प्रक्रिया भएकाले यसलाई सम्पन्न गर्नका लागि विविध पक्ष एवम् क्षेत्रबाट सहयोग प्राप्त भएको छ । सर्वप्रथम यस शोधपत्र तयार पार्ने सिलसिलामा मलाई शीर्षक चयनदेखि लिएर यसको लेखन सम्पादनको लागि आफ्नो व्यस्त समयको बाबजुद पनि निरन्तर सुझाव, सल्लाह, प्रेरणा र उत्साह दिई कुशल मार्ग निर्देशन प्रदान गर्नु हुने अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख तथा शोध निर्देशक श्रद्धेय गुरू उप-प्रा.मीनराज पौडेललाई हृदयबाट नै धन्यवाद ज्ञापन गर्दछु । यस अध्ययनलाई सफल बनाउनका लागि आवश्यक प्रेरणा उत्साह साथै हौसला प्रदान गर्नु हुने सधैं मार्गदर्शकका रूपमा रहनु हुने अर्थशास्त्र शिक्षा विभागका श्रद्धेय गुरूहरू प्रा.डा.महेशराज दाहाल, प्रा.डा.ध्रुवराज शिवाकोटी, शि.स. पद्मा कोइराला र आ.शि.जगदिश मूर्ति कोइराला लगायत अर्थशास्त्र शिक्षा विभागका सम्पूर्ण गुरूजनप्रति विशेष हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अनुसन्धानका लागि स्थलगत अध्ययनका क्रममा तथ्याङ्क सङ्कलन गर्ने आवश्यक सहयोग गरी खुलस्त प्रश्नहरूको उत्तर दिई सहयोग गर्नु हुने वेल्टार वसाहा नगरपालिका वडा नं.२ का सम्पूर्ण आमा, बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा विशेष धन्यवाद दिन चाहन्छु । साथै मेरो जीवनको हरेक क्षणमा सल्लाह, सुझाव, प्रेरणा र प्रोत्साहन दिई विश्वविद्यालयसम्मको अध्ययन पूरा गर्न आशीर्वाद प्रदान गर्नु हुने मेरा बुबाआमा, श्रीमान, घरपरिवार लगायत सम्पूर्ण आफन्तजनप्रति आभार प्रकट गर्दछु । शोधपत्र निर्माण गर्ने क्रममा सहयोग लिइएका र साभार गरिएका विभिन्न पाठ्यसामग्रीको आदरणीय रचनाकारप्रति स-धन्यवाद दिन चाहन्छु । अन्त्यमा अथक परिश्रमका साथ कम्प्युटर टाइप गरी शोध कार्यलाई पूर्णता प्रदान गरिदिनु हुने प्रकृति फोटोकपी सेन्टरप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

.................................

सीता गेलाल

# सारसङ्क्षेप (Abstract)

मानवस्रोत विकासले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययन गर्न तयार गरिएको यस शोधपत्रमा नमुना छनोटमा परेका वेल्टार वसाहा नगरपालिका, वडा नं.२ मा रहेका सम्पूर्ण घरधुरीहरूको अध्ययन गर्नु रहेको छ । अध्ययनको मुख्य उद्देश्य मानव स्रोत विकासको अवस्था पत्ता लगाउनु, मानव स्रोत विकासले उनीहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु र मानव विकास सूचकाङ्कको गणना गर्नु रहेको छ ।

शोधपत्रको उद्देश्य पूरा गर्न परिमाणात्मक र गुणात्मक दुवै ढाँचाको प्रयोग गरी प्राथमिक र द्वितीय स्रोतका माध्यमबाट तथ्याङ्क सङ्कलन गरी प्राप्त तथ्याङ्कलाई आवश्यकताअनुसार तालिका र वृत्तचित्रको माध्यमबाट विश्लेषण गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलन गर्दा अध्ययन क्षेत्रको घरधुरीलाई प्रत्यक्ष रूपमा प्रश्न सोधेर तथ्याङ्क सङ्कलन गरिएको थियो । जसको निम्ति उद्देश्यमूलक र सुविधाजनक नमुना छनोट विधिको आधारमा छनोट गरिएको छ । जसमा वेल्टार वसाहा नगरपालिका वडा नं.२ मा रहेका ६८० घरपरिवारमध्ये २०० घरपरिवारलाई गोलाप्रथा (Random sampling) विधि छनोट गरिएको छ । द्वितीय तथ्याङ्कको स्रोतको रूपमा सम्बन्धित जिल्ला विकास समितिको कार्यालय जिल्ला शिक्षा कार्यालय, अर्थ मन्त्रालय, नगरपालिकाको कार्यालय, तथ्याङ्क विभाग, मानव विकास प्रतिवेदनबाट प्रकाशित विभिन्न पुस्तक, विभिन्न लेखकहरूको लेख, रचना र अन्य प्रकाशित तथा अप्रकाशित तथ्याङ्कलाई आधार मानिएको छ ।

अध्ययन क्षेत्रका मानिसहरूको आर्थिक अवस्था, शैक्षिक अवस्था, स्वास्थ्य अवस्थाको अध्ययन गरिएको छ । अध्ययन क्षेत्रमा ३.५ प्रतिशत घरपरिवार भूमिहीन र १.५ प्रतिशत घरपरिवारको २० विगाभन्दा बढि भूमि रहेको पाइयो । नमुना छनोट घरपरिवारको मुख्य पेसा कृषि तथा पशुपालन रहेको पाइयो जसमा ५९.६४ प्रतिशत मानिसहरू संलग्न भएको पाइयो ।

घरपरिवारको स्रोतगत आम्दानीको अध्ययन गर्दा सबैभन्दा बढी जागिर तथा नोकरीबाट ४७.१४ प्रतिशत आम्दानी भएको पाइयो भने सबैभन्दा व्यापार तथा उद्यमीबाट १५.५७ प्रतिशत आम्दानी हुने गरेको पाइयो । त्यस्तै पारिवारिक तहगत वार्षिक आम्दानीको अध्ययन गर्दा १ लाखदेखि २ लाखसम्म वार्षिक आम्दानी हुने २० प्रतिशत घरपरिवार पाइयो भने ४ लाखभन्दा बढी आम्दानी हुने ७.५ प्रतिशत घरपरिवार पाइयो । यहाँ प्रतिघरपरिवारको वार्षिक औषत आय २१८६०० र प्रतिव्यक्ति औषत आय ३५७०७.३१ रहेको पाइयो ।

अध्ययन क्षेत्रका मानिसहरूले सबैभन्दा बढी उपभोगमा ४५.३३ प्रतिशत खर्च गरेको पाइयो भने कुल आयको तहगत खर्चलाई हेर्दा १ लाख ५० हजारदेखि २ लाखसम्म वार्षिक रूपमा

खर्च गर्ने ४५ प्रतिशत घरपरिवार पाइयो । त्यस्तै प्रतिघरपरिवारको औषत वार्षिक खर्च १६५४२४ पाइयो भने प्रतिव्यक्ति वार्षिक औषत खर्च २६८९८.३७ रहेको पाइयो । जम्मा वार्षिक कुल आय ४३९२००० पाइयो भने वार्षिक खर्च ३३०८५००० पाइयो भने कुल वार्षिक वचत १०८३५००० रहेको पाइयो, जसमध्ये सबैभन्दा बढी ५०,००० देखि ६०,००० हजारसम्म वार्षिक वचत गर्ने ४२.५ प्रतिशत घरपरिवार सबैभन्दा कम १०,००० देखि २०,००० सम्म वचत गर्ने ३.५ प्रतिशत घरपरिवार रहेको पाइयो ।

अध्ययन क्षेत्रमा ८५.३६ प्रतिशत मानिसहरू बिरामी हुँदा डाक्टरकोमा गए पनि १४.६४ प्रतिशत मानिसहरू अझै पनि धामीझाँक्रीकोमा गएको पाइयो । अझै पनि यस क्षेत्रमा परम्परागत रूढीवादी संस्कार, अन्धविश्वास र पारिवारिक हेलचेक्राइका कारण वर्षेनी शिशु मृत्यु, बालमृत्यु र मातृमृत्यु जस्ता घटनाहरू घटिरहेको पाइयो ।

अध्ययन क्षेत्रमा रहेका सदस्यहरूको तालिमको अवस्थालाई हेर्दा उक्त क्षेत्रमा काम गर्न सक्ने सक्रिय जनशक्ति ५७० जनामध्ये ३७ प्रतिशत ले विभिन्न खालका सीपमूलक तालिम लिएको पाइयो भने ६३ प्रतिशतले तालिम नलिएको पाइयो । अध्ययन क्षेत्रमा सबैभन्दा बढी डकर्मीको तालिम लिएको पाइयो भने सबैभन्दा कम शिक्षक तालिम लिएको पाइयो ।

अध्ययन क्षेत्रको शैक्षिक अवस्थालाई हेर्दा ८५ प्रतिशत मानिसहरू साक्षर रहेको पाइयो भने १५ प्रतिशत मानिसहरू निरक्षर रहेको पाइयो । कुल साक्षर जनसङ्ख्यामध्ये एस.एल.सी.सम्मको शिक्षा हासिल गरेका ७२ प्रतिशत मानिसहरू पाइए भने १३ प्रतिशतले उच्च शिक्षा हासिल गरेको पाइयो ।

अध्ययन क्षेत्रका ५ वर्षदेखि २५ वर्षसम्मका ४५७ बालबालिकाहरूले अध्ययन गर्ने शैक्षिक संस्था सम्बन्धी विवरण हेर्दा ८० घरपरिवारका ४८.५७ प्रतिशत बालबालिकाहरू सामुदायिक विद्यालयमा अध्ययन गरेको पाइयो भने ६० घरपरिवारका २०.७९ प्रतिशत बालबालिका संस्थागतमा र ६० घरपरिवारका ३०.६४ प्रतिशत बालबालिकाहरू दुवै विद्यालयमा अध्ययन गरेको पाइयो भने औपचारिक विद्यालय शिक्षाको उमेर पुगेका सत प्रतिशत बालबालिकाहरू विद्यालयमा भर्ना गराइएको पाइयो ।अध्ययन क्षेत्रको मानव विकास सूचकको अध्ययन गर्दा यहाँको मानव विकास सूचकाङ्क ०.४८१ रहेको पाइयो । UNDP ले तोकेअनुसार ०.०० देखि ०.४९९ सम्म न्यून मानव विकास सूचकाङ्क भनी परिभाषित गरेकाले अध्ययन क्षेत्रमा न्यून मानव विकास सूचकाङ्क रहेको पाइयो ।

## विषयसूची (TABLE OF CONTENT)


पृष्ठ

**सिफारिस पत्र (RECOMMENDATION LETTER)** i

**स्वीकृति पत्र (APPROVAL LETTER)** ii

**कृतज्ञताज्ञापन (ACKNOWLEDGEMENT)** iii

**सारसङ्क्षेप (ABSTRACT)** iv

**विषय सूची (TABLE OF CONTENT)** vi

**तालिका सूची (LIST OF TABLE)** xi

**चित्रसूची LIST OF FIGURE** xii

**सङ्क्षिप्त शब्दावली (ABBREVIATION)** xiii

**अध्याय : एक (CHAPTER ONE)**

**१. परिचय (INTRODUCTION)**

१.१ अध्ययनको पृष्ठभूमि (Background of the Study) १

१.२ समस्याको कथन (Statement of the Problem) ४

१.३ अध्ययनको उद्देश्य (Objectives of the Study) ५

१.४ अनुसन्धान प्रश्न (Research Question) ६

१.५ अध्ययनको महफ्व (Signficance of the Study) ७

१.६ अध्ययनको सीमा (Limitation of the Study) ७

१.७ मुख्य शब्दावलीको परिभाषा (Defination of Key Terms) ८

१.८ अध्ययनको सङ्गठन (Organization of the Study) ८

**अध्याय : दुई (CHAPTER TWO)**

**२. सन्दर्भ साहित्यको पुनरावलोकन** (Review of Related Literature)

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature) १०

२.२ अनुसन्धान साहित्यको पुनरावलोकन (Review of Research Literature) १५

२.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता (Implication of the Review for the Research) २०

२.४ अनुसन्धान अन्तर (Research Gap) २१

२.५ सैद्धान्तिक ढाँचा (Theoretical Framework) २२

२.६ कार्यात्मक ढाँचा (Functional Framework) २३

**अध्याय : तीन (CHAPTER THREE)**

**३. अनुसन्धान विधि र प्रक्रिया (Research Method and Procedure)**

३.१ अनुसन्धान ढाँचा (Research Design) २४

३.२ तथ्याङ्कका स्रोतहरू Sources of Data) २४

३.२.१ प्राथमिक तथ्याङ्कका स्रोतहरू (Primary Sources) २४

३.२.२ द्वितीय तथ्याङ्कका स्रोतहरू (Secondary Sources) २४

३.३ जनसङ्ख्या, नमुना आकार र नमुना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy) २५

३.३.१ जनसङ्ख्या (Population) २५

३.३.२ नमुना आकार Sample Size) २६

३.३.३ नमुना छनोट रणनीति (Sampling Strategy) २६

३.४ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area) २६

३.५ तथ्याङ्क सङ्कलनका औजारहरू Tools of Data Collection) २६

३.५.१ प्रश्नावली (Questionnaire) २६

३.५.२ अवलोकन सूची (Ovservation List) २७

३.५.३ छलफल निर्देशिका (Discussion Guides) २७

३.६ तथ्याङ्क सङ्कलन गर्ने विधिहरू (Techniques of Data Collection) २७

३.६.१ अन्तर्वार्ता (Interview) २७

३.६.२ प्रत्यक्ष अवलोकन (Direct Ovservation) २७

३.६.३ लक्षित समूह छलफल (Focus Group Discussion) २८

३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया (Process of Data Analysis) २८

३.८ नीतिगत प्रावधान (Policy Provision) २८

**अध्याय : चार (CHAPTER FOUR)**

**४. तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण (Analysis and Interpretation of the Data)** **३०**

४.१.१ अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area) ३०

४.१.२ उदयपुर जिल्लाको परिचय (Introduction of Udayapur District) ३०

४.१.३ उदयपुर जिल्लाको भौगोलिक अवस्था (Geographical Condition) ३१
४.१.४ उदयपुर जिल्लाको जनसाङ्ख्यिक अवस्था (Demographic Condition) ३१
४.१.५ उदयपुर जिल्लाको सामाजिक अवस्था (Social Condition) ३२
४.१.६ उदयपुर जिल्लाको सांस्कृतिक तथा धार्मिक अवस्था (Cultural Condition) ३२
४.१.७ उदयपुर जिल्लाको प्रशासनिक अवस्था (Administrtive Condition) ३२
४.१.८ उदयपुर जिल्लाको शैक्षिक अवस्था (Educational Condition) ३३
४.१.९ तहगत आधारमा शैक्षिक अवस्था (Levelwise Educational Condition) ३४
४.१.१० उदयपुर जिल्लाको आर्थिक अवस्था (Economical Condition) ३५
४.२ वेल्टार वसाहा नगरपालिकाको परिचय (Introduction of Beltar Basaha Municiplity) ३६
४.२.१ वेल्टार वसाहा नगरपालिकाको जनसाङ्ख्यिक अवस्था (Demographic Condition) ३६
४.२.२ वेल्टार वसाहा नगरपालिकाको सामाजिक तथा धार्मिक अवस्था (Socio – Cultural Condition) ३७
४.२.३ वेल्टार वसाहा नगरपालिको शैक्षिक अवस्था (Educational Condition) ३८
४.२.४ वेल्टार वसाहा नगरपालिको आर्थिक अवस्था (Economical Condition) ३९
४.३ नमुना छनोट घरपरिवारको जनसाङ्ख्यिकीय अवस्था (Demographic Condition of Sampled Family) ४९
४.३.१ उमेरगत जनसङ्ख्या (Agewise Populatioin) ४९
४.३.२ जातिगत जनसङ्ख्या (Ethnic Population) ४०
४.३.३ धर्मगत विवरण (Religious Details) ४१
४.३.४ भू-स्वामित्व (Land Owenership) ४२

४.४ आर्थिक अवस्था (Economic Coindition) ४३
४.४.१ नमुना छनोट घरपरिवारका सदस्यहरूको पेसागत अवस्था (`Professional status of Sampled Family Members) ४३
४.४.२ स्रोतका आधारमा पारिवारिक वार्षिक आम्दानी (Source wise Annual Income) ४४
४.४.३ पारिवारिक तहगत वार्षिक आम्दानी (Level wise Annual Income) ४६
४.४.४ पारिवारिक क्षेत्रगत वार्षिक खर्च (Sector wise Annual Expenditure) ४८
४.४.५ पारिवारिक तहगत वार्षिक खर्च (Level wise Annual Income) ५०
४.४.६ वचतको अवस्था (Saving Condition) ५०
४.५ शैक्षिक अवस्था (Educational Condition) ५२
४.५.१ नमुना छनोट घरपरिवारको शैक्षिक अवस्था (Educational Status of Sampled Family) ५२
४.५.२ तहगत पारिवारिक शैक्षिक अवस्था (Levelwise Education of the Family) ५२
४.५.३ बालबालिकाहरू अध्ययन गर्ने शैक्षिक संस्था सम्बन्धी विवरण (Details of Educational Institutional Studying Children) ५३
४.५.४ बालबालिकाहरूको स्कुल भर्नादर (School Enrollment of Children) ५५
४.६ मानव विकास सूचक (Human Development Index) ५५
४.६.१ मानव विकास सूचकको न्यूनतम र अधिकतम मुल्य (Minimum and Maximum Value of HDI) ५६
४.६.२ अध्ययन क्षेत्रमा मानव विकास सूचक (HDI in Study Area) ५७
४.६.३ आय सूचकाङ्क (Income Index) ५७
४.६.४ जीवन प्रत्यासा (औषत आयु) सूचकाङ्क (Life Expectancy Index) ५८
४.६.५ शैक्षिक अवस्था सूचकाङ्क (Educational Index) ५९

४.७ नमुना छनोट घरपरिवारमा आर्थिक तथा शैक्षिक प्रभाव (Economic and Educational Effects in Sampled House) ६१
४.७.१ आर्थिक प्रभाव (Economic Effect) ६१
४.७.२ शैक्षिक प्रभाव ( Educational Effect) ६१
४.८ मानव स्रोत विकासको अवस्था (Condition of Human Resource Development) ६२
४.८.१ स्वास्थ्य अवस्था (Healtyh Conditiuon) ६२
४.८.२ स्वास्थ्य संस्था (Health Institute) ६३
४.८.३ विरामी हुँदा जाने ठाउँ (Destinatio of Sickness) ६३
४.८.४ शिशु मृत्युको अवस्था (Infant Mortality Condition) ६४
४.८.५ बालमृत्युको अवस्था (Child Mortality Condition) ६५
४.८.६ मातृमृत्युको अवस्था (Maternal Mortality Condition) ६६
४.८.७ जेष्ठ सदस्यको मृत्यु विवरण (Eldest Member Mortality) ६६
४.८.८ खानेपानीको अवस्था (Condition of Drinking Water) ६७
४.८.९ तालिमको अवस्था (Condition of Training) ६८
४.९ अध्ययनको सारांश (Summary of the Study) ७०

**अध्याय : पाँच (CHAPTER FIVE)**

**निष्कर्ष र सुझावहरू (Conclusion and Recommendations)**

५.१ निष्कर्ष (Conclusion) ७३
५.२ सुझावहरू (Recommendations) ७५
५.२.१ नीतिगत तहमा सुझावहरू (Policy Related Recommendations) ७५
५.२.२ अभ्यास तहमा सुझावहरू (Practice Related Recommendations) ७७
५.२.३ अनुसन्धान तहमा सुझावहरू (Further Study Recommendations) ७७

**सन्दर्भ सामग्री (Refrerences)**

**अनुसूचीहरू (Appendices)**

# तालिका सूची (LIST OF TABLE)


| | | पृष्ठ |
|---|---|---|
| तलिका.४.१ : | उदयपुर जिल्लाको जनसाङ्ख्यीक अवस्था | ३१ |
| तालिका.४.२ : | जिल्लाको ५ वर्ष माथिको शैक्षिक अवस्था (२०६८) | ३३ |
| तालिका ४.३ : | तहगत आधारमा शैक्षिक अवस्था (५ वर्ष माथि) २०६८ | ३४ |
| तालिका ४.४ : | वेल्टार वसाहा नगरपालिकाको जनसाङ्ख्यीक अवस्था : २०७३ | ३७ |
| तालिका ४.५ : | वेल्टार वसाहा नगरपालिकाको शैक्षिक अवस्था | ३८ |
| तालिका ४.६ : | नमूना छनौट घरपरिवारको उमेरगत जनसङ्ख्या (२०७३) | ४० |
| तालिका ४.७ : | नमूना छनौट घरपरिवारको जातिगत जनसङ्ख्या (२०७३) | ४१ |
| तालिका ४.८ : | नमुना छनोट घरपरिवारको धर्म सम्बन्धी विवरण-२०७३४१ | ४२ |
| तालिका ४.९ : | भूमि वितरणको मात्रा-२०७३ | ४२ |
| तालिका ४.१० : | नमूना छनौट घरपरिवारका सदस्यहरूको पेशागत विवरण (१५-६०) उमेर समुह (२०७३) | ४३ |
| तालिका ४.११ : | स्रोतका आधारमा घरपरिवारको वार्षिक आम्दानी आ.व. २०७२/७३ | ४५ |
| तालिका ४.१२ : | घरपरिवारको तहगत वार्षिक आम्दानी आ.व. २०७२/७३ | ४७ |
| तालिका ४.१३ : | क्षेत्रगत रुपमा घरपरिवारको वार्षिक खर्च (आ.व.२०७२/७३) | ४८ |
| तालिका ४.१४ : | तहगत आधारमा घरपरिवारको वार्षिक खर्च विवरण आ.व.२०७२/७३ | ५० |
| तालिका ४.१५ : | घरपरिवारको तहगत वार्षिक बचत आ.व.२०७२/७३ | ५१ |
| तालिका ४.१६ : | तहगत शैक्षिक अवस्था (२०७३) | ५३ |
| तालिका ४.१७ : | शैक्षिक संस्था सम्बन्धि विवरण २०७३ | ५४ |
| तालिका ४.१८ : | बालबालिकाको स्कुल भर्नादर | ५५ |
| तालिका ४.१९ : | न्यूनतम तथा अधिकतम मूल्य | ५६ |
| तालिका ४.२० : | The value of HDI Range From 0-1 | ६० |
| तालिका ४.२१ : | स्वास्थ्य संस्था सम्बन्धी विवरण २०७३ | ६३ |
| तालिका ४.२२ : | नमूना छनौट घरपरिवारका सदस्याहरू विरामी हुँदा जाने ठाँउ | ६४ |
| तालिका ४.२३ : | नमूना छनोट घरपरिवारमा शिशु मृत्युको विवरण | ६४ |
| तालिका ४.२४ : | नमूना छनोट घरपरिवारको बाल मृत्युको अवस्था | ६५ |
| तालिका ४.२५ : | छनोट घरपरिवारको मातृमृत्युको अवस्था | ६६ |
| तालिका ४.२६ : | उमेरगत जेष्ठ सदस्यको मृत्यु विवरण | ६७ |
| तालिका ४.२७ : | नमूना छनौट घरपरिवारको प्रयोग गर्ने खानेपानीको स्रोत | ६८ |
| तालिका ४.२८ : | तालिम प्राप्त तथा अप्राप्त व्यक्तिहरूको विवरण-२०७३ | ६८ |
| तालिका ४.२९ : | तालिम प्राप्त व्यक्तिहरूको तालिमको विवरण-२०७३ | ६९ |

## चित्र सूची (LIST OF PICTURE)


| | | |
|---|---|---|
| चित्र नं.१. | नमुना छनोटमा परेका घरपरिवारका सदस्यहरूको पेसागत विवरण (२०७३) | ४४ |
| चित्र नं.२ | स्रोतका आधारमा पारिवारिक वार्षिक आम्दानी (२०७२/७३) | ४६ |
| चित्र नं.३ | पारिवारिक तहगत वार्षिक आम्दानी (आ.व.२०७२/७३) | ४७ |
| चित्र नं.४ | नमुना छनोटमा परेका घरपरिवारको वार्षिक खर्च (२०७२/७३) | ४९ |
| चित्र नं.५ | नमुना छनोट घरपरिवारका बालबालिकाले अध्ययन गर्ने शैक्षिक संस्था सम्बन्धी विवरण (२०७३) | ५४ |

## सङ्क्षिप्त शब्दावली (ABBREVIATION)

| | | |
|---|---|---|
| आ.व | = | आर्थिक वर्ष |
| न.पा. | = | नगरपालिका |
| जि.वि.स. | = | जिल्ला विकास समिति |
| वि.स. | = | विक्रम सम्वत |
| प्रा.वि. | = | प्राथमिक विद्यालय |
| नि.मा.वि. | = | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | = | माध्यमिक विद्यालय |
| उ.मा.वि. | = | उच्च माध्यमिक विद्यालय |
| आ.स. | = | आर्थिक सर्वेक्षण |
| कि.मि. | = | किलोमिटर |
| HDI | = | Human Development Index |
| UNDP | = | United National Development Programme |
| ALI | = | Adult literacy Index |
| SENI | = | Schoool Enrollment Number Index |
| EAI | = | Educational Attainment Index |
| LEI | = | Life Expectation Index |
| PPP | = | Purchasing Power Parity |

# अध्याय :एक (CHAPTER: ONE)

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभुमि (Background of the Study)

सामान्यतया मानव संसाधन (human resource) भन्नाले कुनैपनि मुलुकको जनसंख्याको शारीरिक र मानसिक गुण एंवम परिणाम (Physical and mental quality and quantity) लाई बुझिन्छ । उत्पादनका विभिन्न साधनहरू मध्ये मानव साधन नै त्यस्तो साधन हो । जसले अन्य साधनहरू जस्तैः- भूमि, पुँजी, प्रविधिलाई चलायमान बनाउँछ । मानव साधनका अभावमा मुलुक भित्रका प्राकृतिक एंवम् भौतिक साधन स्रोतहरू निष्क्रिय हुन पुग्दछन् । त्यसैले मानव साधन जनसंख्याको xiii जसले सक्रियताका साथ आर्थिक क्रियाकलापमा हिस्सा लिन सक्छ । सम्बन्धमा मानव विकास प्रतिवेदन १९९५ ले यस्तो धारणा राखेको थियो "मुलुकको वास्तविक सम्पत्ती भनेकै उसका जनता हुन् जनताहरूलाई दिर्घायु स्वस्थ र सिर्जनशील जीवन बाँच्न सहयोग गर्ने वातावरणको निर्माण गर्नु नै मानव विकासको उद्देश्य हो (भट्ट, २०६९) ।

यदि कुनैपनि देशमा दक्ष सिपयुक्त र स्वस्थकर मानिसहरू छन् भने उनिहरूले देशको चौतर्फी विकासमा योगदान दिन सक्छन् भन्ने मान्यताका आधारमा मानव संसाधन विकासको दृष्टिकोण आएको पाइन्छ । मानव संसाधन विकास गर्नु कुनैपनि देशका नागरिकहरूको ज्ञान, सिप, योग्यता, क्षमतामा वृद्धि गरि देशको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक, प्राविधिक जस्ता विकासमा विभिन्न पक्षहरूमा उनिहरूलाई सक्षम बनाउने पद्धति हो । यस्ता विविध पक्षहरूमा हुने विकास त्यस देशको मानवीय संसाधनमा भर पर्दछ । आजको २१ औं शताब्दीको विश्वसंसार विज्ञान र प्रविधिमा चलेको छ । जुन देश विज्ञान र प्रविधिमा कमजोर छ त्यस देशको विकासको अवस्था पनि कमजोर र पछाडी परिरहेको छ । कुनैपनि देशको विकास गर्न मानव संसाधन विकास हुन अत्यन्त आवश्यक छ जसले देशलाई चाहिने योग्य र दक्ष जनशक्ति उत्पादन गर्दछ (अधिकारी, २०७१) ।

आर्थिक विकासका लागि महफ्वपूर्ण साधन मानव साधन हो किनभने देशको उन्नती गर्ने प्रक्रिया तथा प्रवृत्ति मानिसकै हातमा रहेको हुन्छ । निष्क्रिय उपलब्ध प्राकृतिक साधनहरूको परिचालन गर्ने सक्रिय साधन मानव जाति नै हो । विभिन्न युगको विश्व सभ्यताको निर्माण

र पतनको श्रेय मानवलाई प्राप्त छ । मानव साधन कुनैपनि देशको आर्थिक र औद्योगिक विकासको सर्वाधिक महफ्वपूर्ण साधन मानिन्छ । मानव साधन उत्पादनको एउटा साधन मात्र होइन साध्य पनि हो । मानवीय साधन र आर्थिक विकास एकअर्कासँग अभिन्न रहेको हुन्छ । जुन देशमा शारीरिक तथा मानशिक रुपबाट सक्षम, सवल र कुशल मानवीय साधन उपर्युक्त संख्यामा हुन्छ । त्यसै देशमा उत्पादनशिल क्रियाहरूको विकास र विस्तार हुन गइ आर्थिक विकासको दरमा वृद्धि हुन्छ । उत्पादनशिल क्रियाकलापमा हिस्सा लिएर आर्थिक विकासको दर उच्च बनाउनमा मानवीय साधनकै आवश्यक पर्दछ । गुणस्तरयुक्त र विविध ज्ञान, सीप तथा कुशलताले युक्त जनशक्तिलाई मानवीय पुँजी भनिन्छ । देशमा मानवीय पुँजी निर्माण हुन सकेमा त्यसलाई अर्थतन्त्रमा पुँजीनिर्माणको दर, उत्पादनको परिणाम, तथा आर्थिक विकासको दर उच्च बनाउनमा प्रयोग गरिन्छ । आर्थिक विकासको प्रक्रियामा जनशक्ति एंवम मानवीय साधनको महफ्व केवल त्यसकारण मात्र होइन की यसलाई उत्पादनको एक अत्यावश्यक साधनका साथै मानव विकासको उद्देश्य वा साध्य पनि हो । भौतिक पुँजीमा गरेको लगानीले तत्काल, प्रतिफल दिने भएतापनि मानवीय पुँजीमा गरिएको लागानीले वर्तमान समयमा प्रतिफल नदिएतापनि भविष्यमा यसभन्दा पनि बढि प्रतिफल दिने गर्दछ । मानवीय पुँजीमा विकास नभइकन भौतिक पुँजीलाई उत्पादनशिल ढंगबाट उपयोग गर्न सकिदैन । मानवीय साधन आर्थिक विकासको सबभन्दा महफ्वपूर्ण घटक हो (हाडा, २०६८) ।

मानिसको गुणस्तरीय जीवन हुनका लागि मानव विकास हुनुपर्दछ । मानव विकासका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, खाद्यान्नको पर्याप्त परिपुर्ती वासस्थानको पुर्ण व्यवस्था जनसंख्याको उपर्यूक्त आकार, रोजगारी, आवश्यक पोषणको परिपुर्ती वातावरण सन्तुलन जस्ता मानव विकासको शर्तहरूको पुरा हुनुपर्दछ । मानिसको जीवन गुणस्तरिय वा गुणस्तरहिन छ भन्ने थाहा पाउन यसको मापनका लागि मानव विकास सूचक (HDI) एक महफ्वपूर्ण मानिन्छ । मानव विकास का माध्यामबाट देशका नागरिहरूको गुणस्तरिय जीवनको मापन गर्नका लागि संयुक्त राष्ट्रसंघिय मानव विकास कार्यक्रम UNDP ले सन् १९९० मा मानव विकास सूचकको निर्माण गरेको थियो । मानव विकास सूचक (HDI) अनुसार राम्रो जीवनको लागि आम्दानी, शिक्षा र जीवन प्रत्यासालाई ३ समुहमा विभाजन गरी हरेक क्षेत्रका लागि ० देखि १ को स्केल निर्माण गरी मापन गरिन्छ । स्केल निर्माण गर्दा ०.० देखि ०.५ सम्म न्यून मानव विकास ०.५१ देखि ०.७९ सम्म मध्यम मानव विकास र

०.७९ देखि १ सम्म उच्च मानव विकास भएको मानी प्रत्येक स्केलबाट प्राप्त नतिजालाई यसरी निर्माण गरिएको स्केलसँग तुलना गरी देशका नागरिकहरूको गुणस्तरिय जीवनको मापन गरिन्छ । दीर्घायु र स्वस्थ जीवन ज्ञान र सूचना सम्मको पहुँच र उच्च आय स्तरले मानव जीवनका सवैभन्दा महफ्वपूर्ण एंवम आधारभूत छनौटहरूको प्रतिनिधित्व गर्दछन । यदि मानिसहरूले यि आधारभूत छनौटहरूको प्राप्ति गरेका हुन्छन् भने उनिहरूले अन्य अवसरहरूको प्राप्ति एंवम उपयोग गर्न सक्ने क्षमता पनि राख्दछन भन्ने मान्यता मानव विकास अवधारणाले राखेको छ (ज्ञवाली, पौडेल, २०६९) ।

जनसंख्या नै श्रमशक्तिको पुर्तिको आधार हो । तर सम्पूर्ण जनसंख्यालाई श्रमशक्ति मानिदैन । जनसंख्याको सक्रिय भागलाई मात्र श्रमशक्ति भनिन्छ । त्यस दृष्टिकोणले १५ देखि ६० वर्ष भित्रका पुरुष र महिलाको संख्या नै श्रमशक्ति हो । जुन उत्पादन कार्यमा प्रत्यक्ष रुपमा सहभागी हुन्छन । यदि सक्रिय जनसंख्या र आश्रीत जनसंख्याको अनुपात स्थिर छ भने जनसंख्यामा वृद्धि हुँदा श्रमशक्तिमा पनि वृद्धि हुन्छ । गुणस्तरयुक्त मानव संसाधनको विकासबाट मुलुकमा विद्यमान गरिबीलाई घटाउन र आर्थिक वृद्धिदर हासिल गर्न ठूलो सहयोग पुग्दछ (पौडेल, २०७१) ।

संगठनात्मक लक्ष्यका सन्दर्भमा संगठनको मानव संसाधन आवश्यकताको मूल्यांकन गर्न र सक्षम एंवम स्थायी वहाली राख्ने निश्चितता गर्नका लागि योजना बनाउने प्रक्रिया मानव संसाधन योजना हो । मानव संसाधन योजना रणनीतिले संगठनको मानव संसाधन बारे दिशाबोध र कार्य क्षेत्र निर्धारण गर्दछ । लक्ष्यहरू हासिल गर्न बृहत कार्ययोजना तर्जुमा गर्दछ । यसले प्रतिस्पर्धात्मक लाभहरूको खोजी गर्दछ । नेपाली समाजमा मानव संसाधन योजना तर्जुमा गर्ने कमजोर परिपाटी रहेको छ । नेपाली व्यवस्थापकहरूको सोचाइमा यो प्राथमिकताको विषय रहेको छैन । धेरै जसो संगठनमा मानव संसाधनको अभावले गर्दा ठिक प्रकारका कर्मचारी ठिक ठाँउमा हुदैनन् । सरकारी कार्यालयहरूका लागि मानव संसाधन योजना तर्जुमा गर्ने कार्यमा राष्ट्रिय योजना आयोगले चासो देखाएको छैन । सार्वजनिक संस्थाहरूमा सरकारी हस्तक्षेपले गर्दा मानव संसाधन योजना तर्जुमा गर्ने कार्य कठिन रहेको छ । निजी क्षेत्रका धेरैजसो संगठनहरूले मानव संसाधन योजनालाई खासै महफ्व दिएका छैनन । नातागोता आफन्त र साथीभाइहरूलाई रोजगार दिन रुचाउने गर्दछन् जसले गर्दा मानव संसाधनको उचित व्यवस्थापन भएको पाइदैन (अग्रवाल, २०७१) ।

आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा मानवीय संसाधनको ठूलो महफ्व हुन्छ । मानिसको इच्छा सीप सामार्थ्यले नै विकसित देशको आर्थिक तथा सामाजिक विकास तिब्र हुन गएको हो । गुणात्मक मानवीय साधन नभएका देश गरिबीको जालमा बस्न वाध्य भएका छन् । कुनैपनि देशको उचित जनसंख्या त्यहाँका लागि धन हुन जान्छ भने व्यवस्थित गर्न नसकिएको जनसंख्या ऋण हुन जान्छ । जनसंख्या कुनैपनि देशको पुँजी मात्र होइन दायित्व पनि हो । विकसित देशमा मानवमा गरिएको लगानी नै देश विकासको प्रमूख कारण रहेको छ । तर विकासोन्मुख देशमा द्रुततर विकासको चुनौतिको सामना गर्न र मानिसको सामार्थ्य बढाउनका लागि लगानी हुन सकिरहेको छैन पुर्वी एशियाली देशको तिब्र आर्थिक विकासले मानवीय साधनलाई विकासको एक शक्तिशाली यन्त्रको रुपमा पुष्टि गर्दछ । शिक्षा र तालिममा ध्यान केन्द्रित गरेका जापान तथा कोरिया जस्ता देशले मानव विकास तथा आर्थिक वृद्धि तर्फ एथेष्ट प्रगति गरेका छन्  भन्ने कुरा विश्वविकास प्रतिवेदन १९९१ ले देखाएको छ (दाहाल, २०६७) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

देशको चौतर्फी विकास गर्नका लागि मानव संसाधनको विकास हुनुपर्दछ । देशको योग्य, दक्ष, स्वस्थ मानव संसाधन त्यस देशको वास्तविक पुँजी हुन्छ । अशिक्षित अस्वस्थ जनसंख्या देशका लागि मात्र होइन स्वयम् आफ्ना लागि पनि समस्या हुन्छ । त्यसकारण मानव संसाधन विकासका लागि सरकारले शिक्षा, स्वास्थ्य (शुद्ध खानेपानी, पौष्टिक आहार) र तालिम प्रदान गर्न लगानी गर्नुपर्दछ । लगानी नै देश विकासको प्रमुख कारण हो, तर विकासोन्मुख देशमा द्रुततर विकासको चुनौतीको सामना गर्न र मानिसको सामार्थ्य बढाउनका लागि लगानी हुन सकिरहेको छैन  विशेष गरि ग्रामिण क्षेत्रमा महिला तथा अन्य पिछडीएको क्षेत्र, वर्ग समुदायमा विकासको  प्रयास पुग्न नसक्दा नेपालमा मानव संसाधन  विकासले अपेक्षित गति लिन सकिरहेको छैन ।

तसर्थ  विगत केहि वर्ष देखि कतिपय प्राविधीक एवम् व्यवस्थापकिय सिप क्षमता भएका जनशक्ति  वैदेशिक रोजगारका लागि  विदेश पलायन हुने क्रम बढ्दो गतिमा छ । यसरी एकातर्फ विदेशिनु परेको कारण देशमा माग भएको जनशक्ति र विकास निर्माणका कार्यमा आवश्यक जनशक्ति विचमा तालमेल भएको छैन यसर्थ नेपालमा विश्व बजारमा प्रतिस्पर्धा

गर्न सक्ने र देशको परिवर्तीत आवश्यकता बमोजिम सुहाउँदो जनशक्तिको संख्यात्मक र गुणात्मक क्षमता विकास क्षमता विकास गर्न सरकार केन्द्रित हुन आवश्यक देखिन्छ ।

सरकारले मानव स्रोत विकास गर्न शिक्षा, स्वास्थ्य खानेपानी जस्ता कुराहरुमा लगानी त गर्छ तर यसको उचित ठाउँमा प्रयोग र व्यवस्थापन भएको छ वा छैन सरकारले लगानी गरेका क्षेत्रहरुले मानिसको आर्थिक स्थिति, शैक्षिक स्थिति, स्वास्थ्य स्थिति जस्ता कुराहरुमा सकारात्मक परिवर्तन ल्याएको छ वा छैन अध्ययन अनुसन्धान भएको पाइदैन । देशका सम्पूर्ण क्षेत्रका मानिसहरुमा सरकारले गरेको लगानीले मानव संसाधन विकासमा समान किसिमको प्रभाव पारेको छ वा छैन अध्ययन गर्न जरुरी छ । तसर्थ उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिका भित्रका मानिसहरुमा मानव स्रोत विकासले शैक्षिक, आर्थिक र स्वास्थ्य स्थितीमा सकारात्मक प्रभाव पारेको छ वा छैन भन्ने कुराको खोजी गर्नु नै मेरो अध्ययनको केन्द्रविन्दु रहेको छ ।

## १.३ अध्ययनको महफ्व (Importance of the Study)

देशको आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा मानवीय संसाधनको अत्यन्तै ठूलो महफ्व हुन्छ । मानिसको इच्छा, सिप र सामार्थ्यले नै विकसित देशको आर्थिक सामाजिक र शैक्षिक विकास तिब्र हुदै गएको हो । अल्पविकसित देशहरूमा देशको द्रुततर विकास गर्न र मानिसको सामार्थ्य बढाउनका लागि उचित लगानी हुन सकिरहेको छैन जसको कारणले जनशक्ति र साधनहरू खेर गइरहेका छन । गुणात्मक मानवीय साधन नभएको देश गरिविको जालमा फस्न वाध्य भएका छन । पर्याप्त जनशक्ति हुनुमात्र देश विकासका लागि पर्याप्त हुदैन यसका लागि मानवीय साधनको राम्रो व्यवस्थापन र सदुपयोग गर्नु पर्दछ ।

नेपालमा पनि पर्याप्त जनशक्ति र पर्याप्त मात्रामा प्राकृतिक सम्पदाहरू हुदाहुदैपनि कयौ मानिसहरू अदक्ष छन । कयौ मानिसहरू काम नपाई बेरोजगारी हुनुपरेको छ भने दक्ष मानिसहरूको पनि प्रतिभा पलायन भइरहेको अवस्था छ । प्राकृतिक साधनहरू पुर्णरुपमा सदुपयोग नभइ खेर गइरहेको वर्तमान अवस्थामा मानव संसाधन विकास गर्न यसको अध्ययन महफ्वपुर्ण रहेको छ । यो अध्ययनले सम्पुर्ण नेपालभरका मानिसहरूको अवस्था प्रकाश पार्न नसकेपनि उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिका वडा नं. २ भित्रका मानिसहरूको जानकारी लिन सकिन्छ ।

१. यस अध्ययनले मानव स्रोत विकासले शैक्षिक तथा आर्थिक विकासमा कस्तो प्रभाव पारेको छ अध्ययन गर्नका लागि सहयोगी बन्न सक्छ ।

२. मानव संसाधन विकासका क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था सरकारी गैरसरकारी क्षेत्र संस्थामा काम गर्ने मानिसहरूका लागि मानव संसाधन विकासका कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन सहयोग बन्न सक्छ ।

३. राज्यले मानव विकासका लागि गर्दै आएका विभिन्न योजना र कार्यक्रमहरू र उक्त कार्यक्रमबाट प्राप्त प्रतिफल कस्तो रहेको छ भन्ने थाहा पाउन यो अनुसन्धानले सहयोग गर्दछ ।

४. यस क्षेत्रमा मानिसहरूको शैक्षिक, आर्थिक सामाजिक अवस्था पत्ता लगाइ मानव विकास सूचकांक निकालिने हुनाले राष्ट्रिय स्तरमा मानव विकास सूचक निकाल्न सहयोगी बन्छ ।

५. त्रिभुवन विश्वविद्यालयबाट गरिने विभिन्न क्षेत्रको अनुसन्धान जस्तैः- मानव स्रोत विकासका क्षेत्रमा गरिएको अध्ययन तथा अनुसन्धानबाट प्राप्त जानकारीका वा नतिजाका आधारमा सरकारी निकायलाई सम्बन्धित विषयमा जानकारी गराउन सहयोग पुग्छ ।

## १.४ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य मानव स्रोत विकासले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव सम्बन्धि अध्ययन गर्नु हो । यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्न छन् -

१. मानव स्रोत विकासको अवस्था पत्ता लगाउनु ।

२. मानव स्रोत विकासले मानिसहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु ।

३. मानव विकास सूचकाङ्कको गणना गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न (Research Questions)

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार रहेका छनः-

१. के अध्ययन क्षेत्रका मानिसहरूको शैक्षिक स्तर राम्रो छ होला ?

२. के अध्ययन क्षेत्रका मानिसहरूको आर्थिक अवस्था सबल होला ?

३. के अध्ययन क्षेत्रका मानिसहरूको प्रतिव्यक्ति आय उच्च होला ?

४. के अध्ययन क्षेत्रको मानव विकास सूचकाङ्क राम्रो होला ?

## १.६ अध्ययनको सिमा (Limitation of the Study)

अनुसन्धान आफैमा एक जटिल महफ्वपूर्ण धेरै समय श्रम र आर्थिक पक्षको आवश्यकता पर्ने कार्य हो । यसर्थ तोकिएको शिर्षकको सम्पूर्ण पक्षलाई अध्ययनमा समेट्न नसकिने हुँदा यसलाई निश्चित क्षेत्रमा निर्धारण गरी सिमितिकरण गर्न आवश्यक पर्न गएकोमा यस अध्ययनलाई उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिका वडा नं. २ का मानिसहरूमा मात्र अध्ययनको शिर्षकलाई सिमितिकरण गरिएको छ ।

यस अध्ययनका सिमाहरू निम्नानुसार रहेका छन् -

१. यस अध्ययनमा उदयपुर जिल्लाको वेल्टार वसाहा नगरपालिकालाई अध्ययनको क्षेत्र मानिएको छ ।

२. यस अध्ययनमा उदयपुर जिल्लाको वेल्टार वसाहा नगरपालिका वडा नं. २ भित्रका ६८० घरपरिवार मध्ये २०० घरपरिवारलाई मात्र अध्ययन क्षेत्रमा समेटिएको छ ।

३. यो अध्ययन यस अध्ययन क्षेत्रका मानिसहरूको शैक्षिक आर्थिक स्थिति र मानव स्रोत विकासको अवस्थामा ध्यान केन्द्रित गरिएको छ ।

४. यस अध्ययनमा प्रश्नावली र अन्तरवार्ताका माध्यामबाट तथ्याङ्क संकलन गरिएको छ ।

५. तथ्याङ्क सङ्कलन गर्दा अन्तिम ५ वर्षको समयावधीलाई लिइएको छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा (Difination of the Key terms)

यस अध्ययनको क्रममा प्रयोग भएका मुख्य शब्दावली र तिनको परिभाषा निम्नानुसार रहेको छ :

मानवस्रोत : मानवीय संसाधन

जनसङ्ख्या : अनुसन्धानकर्ताको लागि छनोट गरिएको सम्पूर्ण मानिसहरूको समूह ।

सक्रिय जनसङ्ख्या : १५ वर्षदेखि ५९ वर्ष उमेर समूहका आय आर्जन गर्न सक्ने जनसङ्ख्या

साक्षर : लेखपढ गर्न सक्ने ।

निरक्षरः लेखपढ गर्न नसक्ने ।

सक्षम : कुनै पनि कार्यका लागि तयारी ।

योगदान : कुनै पनि कार्यमा लगानी गर्नु ।

पहुँच : कुनै पनि कुराको प्राप्ति ।

अन्तर्वार्ता : दुई वा दुईभन्दा बढी व्यक्तिहरू बीच आमने सामने बसेर गरिने कुराकानी ।

नमुना : ठूलो जनसङ्ख्याबाट केही एकाईहरू छनोट गर्ने प्रक्रिया ।

नमुना छनोट : ठूलो समूहबाट केही एकाईहरू छनोट गर्ने प्रक्रिया ।

प्रत्यक्ष अवलोकन : अनुसन्धानकर्ता आफै अध्ययन क्षेत्रमा गई गरिएको अवलोकन ।

## १.८ अध्ययनको सङ्गठन (Organization of the Study)

यस अध्ययनलाई पाँच अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा परिचय खण्ड रहेको छ । यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महफ्व, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्नहरू, अध्ययनको सीमाहरू, मुख्य शब्दावलीको परिभाषा राखिएको छ । अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा रहेको छ जसमा सैद्धान्तिक साहित्यको पुनरावलोकन, पूर्व साहित्यको समीक्षा, साहित्यको समीक्षाको प्रयोग, अनुसन्धान अन्तर, सैद्धान्तिक ढाँचा र कार्यात्मक ढाँचालाई प्रस्तुत गरिएको छ । त्यस्तै अध्याय तीनमा अनुसन्धान विधि र प्रक्रियाहरू उल्लेख गरिएको छ जसमा अनुसन्धान ढाँचा,

तथ्याङ्कको स्रोत, जनसङ्ख्या नमुनाको आकार, नमुना छनोट रणनीति, अध्ययन क्षेत्रको परिचय, तथ्याङ्क सङ्कलनको साधन, तथ्याङ्क सङ्कलनका औजारहरू नीतिगत प्रावधानहरूलाई प्रस्तुत गरिएको छ । अध्याय चारमा तथ्याङ्कको व्याख्या विश्लेषण र सारांशलाई प्रस्तुत गरिएको छ भने अध्याय पाँचमा निष्कर्ष तथा सुझावहरू रहेको छ । यससँगै अध्ययनको सिलसिलामा उपयोगमा ल्याइएका अनुसूचीहरू तथा सन्दर्भसूचीहरू समावेश गरिएको छ ।

# अध्यायः दुई (CHAPTER: TWO)

## २. सन्दर्भ साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा (Review of Related Literature and Theoretical Framework)

यस अध्यायमा अनुसन्धान विषय सँग सम्बन्धित विभिन्न प्रकाशित अप्रकाशित लेख रचना तथा साहित्यको पुनरावलोकन गरिएको छ । यस सन्दर्भ साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा शिर्षक अन्तर्गत सैद्धान्तिक साहित्यको पुनरावलोकन, सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा, अनुसन्धान अन्तर र कार्यात्मक ढाँचा जस्ता उपशिर्षकलाई प्रस्तुत गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

कोइराला, (२०६५) का अनुसार मानवीय स्रोत र साधनको आवश्यकता तथा उपलब्धतालाई हेरेर व्यवस्थापकिय कार्य योजना बनाउनु पर्दछ । कुनैपनि योजना निर्माण पुर्व उक्त योजनलाई आवश्यक पर्ने जनशक्ति छ वा छैन सो जुटाउन सकिन्छ सकिदैन सो ख्याल गर्नुपर्दछ । लगानी गर्दा कति खर्चिलो छ सो समेत ख्याल गर्नु पर्दछ । संगठन संचालन गर्नै क्रममा आफ्नो संघसस्थाबाट उत्पादित जनशक्ति खपत हुन्छ हुदैन कुन स्तरको जनशक्ति के कति मात्रामा आवश्यक पर्दछ सो विश्लेषण गरेर मात्र जनशक्ति उत्पादन गर्न लगानी गर्न राम्रो हुन्छ । जुन जनशक्ति वेरोजगार छन् त्यस्तै जनशक्ति विद्यालय, कलेज, तालिम केन्द्रबाट उत्पादन गर्ने हो भने त्यसको खास अर्थ हुदैन । आज नेपालको शैक्षक उत्पादनको अवस्था पनि वेरोजगार जन्माउने केन्द्र जस्तै भएको छ । यसवारे समयमा सचेत र सर्तक बन्न जरुरी छ । भएका मानवीय स्रोतको सहि परिचालन गर्नु व्यवस्थापकको महफ्वपूर्ण जिम्वेवारी हो । जबसम्म संगठनमा कार्यरत मानवीय साधन हुदैन तवसम्म प्रभावकारी संगठनको कल्पना पनि गर्न सकिदैन यसर्थ मानवीय सम्बन्धको दुष्टिकोणलाई व्यवस्थापकको सधै ख्याल गर्नुपर्दछ । जवसम्म व्यक्ति कार्यक्षेत्रमा पूर्ण सन्तुष्टि हुदैन । तबसम्म उसको कार्यमा स्तरियता आउदैन । तसर्थ व्यक्तिले गरेका कार्यको विश्लेषण निष्पक्ष ढंगले नियमित रुपमा गर्नु पर्दछ ।

घिमिरे (२०६८) का अनुसार मानव संसाधन आर्थिक विकासको एक प्रमूख आधार हो । गुणस्तरयुक्त मानव संसाधनको विकासवाट मुलुकमा विद्यमान गरिवीलाई घटाउन र आर्थिक

वृद्धिदर हासिल गर्न ठुलो सघाउ पुग्ने हुन्छ दक्ष जनशक्तिको माध्यामबाट नीजि एंवम सरकारी क्षेत्रको स्तर उत्पादकत्वमा वृद्धि हुने क्षेत्रिय एंवम अर्न्तराष्ट्रिय श्रमवजारमा पहुचको विस्तार भइ वैदेशिक रोजगारी र रेमिटान्समा समेत अभिवृद्धि सुनिश्चित हुने भएकाले अर्थतन्त्रमा समष्टिगत रुपमा सकारात्मक प्रभाव पार्ने छ । नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ जनसंख्यामध्ये उत्पादकत्व कार्य गर्ने सक्षम १५ देखि ६० वर्ष) को जनसंख्या करिव ५७ प्रतिशत छ। युवा जनसंख्या (१५ - २९) को संख्या करिव २७ प्रतिशत रहेको छ। तसर्थ मानव संसाधन विकासको सन्दर्भमा आर्थिक रुपले, क्रियाशिल जनशक्ति र खासगरी युवा जनंसंख्याको गुणस्तर वृद्धि गर्ने अति आवश्यक छ । यसको निमित्त उपयुक्त शिक्षा प्राविधिक एंवम व्यवसायिक तालिम स्वास्थ्य सम्वर्द्धन गर्ने निजी सरकारी क्षेत्रको संयुक्त प्रयास आवश्यक छ।

भट्ट, (२०६९) का अनुसार मानिसमा अन्तरनिहित शारीरिक एंवम मानसिक गुण अभिवृद्धि गर्नु मानव संसाधन विकास हो । उच्च शारीरिक एंवम मानसिक क्षमतायुक्त मानिसहरूले विकास निर्माणका कार्यहरूलाई कुशलतापुर्वक सम्पन्न गर्न सक्ने क्षमता राख्दछन । मानव संसाधन विकासका दुई स्पष्ट आयामहरू हुन्छन । सुदृढ स्वास्थ्य, ज्ञान र सिप विकास मार्फत मानव साधनको क्षमता विकास र मुलुकको आर्थिक, सामाजिक, राजनितिक एंवम सांस्कृतिक उत्थानका लागि उच्च क्षमतायुक्त मानव साधनको उपयोग यी दुई आयामहरूको संयुक्त रुप नै मानव संसाधन विकास हो। प्रथमतः मानव संसाधन विकासका लागि मानिसहरूको शिक्षा, स्वास्थ्य तथा सिपमा सुधार गरिनु पर्दछ । मानव संसाधन विकासका लागि संख्यामा जोड नदिएर गुणको स्तर अभिवृद्धिमा जोड दिनुपर्दछ । तसर्थ मानव संसाधन विकासका लागि पहिला स्वास्थ्य, शिक्षा पोषण, तालिम, जागिरको सूचना प्रवाह आदि पक्षमा सुधार गरिनुपर्दछ । दोस्रोः आयममा चाँहि उच्च क्षमतायुक्त मानव संसाधनलाई विभिन्न आर्थिक, सामाजिक एवमं सांस्कृतिक उद्देश्यहरू प्राप्त गर्नका लागि प्रयोग गर्नुपर्दछ।

अग्रवाल, (२०७१) का अनुसार मानव संसाधन व्यवस्थापनको केन्द्रविन्दु मानिस हो । संगठनका लक्ष्यहरू प्राप्त गर्नका लागि मानव संसाधन महफ्वपूर्ण हुन्छ । कर्मचारीको कार्यसम्पादनमा संगठनको प्रभावकारीतामा भर पर्दछ । मानिसहरूमा शक्ति, शारीरिक बल हुन्छ । काम गर्नका लागि  क्षमता हुनुपर्दछ क्षमता भनेको ज्ञान, सिप, मनोवृति र विकसित हुने सम्भावना हो । शारीरिक शक्ति र मानसिक क्षमताको संगम भएपछि मात्र मानिसहरू

मानव संसाधन बन्दछन् । मानव संसाधन विकास संगठनमा कार्यरत कर्मचारीको क्षमता विकास सँग सम्बन्धित हुन्छ । यसले संगठनका उद्देश्यहरू प्राप्त गर्न क्षमतावान मानव संसाधन सुनिश्चित गर्दछ । मानव संसाधन विकास गर्नु सबै तहका व्यवस्थापकहरूको हो । यो निरन्तर चलिरहने प्रक्रिया हो ।

Sodhi T.S., (1985) का अनुसार मानव स्रोत विकास एउटा यस्तो कार्य हो, जसले कामदारको व्यक्तिगत क्षमताको विकास संगठनात्मक सिपको विकास, ज्ञान वृद्धि गर्नु साथै व्यक्तिहरूमा विभिन्न किसिमको तालिम कार्यशैलीको व्यवस्थापनमा सहयोग गर्दै एउटा सफल योजनाबिद्ध बनाउन सहयोग गर्दछ । मानिसको काम गर्न क्षमता, सिप, ज्ञान र धारणा विकास गर्ने तत्सम्बन्धि अध्ययनलाई मानव संसाधन विकास भन्न सकिन्छ । मानव संसाधन विकासको क्षेत्र व्यापक छ । नयाँ पुराना सम्पुर्ण कर्मचारीको लागि मानव संसाधन विकासको आफ्नै महफ्व हुन्छ ।

दाहाल, (२०६७) का अनुसार श्रमशक्तिको कुशलतामा वृद्धि भएमा राष्ट्रिय तथा प्रतिव्यक्ति आम्दानीमा वृद्धि हुन्छ । मानवीय संसाधन भनेको देशको सबै जनताको ज्ञान कुशलता तथा क्षमताहरूबढाउने प्रक्रिया हो । जसमा शिक्षा स्वास्थ्य तथा अन्य सामाजिक सेवामा गरिएको खर्च समावेश हुन्छ । शिक्षा, तालिम, स्वास्थ्य, सुधार तथा अनुसन्धानमा गरिएको खर्चले जनसंख्याको गुण बढाएर उत्पादकत्वमा योगदान पुऱ्याउछ । यि खर्चले निरन्तर प्रतिफल दिने गर्दछ । मानवीय साधनका दुइ पक्षहरू छन्, परिमाणात्मक पक्ष र गुणात्मक पक्ष, परिमाणात्मक पक्षमा कुल जनसंख्या उपयोगी काममा लाग्नेको अनुपात, काम गरेको घण्टा आदि विशेषता हुन्छन् । यस्ता श्रमशक्तिमा अदक्ष श्रमिकहरूहुन्छन् । सिप, ज्ञान, शिक्षा आदि मानवीय साधनका गुणात्मक तत्वहरू हुन् । यि तत्वहरूले उत्पादनशिल कार्य गर्नमा मानवीय क्षमतालाई असर पार्दछ । वास्तवमा मानवीय संसाधनको गुणात्मक पक्षसँग बढी सम्बन्ध छ ।

शर्मा, (२०६७) का अनुसार ठूला-ठूला मेसिन, औजार, उपकरण देखि लिएर सामान्य खेतिपातिका लागि प्रयोग गरिने कुटो, कोदालो समेत मानवीय, सिप, क्षमताकै उपज हुन । मानिसहरूले आफ्नो काम, सजिलो सरल र किफायती बनाउदै लैजान अनेकौ किसिमका प्राविधिक आविष्कारहरू गरिरहेका छन् । विकसित देशका जनताहरूले आफ्नो वर्तमानको उपभोग स्तर कम गर्दै भविष्यका लागि समेत उच्च दरमा पुँजी निर्माण गरिरहेका छन् । यस्ता पुँजी निर्माणले विकसित राष्ट्रहरूको भविष्य समेत उज्वल देखिन गएको छ ।

विकासशिल देशहरूमा पुँजिनिर्माणको दर अत्यन्त मन्द रहेपनि, त्यस्ता देशहरूमा पुँजी निर्माणको आधार भने जनस्रोत नै हो । प्राकृतिक साधन, स्रोत उपलब्ध प्रविधि तथा सिप पुँजीगत क्षमताका आधारमा यदि जनसंख्या न्यून हुन्छ भने प्रतिव्यक्ति आय अधिकतम हुन नसक्ने र प्रतिव्यक्ति आय अधिकतम हुन नसक्दा व्यक्तिहरूको जीवनस्तर उच्चतम विन्दुमा नपुग्ने हुन्छ । दिगो विकासका लागि मानवीय स्रोत अधिक सक्षम, सबल र प्रभावकारी बन्दै जानु पर्दछ ।

शर्मा, (२०६७) मानवीय साधनले अन्ततः सम्पूर्ण भौतिक साधनहरू परिचालन गर्ने हुँदा मानवीय स्रोत विकासका लागि १९८० को दशकपछि, विशेष महफ्व प्रदान गर्न थालियो । मानवीय स्रोतको आधार जनसंख्या हुने भएपनि यदि जनसंख्याको आकार वञ्चित सिमा भन्दा ज्यादा बन्न पुगेमा त्यसले अनेकौ आर्थिक तथा सामाजिक प्रतिकुलताहरूश्रृजना गर्दछ । त्यसकारण मानवीय साधन जनसंख्याको संख्यात्मक तथा गुणात्मक अवस्थामा आधारित बन्न पुग्दछ । मानवीय स्रोत विकासले देशको आर्थिक विकास उच्च प्रतिव्यक्ति आय र उच्च जीवनस्तर रोजगारी र श्रमशक्तिमा वृद्धि पुँजीनिर्माण आदि क्षेत्रमा महफ्वपूर्ण योगदान पुगिरहेको हुन्छ । जनसंख्याको आकार अनियन्त्रित बन्न पुग्दा त्यसले देशको आर्थिक सामाजिक, सांस्कृतिक तथा राजनैतिक समग्र क्षेत्रहरूमा प्रतिकूल अवस्था श्रृजना गर्दै लैजाने भएकाले विकासशिल देशहरूमा जनसंख्या वृद्धिको उच्च दर अन्तत आर्थिक विकासका लागि प्रत्युत्पादक बन्न पुग्दछ ।

राष्ट्रिय योजना आयोग (२०६७) अनुसार मुलुकको जनशक्तिलाई राष्ट्रिय र अन्तराष्ट्रिय बजार अनुकुलको ज्ञान र सिप प्रदान गरि रोजगारीका अवसरहरुको प्रवर्धन गर्नु राज्यको प्रमूख दायित्व हो । ग्रामीण रोजगारी कम गर्न सरकार रोजगारदाता र कामदाहरु विच (त्रिपक्षीय) सम्बन्ध कायम हुन र लगानीमैत्री वातावरण श्रृजना गर्नका लागि श्रमसम्बन्धी पूर्वाधार निर्माण गर्न आवश्यक छ । हाल नेपालमा श्रम उमेरका २५ लाख नेपाली वेरोजगार छन भने श्रम सहभागिता दर ८३.४ प्रतिशत रहेको छ । कुल जनसंख्याको करिव ३० प्रतिशत वेरोजगार र अर्धवेरोजगार देखिन्छन भने प्रतिवर्ष झन्डै ४ लाख व्यक्तिहरु श्रमवजारमा प्रवेश गर्दछन् । आन्तरिक रोजगारीका अवसरहरुको विस्तार गर्न, श्रमजिवी कामदारको हक अधिकारको विस्तार गर्न, श्रमजिवी कामदारको हक अधिकारको संरक्षण गर्न, उत्पादन र उत्पादकत्व कृषिका लागि श्रम, कानुन र प्रशासनमा सुधार गर्ने, वैदेशिक रोजगारलाई पनि मर्यादित सुरक्षित र उपलब्धी मुलक बनाउने उत्पादनमूलक रोजगारलाई

युवा, महिला, जनजाती अपाङ्ग मधेशी, दलित र विपन्न वर्गको पहुँच बढाउने र कामदारको सामाजिक सुरक्षाको सुनिश्चितता गर्दै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतिवद्धता अनुरुप निकृष्ट प्रकृतिका बालश्रम निवारण गर्ने तर्फ योजनाहरुलाई जोड दिनु पर्दछ ।

गौतम, (२०६८) का अनुसार मानव विकास मानिसको छनौटको सिमा फराकिलो बनाउँदै जाने प्रक्रिया हो । सैद्धान्तिक रुपमा यि छनौटहरु असिमित हुन सक्छन् र समय समयमा परिवर्तन पनि हुन सक्छ, तर विकासको सबै स्तरमा यिनिहरु अनिवार्य पनि छन् । मानिसहरुलाई स्वस्थ र दीर्घ जीवन विताउन, ज्ञान हासिल गर्न र जीवनस्तर बढाउन स्रोतहरुको उपभोग गर्न अनिवार्य हुन्छन् । यदि यस्ता छनौटहरु प्राप्त भएनन भने अन्य अवसरहरुपनि पहुँच भन्दा वाहिर र अपर्याप्त हुन्छन् । मानवीय विकासका अवधारणाहरु मुलभूत विशेषताहरुलाई हेर्दा विकासमा साधन र साध्यको लामो समय सम्मको अनुभव र बुझाइ पछाडी नै मानव विकासको नै साधन र साध्य हो भन्ने निष्कर्ष निकालिएको छ । सामाजिक क्षेत्रको उच्चतम विकासलेनै मानव विकासमा बढी नै सकारात्मक प्रभाव पार्दछ । पहिलो भावि सन्ततिका लागि असर नपर्ने संस्थागत र आफैमा अडिएको विकासमा जोड दिन्छ । दाश्रो मानवीय विकासमा प्रत्येक उत्पादन कार्यका लागि आवश्यक आर्थिक, सामाजिक राजनैतिक, सांस्कृतिक र आर्थिक स्थिती निर्माणमा जोड दिन्छ । त्यसैगरी यससँग सम्बन्धित अर्को अवधारणा विश्वव्यापकता हो । यसले भेदभाव रहित विश्वविकासमा जोड दिन्छ । मानव विकासको अवधारणामा भनिएको छ मानव सामार्थ्यको विकास नै मानव विकास हो ।

आर्थिक सर्वेक्षण, २०७२/७३ अनुसार उत्पादनशील श्रमको अधिकतम उपयोग र उद्यमशीलताको विकास मार्फत परम्परागत उत्पादन प्रणालीमा परिवर्तन गरी देशको द्रुततर विकासको लागि शिक्षित तथा अशिक्षित वेरोजगार युवाहरूलाई स्वरोजगारको अवसर उपलब्ध गराउनका लागि बैङ्क तथा वित्तिय संस्था र सहकारी संस्थाहरू मार्फत सहुलियत ब्याजदरमा विनाधितो आवधिक ऋण उपलब्ध गराई स्वरोजगार कार्यक्रम सञ्चालन गर्न र व्यवसायिक तालिम समेत उपलब्ध गराउन स्थापित युवा तथा साना व्यवसायी स्वरोजगार कोषले प्रति व्यक्ति अधिकतम दुई लाख रूपैयाँसम्म विनाधितो आवधिक रूपमा ऋण उपलब्ध गराउने गरेको छ । विशेष गरी १८ देखि ५० वर्षका वेरोजगार युवाहरू यस कोषको लक्षित वर्गको रूपमा रहेको छन् । नेपालको श्रम बजारमा सक्रिय युवा श्रमशक्तिको प्रवेश वार्षिक रूपमा ५ लाख १२ हजारभन्दा बढी हुने अनुमान छ । श्रमको माग तथा

आपूर्ति बीचमा ठूलो खाडल रहेको छ । दक्ष जनशक्ति र वेरोजगारी सिर्जना आशातित हुन सकेको छैन ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Research Literature)

गिरी, (१९९४) ले गरिएको एक अध्ययनमा प्रमुख रूपमा दुईवटा परिवर्तनलाई जोड दिएका छन् । जसमा पहिलो परिवर्तन भनेको नीति निर्माण तथा प्रणालीको क्रियाकलापमा परिवर्तन, दोस्रो आवश्यकताअनुसार अल्पकालीन र दीर्घकालीन जनशक्ति योजना निर्माण गरेर भावी क्रियाकलापको निर्धारण गर्नुपर्दछ । यसका लागि सरकारले विभिन्न तरवरबाट विभिन्न क्षेत्रमा लगानी गर्नुपर्दछ । लगानी नै देश निर्माणको एक आधार हो । दीर्घकालीन रूपमा दक्ष जनशक्ति निर्माण गर्ने तालिम नै एक प्रमुख आधार हो । कुनै पनि पेसा व्यवसायमा संलग्न मानिसहरूका लागि उक्त पेसा सम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्दछ । जसले गर्दा उत्पादकत्वमा वृद्धि हुन गई देशको आर्थिक विकासमा ठूलो सहयोग पुऱ्याउँछ ।

नेपाल मानव विकास प्रतिवेदन (२००१) अनुसार मानव स्रोत विकासका माध्यमबाट देशमा गरिबी निवारण हुन्छ । मानव स्रोत विकासले नै देशका सम्पूर्ण स्रोत र साधनहरूको परिचालन गर्दछ । दक्ष जनशक्ति नै असल नेतृत्वकर्ता र सुशासकको रूपमा रहन्छ । एउटा असल नेतृत्वकर्ताले देशमा उपलब्ध साधनहरूलाई अझ बढी उत्पादनशील बनाएर उत्पादकत्वमा वृद्धि गराउँदछ । जसले गर्दा मानिसहरूको शिक्षा, स्वास्थ्य, जीवनस्तर आदि कुराहरूमा सुधार हुनुका साथै मानिसको निर्णय लिने क्षमतामा समेत वृद्धि गराउँदछ साथै मानिसको नेतृत्व लिने क्षमतामा विकास र संस्थागत विस्तारमा पनि सहयोग पुगी उत्पादन प्रक्रियामा पारदर्शिता हुनुका साथै वितारणमा समानता हुन्छ । नेतृत्व क्षमतामा वृद्धि तथा संस्थागत रूपमा अधिकार प्राप्त भएको कारण मानिसको जीवनस्तरमा सुधार आई गरिबी न्यूनीकरणमा सहयोग पुग्नुका साथै देशमा मानव स्रोत विकास हुने देखिन्छ ।

नेपाल बैङ्क लिमिटेड, (२०५५) का अनुसार मानव स्रोत विकासका लागि विशेष गरी तालिममा जोड दिइएको छ । यसले अन्य तालिमभन्दा आधुनिक विशेष तालिममा जोड दिएको छ । कुनै पनि व्यक्तिलाई दक्ष बनाउनको लागि दिइने तालिम पूर्वनिर्धारित, उद्देश्यमूलक तथा व्यवहारिक हुनुपर्दछ । जसले गर्दा तालिम प्राप्त गर्ने व्यक्तिहरूले प्रत्यक्ष रूपमा रोजगार प्राप्त गर्न सकून् । यसरी प्रदान गरिएको तालिमले आत्मविश्वास विकास गर्नका साथै जिम्मेवारीपूर्ण कार्य गर्न सहयोग पुऱ्याउँछ । तालिम प्राप्त गर्ने व्यक्तिले आफूमा

भएको ज्ञान, सीप अन्य व्यक्तिलाई प्रदान गरी दक्ष जनशक्ति उत्पादन गराउन सहयोग पुऱ्याउनु पर्दछ । यसरी तालिम प्राप्त व्यक्तिले आफ्नो क्षमताअनुसार रोजगार पाएको हुनुपर्दछ । उसले प्राप्त गरेको ज्ञान, सीप रोजगारमा प्रयोग गरेको छ वा छैन अनुगमन गरिनुपर्दछ । यस्ता कुराहरूको प्रयोग भएमा देशमा दक्ष जनशक्ति उत्पादन भई मानव स्रोत विकास हुने देखिन्छ ।

शर्मा, (२०५८) का अनुसार शिक्षामा गरिने लगानीले मानवीय पुँजि निर्माणमा अत्यन्तै महफ्वपूर्ण भूमिका प्रदान गर्दछ । शिक्षामा गरिने लगानी ले व्यक्तिको ज्ञान कुशलतामा वृद्धि गर्दै जाने हुदाँ उनीहरुको उत्पादकत्व बढ्दै जान थाल्दछ । तर कतिपय विकासशील देशहरुमा हाल कायम रहेको शैक्षिक प्रणाली साच्चै भन्नुपर्दा वेरोजगार उत्पादन गर्ने कारखाना जस्तो बढन पुगिसकेका छन् । विकासशील देशहरुमा शैक्षिक वेरोजगारले उग्ररुप लिदै गइरहेको छ । यसको मूल कारण आफ्नो आर्थिक सम्भाव्यता र आधार विनाको कथित शिक्षा दिइने परम्परा हो । जापानले आर्थिक विकास गर्नुभन्दा पहिले आफ्नो देशको आर्थिक धरातल अनुसार उपलब्धको मूल्याङ्कन गरी सहि अनुसार शैक्षिक क्षेत्रमा आमूल परिवर्तन गरेको थियो । चिनले कुन कुन क्षेत्रमा के कति जनशक्तिको आवश्यकता पर्दछ भन्ने योजना बनाई सोहि अनुरुप जनशक्तिको उत्पादन गर्दछ । तर विकासशील देशहरुमा एकातिर धरातल अर्कोतिर उपाधी प्राप्त जनशक्ति यसै बस्नुपर्ने बाध्यता रहेको छ ।

गुरूङ, (२०५८/०५९) ले महिला र पुरूष एक रथका दुई पाङ्ग्रा भएकाले उनीहरू बीच भेदभाव गर्न नहुने कुरा औंल्याउनु भएको छ । महिला सशक्तीकरणका सम्बन्धमा गुरूङ भन्नुहुन्छ महिलाहरूलाई स्वयम्मा अन्तर्निहित क्षमता र शक्तिको बोध भएर उनीहरूभित्र लुकेको ज्ञान, सीप र क्षमतालाई प्रदर्शित गर्दै विकास प्रक्रियामा सक्रिय रूपमा सहभागी भई आफ्नो हक हित र अधिकारका लागि समाजमा विद्यमान पछौटेपन, अन्धविश्वास, कूरीति तथा भेदभावपूर्ण स्थिति विरूद्ध जुध्न सक्ने क्षमताको विकास सशक्तीकरण गरेर मूल प्रवाहमा सम्मेलित नगराएसम्म समानताको लक्ष्य हासिल गर्न सकिँदैन । संसारभरि नै आदिवासी जनजातिहरूले विभिन्न सङ्कट र चुनौतीहरूको सामना गरिरहनु परेको बेला जनजाति महिलाहरूको त झन बढी दयनीय स्थिति भएको कुरा उहाँको अध्ययनले उल्लेख गरेको छ । साथै सन् १९५७ मा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले आदिवासी जनजाति सम्बन्धी सम्मेलन गरेपछि जनजातिहरूको उत्थान, हकहित संरक्षण र सचेतना एवम् सशक्तीकरणका कुराहरूले केही गति लिएको भए पनि महिलाहरूमा जनचेतनाको कमी, राजनीतिकमा कम

सहभागिता, उचित अवसरको खाँचो, पारिवारिक उत्प्रेरणाको अभाव जस्ता कुराहरूले सशक्तीकरणमा प्रत्यक्ष असर पारेको तथ्य उहाँको अध्ययनमा उल्लेख गरिएको छ ।

पराजुली, (२००५) ले गरिएको अनुसन्धान अनुसार त्रिभुवन विश्वविद्यालयले दिएको शिक्षा विद्यार्थीहरूले अपेक्षा गरेकोभन्दा ठीक विपरीत पाइएको छ । नेपालको उच्च जनशक्ति उत्पादन गर्ने केन्द्रीय संस्थाको रूपमा परिचित त्रिभुवन विश्वविद्यालयमा जिम्मेवारी पन्साउने, सुविधा मात्र खोज्ने, प्रशासनिक काममा ढिलासुस्ती गर्ने, अनावश्यक राजनीति गर्ने, परम्परागत शैक्षिक साधनको प्रयोग गर्ने, विद्यार्थी मूल्याङ्कन प्रणालीमा विभेद, अर्धदक्ष शिक्षकको नियुक्ती आदि जस्ता समस्याहरू देखा परेका छन् । यसले शैक्षिक गुणस्तरमा ह्रास आउनुका साथै आर्थिक क्षेत्रमा पनि नकरात्मक असर पारेको देखिन्छ । शैक्षिक संस्थाका यस्ता समस्याहरू त्रिभुवन विश्वविद्यालयमा मात्र नभएर देशका विभिन्न शैक्षिक संस्थाहरूमा व्यापक रूपमा पाइन्छन् । जसले गर्दा यस्ता शैक्षिक संस्थाहरूबाट उत्पादित जनशक्तिहरू दक्ष नभएर अर्धदक्ष हुने गरेको पाइन्छ । यस्ता उत्पादित अर्धदक्ष जनशक्तिहरूले देशमा उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको सही प्रयोग गर्न सक्दैनन् । यसकारण मानव स्रोत विकासमा नकारात्मक असर पारेको देखिन्छ ।

राई, (२०६२) ले गरेको एक अध्ययनमा त्रियुगा नगरपालिका घरेलु तथा साना उद्योगले यातायातको अभाव, पुँजी अभाव र दक्ष जनशक्तिको अभाव जस्ता समस्याहरू भोग्नु परिराखेको छ । यसैगरी श्रमिकहरूले कम पारिश्रमिक पाउने बढी समय काम गर्नुपर्ने, समयमा पारिश्रमिक नपाउने जस्ता समस्याहरू भोग्नु परेकाले त्यहाँका मानिसहरूको मानवीय स्रोतको विकास हुन नसकिरहेको कुरा उल्लेख गर्नु भएको छ । घरेलु तथा साना उद्योगहरूको समस्याहरू समाधान गर्न सहुलियत ब्याजदरमा ऋण सुविधा उपलब्ध हुनुपर्ने, बजारको राम्रो व्यवस्थापन हुनुपर्ने, आधुनिक प्रविधिको प्रयोग हुनुपर्ने, श्रमिकहरूको समस्याहरू सामाधान गर्नुपर्ने, कामको समय निश्चित हुनुपर्ने, समयमा पारिश्रमिक पाउनु पर्ने ज्यालादरमा वृद्धि गर्नुपर्ने आदि जस्ता सुझावहरू दिनु भएको छ ।

राई, (२०६९) यूवा जनशक्ति देश निर्माणको आधार हो । नेपालबाट प्रतिदिन वैदेशिक रोजगारमा जानेहरूको तथ्याङ्क बढ्दो पाइन्छ । तर त्याहाबाट कति फर्किए वा फर्किएनन भन्ने तथ्याङ्क पाइदैन । खाडी राष्ट्रभन्दा बाहिर विकसित देशहरूमा गएका युवाहरू स्वदेश फर्कन चाहादैनन । उनिहरू कुनै माध्यमबाट पनि उतै बस्न रुचाउछन । जुन ुव्यक्तिमा प्रतिभा छ त्यो व्यक्तिलाई विदेशले पनि आफ्नै देशमा राख्न रुचाउछ । फलस्वरुप क्रमशः

प्रतिभा बाहिरिने गरिरहेको छ । नेपालमा उच्च शिक्षा युवाहरू विदेश पलायन हुने तथा सामान्य किसिमको शिक्षा हासिल गरेका र अशिक्षित युवाहरूपनि विभिन्न देशमा श्रमिकको रुपमा वैदेशिक रोजगारीका निम्ती विदेश जाने क्रम वृद्धि भइरहेको छ । गरिब तथा पिछडीएका युवाहरूप्राय जसो खाडी राष्ट्रमा जाने क्रम बढ्दो छ । नेपालको ग्रामीण इलाकामा रोजगारीमा लागेका शिक्षक तथा कर्मचारी बालबालिका बुढाबुढी बाहेकका युवा युवतिहरू गाँउमा देखिदैनन् । उनिहरू धेरैजसो वैदेशिक रोजगारीमा गएको अवस्था छ र दक्ष जनशक्तिको अभावमा मानव स्रोत विकासको अवस्था पछाडी परिरहेको छ ।

धामी, (२०७०) का अनुसार शिक्षा मानव जीवनको बहुमूल्य सम्पत्ति हो । सबै मानिसहरू शिक्षाआर्जन गर्न चाहन्छन् । शिक्षा प्राप्त गर्नु आधारभूत मानव अधिकार पनि हो । शिक्षालाई आदर्श, कर्मशील, जागरूक एवम् उत्पादनशील मानव जीवन तयार गर्ने सर्वोत्तम साधनको रूपमा लिइन्छ । शिक्षाले गर्दा नै मानिस ढुङ्गे युगबाट आधुनिक युगमा आई पुगेको छ । शिक्षालाई सामाजिक दृष्टिले समाज सापेक्ष बनाउने, आर्थिक दृष्टिले स्वावलम्बी तथा सक्षम बनाउने, दार्शनिक रूपले मानवीय संरक्षण गर्ने सभ्य नागरिक बनाउने अर्थमा लिइन्छ । यसरी शिक्षा सामान्य अर्थमा व्यक्तिको त्यो सबै व्यवहार एकीकृत प्रक्रिया हो । जसमा व्यक्तिले उसको दक्षता, क्षमता, योग्यता, बानी, व्यहोराको वृद्धि र विकास गरी त्यसलाई आफ्नो वास्तविक जीवनमा प्रयोगमा ल्याउँदछन् । शिक्षा व्यक्ति र समाजको उत्थान गर्ने एक प्रभावकारी साधन हो । मानव जीवनलाई सर्वश्रेष्ठ बनाउने सशक्त साधनको रूपमा लिइन्छ ।

रेग्मी, (२०७१) मानव अधिकार मानिस भएका नाताले प्राप्त हुने अधिकार हो । मानिस भएको आधारमा प्राप्त हुने मानव अधिकार जन्म सिद्ध हुन्छ । पृथ्वीमा पाइला टेके पश्चात मानवका रुपमा सम्मानित मानव जीवन जिउनका लागि जे जस्ता अधिकार आवश्यक पर्दछ । ति अधिकार नै वास्तवमा मानव अधिकार हुन यति मात्र होइन सुरक्षित र स्वस्थ रुपमा जन्मन पाउनु पनि मानव अधिकार भित्र पर्दछ । मानव भएकाले प्राप्त हुने यस्तो अधिकार कुनै पनि लिङ्ग, भाषा, धर्म, राजनीतिक, सामाजिक, साँस्कृतिक वा आर्थिक पक्षहरूको आधारमा भेदभाव रहित हुनुपर्दछ । यहि मान्यतालाई स्विकार गर्दै मानव जातिको आत्मसम्मान, व्यक्तित्व विकास र मानव सम्मानको रक्षाको लागि १० सेप्टेम्बर १९४८ मा संयुक्त राष्ट्र संघ मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरियो ।

पुडासैनी, (२०७१) का अनुसार महिला सशक्तीकरण लागि नेपालमा पनि विभिन्न प्रयासहरू भइरहेका छन् । महिला विरूद्धका सबै विभेद र हिंसाको अन्त गरी महिलाहरूको हक, अधिकारको संरक्षण एवम् प्रवर्द्धनका लागि राज्यले अधिकारवादी अवधारणाको अवलम्बन गरी नीतिगत, कानुनी र संस्थागत सुधारका साथै विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । विभेदकारी कानुनमा संशोधन गर्ने, महिला सहभागिता बढाइ आय आर्जन तथा स्रोत साधनमाथि महिलाहरूको पहुँच एवम् नियन्त्रणमा वृद्धि गर्ने प्रयत्न समेत हुँदै आएका छन् । आरक्षण, घरेलु प्रथा, परम्पराजन्य हिंसाहरूका विरूद्ध सचेतना, हिंसाबाट प्रभावित महिलाका लागि परामर्श तथा उपचार, सीप तथा क्षमता विकासका कार्यक्रमहरू कार्यान्वयनबाट पनि महिलाहरूको जीवन स्तर सुधारमा महफ्वपूर्ण उपलब्धीहरू भएका छन् । यी उपलब्धीहरूका बाबजुद महिलाहरूको राजनीतिक, आर्थिक र सामाजिक सशक्तीकरणका प्रयासहरू फैलावट र गुणस्तरका दृटिले अपर्याप्त रहे तापनि महिला अधिकारप्रति बढ्दो सचेतना, कानुनी र संस्थागत तहमा भएका पहलहरू, महिला अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको सङ्ख्यात्मक र गुणात्मक क्षमतामा भएको वृद्धिले आगामी दिनमा यस क्षेत्रको विकासका लागि पर्याप्त सम्भावनाहरू प्रस्तुत गरेका छन् जसको परिणाम स्वरूप देशको आर्थिक विकासमा योगदान पुग्दछ ।

आले, (२०७२) ले गरिएको एक अध्ययनअनुसार व्यवस्थापकले आफ्नो विद्यालयमा मानव संसाधन व्यवस्थापन र विकास गर्न व्यवस्थापकले आफ्नो स्थिति कार्य विश्लेषण, कार्य तथा कामदार उपयुक्त हुनुपर्ने र व्यवस्थापकले कार्यको जिम्मेवारी लिनुपर्ने कुराहरूमा जोड दिएका छन् । यस विधिले कार्य सम्पादनमा गति बढाउने, क्षमता बढाउने, दक्षता बढाउने सहयोग र उत्प्रेरणा प्रदान गर्दछ । कुनै पनि सं-सङ्गठनमा कामदारको छनोट वैज्ञानिक ढङ्गबाट गरिनुपर्दछ । कामदारलाई दक्षतापूर्वक तरिकाबाट काम सिकाउनु पर्दछ । व्यवस्थापक र काम गर्ने कर्मचारी बीच घनिष्ट सम्बन्ध सहयोग र सामञ्जस्यता स्थापित गर्नुपर्दछ । धेरै काम गर्नेलाई धेरै पारिश्रमिक दिनुपर्दछ । यसको अलावा संघ संस्थाको उत्पादकत्व बढाउन काम गर्ने वातावरण र सुधार गति तथा समयको अध्ययन, कामको प्रमाणीकरण, कार्यगत सङ्गठन प्रयोग, कामदारको भर्ना छनोट, व्यवस्थापन र समय सापेक्ष तालिम आदि कामहरू गर्नुपर्ने सुझाव तथा सल्लाह दिएका छन् ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको प्रयोग (Implication of the Review for the Research)

मानव संसाधन विकासमा लागि संख्यामा जोड नदिएर गुणको स्तर अभिवृद्धिमा जोड दिनुपर्दछ । उच्च शारीरिक एवम् मानसिक क्षमतायुक्त मानिसहरूले विकास निर्माणका कार्यहरूलाई कुशलतापूर्वक सम्पन्न गर्ने सक्ने क्षमता राखेका हुन्छन् (भट्ट, २०६९) । श्रमशक्तिको कुशलतामा वृद्धि भएमा राष्ट्रिय तथा प्रतिव्यक्ति आम्दानीमा वृद्धि हुन्छ । शिक्षा, तालिम, स्वास्थ्य सुधार तथा अनुसन्धानमा गरिएको खर्चले जनसङ्ख्याको गुण बढाएर उत्पादकत्वमा योगदान पुऱ्याउँछ । यी खर्चले निरन्तर प्रतिफल दिने गर्दछ । मानवीय साधनभित्र परिमाणात्मक र गुणात्मक पक्षहरू रहको हुन्छन् । परिमाणात्मक पक्षभित्र अदक्ष श्रमिकहरू हुन्छन् भने गुणात्मक पक्षभित्र दक्ष श्रमिकहरू हुन्छन् (दाहाल, २०६७) ।

विकसित देशका जनताहरूले आफ्नो वर्तमानको उपभोग स्तर कम गर्दै भविष्यका लागि समेत उच्च दरमा पुँजी निर्माण गरिरहेका हुन्छन् । यस्ता पुँजी निर्माणले विकसित राष्ट्रहरूको भविष्य उज्वल देखिन गएको पाइन्छ भने विकासशील देशहरूमा पुँजी निर्माणको दर अत्यन्त मन्द भएकाले व्यक्तिहरूको जीवन स्तर उच्चतम विन्दुमा नपुग्ने हुन्छ । दिगो विकासका लागि मानवीय स्रोत अधिक सक्षम, सवल र प्रभावकारी बन्दै जानुपर्दछ (शर्मा, २०६८) । गुणस्तरयुक्त मानव संसाधनको विकासबाट मुलुकमा विद्यमान गरिबीलाई घटाउने, निजी एवम् सरकारी क्षेत्रको स्तर उत्पादकत्वमा वृद्धि हुने, अन्तर्राष्ट्रिय श्रम बजारमा पहुँचको विस्तार भई वैदेशिक रोजगारी र रेमिट्यान्समा समेत वृद्धि हुने भएकाले अर्थतन्त्रमा समष्टिगत रूपमा सकारात्मक प्रभाव पार्दछ । यसका लागि क्रियाशील, युवा जनसङ्ख्याको गुणस्तर वृद्धि गर्न निजी र सरकारी क्षेत्रको संयुक्त प्रयास आवश्यक छ (घिमिरे, २०६८) ।

मानिसहरूलाई स्वस्थ र दीर्घ जीवन बिताउन ज्ञान हासिल गर्ने र जीवनस्तर बढाउन विभिन्न स्रोतहरूको उपभोग गर्न इच्छा, आवश्यकता हुन्छ र यो अनिवार्य पनि हुन्छन् । यी अवसरहरू प्राप्त भएनन् भने अन्य अवसरहरू पहुँचभन्दा बाहिर र अपर्याप्त हुन्छन् । मानव स्रोत विकासका माध्यमबाट देशमा गरिबी निवारण हुन्छ । दक्ष जनशक्ति नै असल नेतृत्वकर्ता र सुशासकको रूपमा रहन्छ । असल नेतृत्वकर्ताले देशमा उपलब्ध साधनहरूलाई अझ बढी उत्पादनशील बनाएर उत्पादकत्वमा वृद्धि गराउँदछ । मानव विकासको

अवधारणामा भनिएको छ मानव समार्थ्यको विकास नै मानव विकास हो (मानव विकास प्रतिवेदन) । मानव सामर्थ्यको विकास गर्न विशेष गरी आधुनिक खालका तालिममा जोड दिनुपर्दछ । यस्ता तालिम पूर्व निर्धारित, उद्देश्यमूलक तथा व्यवहारिक हुनुपर्दछ (नेपाल राष्ट्र बैङ्क २०५५) ।

विद्यालयमा मानव संसाधन व्यवस्थापन र विकास गर्न व्यवस्थापकले आफ्नो विद्यालयमा आफ्नो स्थिति, कार्य विश्लेषण कार्य तथा कामदार उपयुक्त खालको छनोट वैज्ञानिक ढङ्गबाट गरी कामदारलाई दक्षतापूर्वक तरिकाबाट काम सिकाइ व्यवस्थापक र काम गर्ने कर्मचारी बीच घनिष्ट सम्बन्ध, सहयोग र सामाञ्जस्यता स्थापित गर्नुपर्दछ साथै संघ संस्थाको उत्पादकत्व बढाउन काम गर्ने वातावरण र सुधार  गति तथा समयको अध्ययन, कामको प्रमाणीकरण, व्यवस्थापन र समय सापेक्ष तालिम गर्न गराउनु पर्ने हुन्छ (आले, २०७२) । नीति निर्माण तथा प्रणालीको क्रियाकलापमा परिवर्तन गर्न र अल्पकालीन र दीर्घकालीन जनशक्ति योजना निर्माण गर्न सरकारले विभिन्न क्षेत्रमा लगानी गर्नुपर्दछ । दीर्घकालीन रूपमा दक्ष जनशक्ति निर्माण गर्ने तालिम नै एक प्रमुख आधार हो (गिरी, १९९४) ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

पूर्वसाहित्यको पुनरावलोकन पश्चात यस अध्ययनको बीचमा अनुसन्धान अन्तर (Research Gap) यस प्रकार रहेको छ । विभिन्न अध्ययन अनुसन्धान लेख, रचना, शोधपत्रहरू पुनरावलोकन गर्दा विद्यालयमा मानव संशाधन व्यवस्था, बैङ्क तथा वित्तिय क्षेत्रमा मानव स्रोत विकास, महिला शसक्तीकरणले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव जस्ता कुराहरूमा अध्ययन अनुसन्धान गरिएको पाइयो तर सिङ्गो मानव स्रोतले नै शैक्षिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ? भन्ने बारेमा पर्याप्त अनुसन्धान भएको पाइएन । कुनै पनि देश, ठाउँको मानव विकास सूचक (HDI) थाहा पाउन त्यहाँको मानव स्रोत विकास कसरी भइरहेको छ, मानव स्रोत विकासले शैक्षिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ भन्ने कुराको तथ्याङ्क थाहा पाउन आजको शिक्षाको आवश्यकता रहेको छ । तसर्थ “मानव स्रोत विकासले शैक्षिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ” भन्ने शीर्षकमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

## २.५ सैद्धान्तिक ढाँचा (Theoritical Frmamework)

मानव संसाधन विकासलाई आधुनिक अर्थशास्त्रीहरुले कुनैपनि देशको पुँजी निर्माणको स्रोत अथवा मानवीय पुँजी हो भनेर चिनाएका छन् । मानवीय पुँजी भनेको देशका सबै जनताको ज्ञान कुशलता तथा क्षमता बढाउने प्रक्रिया हो । जसमा शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक सेवाहरुमा गरिएको खर्च समावेश हुन्छ । मानवीय पुँजी विना भौतिक पुँजीले गतिशिलता प्राप्त गर्न सक्दैन । देशको जनशक्तिमा प्राविधिक ज्ञान सिप, योग्यता एवम् दक्षताको विकास गर्नका लागि ठुलो मात्रामा गरिने लगानीको प्रक्रिया नै मानवीय पुँजी निर्माण प्रक्रिया हो । सन् १९६० मा अर्थशास्त्री थेरेडो सुल्जले मानवीय संसाधन सिद्धान्तको घोषणा गरेका हुन् । मानव पुँजी निर्माणका सम्बन्धमा अर्थशास्त्री शुल्जको धारणा अनुसार राम्रो कामको अवसरको फाइदा प्राप्त गर्नका लागि शिक्षा, स्वास्थ्य र आन्तरिक वसाइसराइमा गरिएको प्रत्यक्ष खर्चहरु नै मानवीय पुँजीमा गरिएको लगानी हो (दाहाल, २०६७) ।


मानव संसाधनमा लगानी गर्ने सम्बन्धमा अर्थशास्त्री टोडारो (Todaro) भन्छन् - कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासको गति त्यस देशमा पूँजी र भौतिक स्रोतले होइन कि मानवीय स्रोतले निश्चित गर्दछ । हार्बिसनको अनुसार पूँजी र प्राकृतिक स्रोतहरू उत्पादनमा निष्क्रिय स्रोत हुन् । तिनीहरूलाई परिचालन गरी सक्रिय बनाउने कार्य मानिसले गर्दछ । मानवीय संसाधन नै उत्पादनका सक्रिय साधन हुन् जसले पूँजीको सञ्चय र स्रोतको परिचालन गरी सामाजिक, आर्थिक तथा राजनीतिक संगठनहरू निर्माण गर्दछन् । र राष्ट्रिय विकास कार्यलाई अगाडी बढाउँछन् । यसै सम्बन्धमा अर्थशास्त्री हर्बिन्सन (Harbinson) भन्छन्- “जुन देशले आफ्ना देशका नागरिकहरूको ज्ञान र सिपलाई विकास गर्न सक्दैन तिनीहरूलाई राष्ट्रिय अर्थतन्त्र विकासका लागि प्रयोगमा ल्याउन  सक्दैन । यस्तो देशले केही पनि प्राप्त गर्न सक्दैन । आज विश्वका विकासोन्मुख राष्ट्रहरूको समस्या भनेको प्राकृतिक स्रोत र साधनहरूको अभाव नभई मानवीय स्रोतको विकासमा कमी हुनु हो” (अधिकारी, २०७१) ।

एउटा परम्परागत चिनिया उखान पनि छ  यदि तिमी एक वर्षको लागि विकास योजना बनाउदै छौ भने धान रोप यदि दश वर्षका लागि योजना बनाउदै छौ भने रुख रोप र यदि सय वर्षका लागि योजना बनाउदै छौ भने मानिसमा लगानी गर (ज्ञवाली, २०६९) ।

यी माथिका परिभाषाहरुबाट के स्पष्ट हुन्छ भने कुनै पनि देशको आर्थिक विकास, सामाजिक विकास, सांस्कृतिक विकास भौतिक विकास त्यस देशको मानव संसाधनमा भर पर्दछ देशका योग्य दक्ष मानव संसाधन त्यस देशका पुँजी मानिन्छन् । यसका लागि स्वास्थ्य सेवा, शुद्ध खानेपानी पौष्टिक आहार शिक्षा तथा तालिम प्रदान गर्न लगानी गर्नुपर्दछ । देशका नागरिकहरु शिक्षित र स्वस्थकर भए भने उनिहरुको श्रृजनशिलतामा नयाँ पन आउछ जसले गर्दा राष्ट्रिय पुँजी बढेर जान्छ । फलस्वरुप देशको चौतर्फी रुपमा मानव स्रोत विकास हुन्छ ।

## २.६ कार्यात्मक ढाँचा (Functional Framework)

यस अनुसन्धानका लागि कार्यात्मक ढाँचा यस प्रकारको छ ।



# अध्यायः तीन (CHAPTER: THREE)

## ३. अनुसन्धान विधि र प्रक्रिया ( Research Methods and Procedures)

कुनै पनि अध्ययनमा उद्देश्य प्राप्तीका लागि आवश्यक अनुसार विधि र प्रक्रियाको प्रयोग गरिएको हुन्छ । अनुसन्धान विधि र प्रक्रिया तय गर्दा सम्बन्धित समस्याको उद्देश्य र प्रकृतिअनुसार तय गरिनु पर्दछ यस अनुसन्धानमा अनुसन्धान ढाँचा, अध्ययनको जनसङ्ख्या, नमुना छनोट विधि, तथ्याङ्क सङ्कलन प्रक्रिया तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण प्रक्रियालाई नै मूलतः अनुसन्धान विधिको रूपमा लिइएको छ । तथ्याङ्क सङ्कलन गर्न साधनको निर्माण गरी अनुसन्धानकर्ताद्वारा स्थलगत सर्वेक्षण गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक (Discriptive and Analytical) ढाँचामा आधारित छ । मानव स्रोत विकासले मानिसहरूको शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव उनिहरूको शिक्षा, स्वास्थ्य, आयस्तर, उपभोग वस्तुहरूको प्रयोगको अवस्था बुझ्न आवश्यक पर्ने प्राथमिक तथा द्वितीय तथ्याङ्क संकलन गर्ने साधनको रुपमा प्रश्नावली र अन्तवार्ता विधिको प्रयोग गरिएको छ । संकलित गुणात्मक तथा संख्यात्मक तथ्याङ्कलाई तालिका र रेखाचित्रबाट प्रस्तुत गरिएको छ ।

## ३.२ तथ्याङ्कका स्रोतहरू (Source of Data)

यस अध्ययनमा दुई किसिमका तथ्याङ्कहरूप्रयोग गरिएको छ जसमा प्राथमिक तथ्याङ्क र द्वितीय तथ्याङ्कहरु रहेका छन् । ती तथ्याङ्कका स्रोतहरूलाई यस प्रकार उल्लेख गरिएको छ ।

### ३.२.१ प्राथमिक तथ्याङ्कका स्रोतहरू (Source of Primary Data)

यस अध्ययनका लागि प्राथमिक तथ्याङ्कको स्रोत अध्ययन क्षेत्रको नमूना छनौट घरपरिवार भित्रका विविध जातजाती, भाषाभाषि पेशा व्यवसायमा संलग्न विभिन्न उमेर समूहका सदस्यहरु रहेका छन् ।

### ३.२.२ द्वितीय तथ्याङ्कका स्रोतहरू (Source of Secondary Data)

द्वितीय तथ्याङ्कका स्रोतहरू वेल्टार वसाहा नगरपालिकाको कार्यालय जिल्ला विकास समितिको कार्यालय उदयपुर, जिल्ला शिक्षा कार्यालय उदयपुर खानेपानी संस्थान, केन्द्रिय

तथ्याङ्क विभाग काठमाडौँ, मानव विकास प्रतिवेदनबाट प्रकाशित विभिन्न पुस्तक, पत्रपत्रिका, लेख, रचना, अनुसन्धानहरू, विश्वविद्यालयबाट बुझाइएका विभिन्न शोध पत्रहरू हुन् ।

## ३.३ जनसंख्या, नमूना आकार र नमूना छनौट रणनीति (Population Sample Size and Sampling Stategy)

यो अध्ययन मानव स्रोत विकासले उनिहरूको शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव शिर्षक अर्न्तगत वेल्टार वसाहा नगरपालिका वडा नं. २ भित्र सम्पन्न गरिएको छ । उक्त क्षेत्रको जनसंख्या, नमूना आकार र नमूना छनौट रणनितिलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

यो अध्ययन उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिका वडा नं. २ मा केन्द्रित भएर गरिएको छ । यस नगरपालिका भित्रको कुल घर परिवार ५८०२ रहेको छ । जसभित्र कुल जनसंख्या ३२७०४ रहेका छन । जसमा पुरुषको जनसंख्या १६२२३ रहेको छ भने महिलाको जनसंख्या १६४८१ रहेका छन्

यो अनुसन्धान उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिका वडा नं. २ भित्र सिमित गरिएको छ । वडा नं. २ भित्रका मानिसहरूको मानव स्रोत विकासको अवस्था अध्ययन गरिएको छ । वडा नं. २ भित्रको जनसंख्याको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२**

**अध्ययन क्षेत्रको जनसङ्ख्या - २०७३**

| वडा | घरपरिवार संख्या | कुल जनसंख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २ | ६८० | ३५२३ | १७२६ | ४८.९९ | १७९७ | ५१.०० |

स्रोतः वेल्टार वसाहा नगरपालिकाको कार्यालय, २०७३

त्यसैले यस अध्ययनको जनसंख्याको आकार भनेको वेल्टार बसाहा नगरपालिका वडा नं. २ मा रहेका कुल घरधुरी संख्या ६८० हो ।

### ३.३.२ नमूना आकार (Sample Size)

यस अध्ययनका लागि उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिका वडा नं.२ भित्रका कुल ६८० घरधुरि मध्ये २०० घरधुरीलाई नमूनाको रूपमा छनोट गरिएकोले यस अध्ययनको नमूना आकार २९.४१ प्रतिशत हो ।

### ३.३.३ नमूना छनौट रणनीति (Sampling Strategy)

यस अध्ययनका लागि निम्नलिखित नमूना छनौट रणनीतिको प्रयोग गरिएको छ ।

१. यस अध्ययनका लागि उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिका वडा नं. २ लाई उद्देश्यमुलक नमूना विधि अर्न्तगत छनौट गरिएको छ ।

२. वेल्टार वसाहा नगरपालिका वडा नं. २ भित्रका कुल ६८० अर्थात् २९.४१ प्रतिशत घरधुरी मध्ये सामान्य सम्भावनायुक्त नमूना छनौट (चिट्ठा) विधि प्रयोग गरी २०० घरधुरीलाई नमूना छनौट गरिएको छ ।

३. अध्ययन क्षेत्रमा कुल २०० घरपरिवार भित्र बसोबास गर्ने सम्पूर्ण जनसंख्याको संगणना विधिबाट अध्ययन गरिएको छ ।

## ३.४ अध्ययन क्षेत्रको परिचय (Itroduction of Study Area)

नेपालको पूर्वाञ्चल विकास क्षेत्र सगरमाथा अञ्चल उदयपुर जिल्ला बेल्टार बसाहा नगरपालिका वडा नं. २ अध्ययन क्षेत्र चयन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका औजारहरू (Tools of Data Collection)

यस अनुसन्धानमा तथ्याङ्क संकलनका साधनहरू व औजारहरू मध्ये प्रश्नावली र अवलोकन सूचीको प्रयोग गरिएको छ । जसलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

तथ्याङ्क संकलनका लागि अध्ययन क्षेत्रमा नमूना छनौट घरपरिवारका सदस्यहरूलाई प्रश्नावली निर्माण गरिएको छ । साक्षर मानिसहरूलाई एक प्रति उपलब्ध गराई निरक्षर मानिसहरूलाई अध्ययनकर्ता आफै अध्ययन क्षेत्रमा उपस्थित भई प्रश्नावली भराइएको छ ।

मानिसहरूलाई सोधिने प्रश्नावली उनिहरूको आर्थिक, शैक्षिक र मानवस्रोत विकासको अवस्था पत्ता लगाउन प्रयोग गरिएको छ । उक्त प्रश्नावलीको नमूना लाई अनुसूची १ मा राखिएको छ ।

### ३.५.२ अवलोकन सूची (Observation List)

यस अध्ययनका लागि अध्ययन क्षेत्रका नमूना छनौटमा परेका घरपरिवारका सदस्यहरूको शैक्षिक स्थिति, आर्थिक स्थिति, खानेपानी, उपभोगको स्थिति लगायत मानव स्रोत विकासको अवस्था के कस्तो रहेको छ भन्ने कुराको अवलोकन गर्न एउटा अवलोकन सूची तयार गरिएको थियो । जसको नमूना अनुसूची २ मा देखाइएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Discussion Guide)

यस अध्ययनका लागि अध्ययन क्षेत्रका नमूना छनौट घरपरिवारका सदस्यसँग लक्षित समूह छलफल गर्नका लागि एउटा छलफल निर्देशिका तयार गरिएको थियो । उक्त छलफल गरिएका उक्त पश्नहरुलाई अनुसूची ३ मा राखिएको छ ।

## ३.६ तथ्याङ्क संकलन गर्ने विधिहरू (Techniques of Data Collection)

यस अध्ययनमा तथ्याङ्क संकलन गर्ने विधिहरूमा अध्ययन क्षेत्रका नमूना छनौट घरपरिवारका सदस्यहरूसँग अर्न्तवार्ता लिइ त्यहाको वस्तुस्थितिको प्रत्यक्ष अवलोकन गरिएको छ । जसलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.६.१ अर्न्तवार्ता (Interview)

यस अध्ययनका लागि अध्ययनकर्ता अध्ययन क्षेत्रमा आफै उपस्थित भएर नमूना छनौट घरपरिवारका सदस्यहरूलाई भेटी प्रत्यक्ष मौखिक अर्न्तवार्ता लिइएर अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनका लागि तथ्याङ्क संकलन गर्न अध्ययनकर्ता स्वयः अध्ययन क्षेत्रमा गई सूचना दाताहरूको विविध गतिविधिसँग साक्षात्कार भई उनिहरूको घरदैलोमा पुगी अध्ययन क्षेत्रका

मानिसहरूको मानव स्रोत विकासको अवस्था बुझ्न र त्यहाको वस्तुस्थिति नजिकबाट नियाल्न प्रत्यक्ष अवलोकन गरिएको छ ।

### ३.६.३ लक्षित समुह छलफल (Focus Group Discussion)

अध्ययन क्षेत्रमा अध्ययनकताले आफ्नो अध्ययनको उद्देश्य पत्ता लगाउन नमूना छनौट घरपरिवारको सदस्यहरुको साझा चासो, धारणा, अनुभव, भावना मूल्यमान्यता र लजालु व्यक्तिहरुको साझा सही तथ्याङ्क संकलन गर्न मिति २०७३/०८/२ गतेका दिन दिउँसो १ वजेको समयमा सबैलाई पायक पर्ने स्थान सामुदायिक भवनको ३ नम्बर कोठामा गाउँको वुद्धिजिवी व्यक्ती दिनेश ढुङ्गानाको नेतृत्वमा २०० घरपरिवारका १२ जना सदस्यहरुलाई भेला गराइ अध्ययन सम्बन्धी विभिन्न प्रश्नहरुमा छलफल गरिएको थियो । छलफल गर्दा छलफलमा समावेश सबै व्यक्तीहरुलाई बोल्ने अवसर प्रदान गरिएको थियो । उक्त छलफल कार्यक्रमको मोडरेटरको रुपमा अध्ययन कर्ता स्वयमले संचालन गरिएको थियो भने नोट टेकरको रुपमा साथी संगीता पौडेललाई राखिएको थियो ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया (Data Analysis Process)

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क संकलनका लागि अध्ययनकर्ता स्वयः अध्ययन क्षेत्रमा गई प्रत्यक्ष रुपमा उत्तरदातासँग भेटी आफ्नो उद्देश्य स्पष्ट रुपमा उनिहरूलाई प्रष्ट पारी प्रश्नावली फारम वितरण गरी उनिहरूबाट आएका उत्तरका आधारमा तथ्याङ्क संकलन गरिएको छ । संकलन गरिएका मिल्दाजुल्दा तथ्याङ्कहरूलाई विभिन्न शिर्षकमा विभाजन गरी सरल र स्पष्ट भाषामा सु-व्यवस्थित तरिकाले प्रस्तुत गर्नका लागि तथ्याङ्कमा सामान्य विधिको प्रयोग गरी प्रतिशत निकाल्ने, तालिकीकरण गर्ने र विश्लेषण गरिएका तथ्याङ्कलाई बढि स्पष्ट बनाउन चार्ट, वृत्तचित्र आदिको प्रयोग गरिएको छ ।

## ३.८ नीतिगत प्रावधान (Ethical Consideration)

यस अध्ययनका लागि निम्नलिखित नीतिगत प्रावधान अपनाइ तथ्याङ्क संकलन गरिएको छ ।

१. अध्ययनकर्ताले अध्ययन क्षेत्रका मानिसहरूको तथ्याङ्क संकलन गर्दा अनुमति लिइएको छ ।

२. उनिहरूबाट प्राप्त तथ्याङ्क जस्ताको तस्तै उतारिएको छ तोडमोड गरी बङ्ग्याइएको छैन ।

३. आफ्नो अध्ययनको उद्देश्य पुरा गर्न अध्ययन क्षेत्रका मानिसहरू सँग एकताबद्ध भई उनिहरूलाई विश्वास दिलाइ आश्चर्यचकित नबनाई तथ्याङ्क संकलन गरिएको छ ।

४. बालबालिका सम्बन्धि तथ्याङ्क संकलन गर्दा उनिहरूका अभिभावकहरूसँग अनुमति लिइएको छ ।

५. उत्तरदाताबाट प्राप्त तथ्याङ्क गोपनियता कायम गरी गलत हुन दिइएको छैन ।

# अध्याय चार (CHAPTER:FOUR)

## ४.१ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण (Analysis and Interpretation of Data)

यस अनुसन्धानको क्रममा विभिन्न साधनहरूबाट संकलन गरिएको तथ्याङ्कहरूलाई विभिन्न शीर्षकहरूमा विभाजन गरी सरल र स्पष्ट भाषामा विश्लेषण गरिएको छ । साथै प्रारम्भिक रूपमा संकलित तथ्याङ्कहरूबाट कुनै पनि सूचना स्पष्ट रूपमा व्यक्त नहुने हुँदा तथ्याङ्कको विश्लेषण गर्नुपर्ने हुन्छ । तसर्थ अध्ययनको मुख्य उद्देश्य पुरा गर्नका लागि प्रारम्भमा अध्ययन क्षेत्रको रूपमा उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिकाको समग्र परिचय प्रस्तुत गरी प्राप्त तथ्याङ्कलाई निम्न बुँदाहरूमा क्रमबद्ध गरिएको छ ।

### ४.१.१ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

नेपालको पूर्वाञ्चल विकासक्षेत्र अर्न्तगत सगरमाथा अञ्चलको मध्य भागमा अवस्थित उदयपुर जिल्लाको क्षेत्रफल २०६३ वर्ग किमी रहेको । यो जिल्ला माहाभारत श्रृङ्खलाको विचमा दुईवटा ठुला ठुला लाम्चो आकारको समथर फाँट भएको हुँदा उदयपूर जिल्लालाई भित्री मधेशको रुपमा गणना गरिन्छ यस जिल्लाको सदरमुकाम गाईघाट भन्ने स्थानमा रहेको छ (जि.वि.स. प्रोफाइल २०७३) ।

### ४.१.२ उदयपुर जिल्लाको परिचय (Introduction of Udayapur District)

उदयपुर जिल्ला नेपालको पुर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलको मध्य भागमा अवस्थित छ । यस जिल्लाले माहाभारत पर्वत श्रृङखला देखि चुरे पर्वतमाला सम्मको भु-भाग ओगटेको छ । यस जिल्लको कुल क्षेत्रफल २०६३ वर्ग कि.मि. रहेको छ । क्षेत्रफलको हिसाबले यो जिल्ला २० औं पुर्वाञ्चल विकास क्षेत्रको चौथो र सगरमाथा अञ्चलको दोस्रो स्थानमा पर्दछ । यो जिल्ला माहाभारत श्रृङखलाको बिचमा दुइवटा ठूला-ठूला लाम्चो आकारको समथर फाँट भएको हुँदा यस जिल्लालाई भित्रि मधेशको रुपमा गणना गरिन्छ । पहिला उदय नाम गरेको राजाले यस जिल्लामा बसोबास गरेको हुनाले यस जिल्लाको नाम उदयपुर रहन गएको किंवदन्ती रहेको छ । २०२८ साल भन्दा अगाडी यस जिल्लाको सदरमुकाम हालको पञ्चवती गा.वि.स. मा पर्ने उदयपुर गुठी भन्ने ठाँउमा थियो । वि.सं.

२०२८ जेठ ९ गते देखि यस जिल्लाको सदरमुकाम गाईघाट भन्ने स्थानमा रहेको छ (जि.वि.स. प्रोफाइल २०७३) ।

## ४.१.३. उदयपुर जिल्लाको भौगोलिक अवस्था (Geographical Condition of Udayapur District)

महाभारत पर्वत श्रृङखला देखि चुरे पर्वतमालाको भित्रि मधेस क्षेत्रसम्म समेट्ने उदयपुर जिल्ला विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा विराजमा रहेको छ । यो जिल्ला नेपालको पुर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलमा पर्दछ । पुर्वतिर साघुरिएको पश्चिम तिर फुल्दै गएको यस जिल्लाको क्षेत्रफल २०६३ वर्गकिलोमिटर २०६३०० हेक्टर रहेको छ । भु-वनोटका आधारमा पाहाड, वेशी, टार र तराइको समेत भु-भाग ओगटने यो जिल्ला क्षेत्रफलका हिसाबले २० औं पुर्वाञ्चल विकास क्षेत्रको चौथो र सगरमाथा अञ्चलको दोस्रो स्थानमा पर्दछ । विषम भौगोलिक बनौट रहेको यस जिल्लामा माहाभारत श्रृङखला अन्तर्गत धारिला विकट डाँडाहरू छरिएर रहेका पालता वस्तिहरू छन भने माहाभारत फेदीदेखि चुरे श्रृङखला बिचमा समथर फाँटहरू र दक्षिण सिमाना चुरे क्षेत्रमा घना जंगल रहेको छ । यो जिल्ला समुन्द्र सतहबाट ३६० मिटर देखि २३१० मिटर उचाइ उत्तरी अक्षांश र ८६°०'९" १'०" सम्म पुर्वी देशान्तरमा रहेको छ । (जि.वि.स. प्रोफाइल, २०७३)

## ४.१.४ उदयपुर जिल्लाको जनसाङ्ख्यीक अवस्था (Population Condition of Udaypur District)

राष्ट्रिय जनगणना २०६८ अनुसार उदयपुर जिल्लाको जनसंख्या देशव्यापी रुपमा हेर्दा औषत जनसंख्या रहेको छ । उदयपुर जिल्लाको जनसंख्या तलको तालिकामा देखाइएको छ ।

**तलिका.४.१**

**उदयपुर जिल्लाको जनसाङ्ख्यीक अवस्था**

| कुल घरपरिवार संख्या | जम्मा जनसंख्या | महिला | पुरुष |
|---|---|---|---|
| ६६५५७ | ३१७५३२ | १६७८२० | १४९७१२ |

(स्रोतः- केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

उदयपुर जिल्लामा कुल घरपरिवार संख्या ६६५५७ रहेको छ । जसभित्र ३१७५३२ जनसंख्या रहेका छन । जसमध्ये महिलाको जनसंख्या १६७८२० रहेको छ भने पुरुषको जनसंख्या १४९७१२ रहेको छ ।

## ४.१.५ उदयपुर जिल्लाको सामाजिक अवस्था (Social Condition of Udayapur District)

उदयपुर जिल्लामा विभिन्न जातजातिहरूको बसोबास रहेको छ । भित्रि मधेशमा पर्ने यो जिल्लामा जनजाती १७७८४८ मधेसी ९५४० दलित ३८०७२ र अन्य १३७०४ जनसंख्या रहेको छ । विभिन्न जातजातिको बसोबास भएता पनि यस जिल्लामा जातिय तथा धार्मिक सहिष्णुता रहेको छ । (केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

## ४.१.६ उदयपुर जिल्लाको सांस्कृतिक तथा धार्मिक अवस्था (Cultural and Religious Conditon of Udaypur District)

उदयपुर जिल्ला धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले धेरै महफ्वपूर्ण रहेको छ । यस जिल्लामा विशेष गरि हिन्दु र बौद्ध मार्गीहरूको बाहुल्यता रहेकाले याहा विभिन्न धार्मिक स्थलहरू पनि रहेका छन । यस जिल्लामा रौता भगवती मन्दिर, पञ्चावली मन्दिर, चौदण्डी सिवालय, इन्द्रेश्वर महादेव, चुरिमाइ, रामजानकी मन्दिर, मोतिगडा, सिद्धेश्वर महादेव मन्दिर, चुहाडे गणेश कुष्ण मन्दिर, शिव मन्दिर, जलजले राधा कुष्ण मन्दिर गाईघाट, दनुवार जातिको इष्ट देवताको मन्दिर कटारी, गुप्तेश्वर महादेवको मन्दिर, ककनी मन्दिर कालिखोला आदि धार्मिक स्थलहरू रहेका छन । यि धार्मिक स्थलहरूमा विभिन्न समयहरूमा मेला लागि भक्तजनहरूको घुइचो हुने गर्दछ । (जि.वि.स. प्रोफाइल २०७३)

## ४.१.७ उदयपुर जिल्लाको प्रशासनिक अवस्था (Administrative Conditon of Udaypur District)

यो जिल्लाको सिमाना उत्तरमा भोजपुर तथा खोटाङ्ग र ओखलढुङ्गाका केहि भाग, पश्चिममा मुख्यत सिन्धुली र धनुषाका केहि भाग र दक्षिणमा सिराहा र सप्तरी जिल्ला एवम पुर्वमा सुनसरी र धनकुटा जिल्लाका केहि भाग रहेका छन । यसरी उदयपुर जिल्लाको सिमानामा ९ वटा जिल्लाहरू पर्दछन । जुन नेपालको धेरै जिल्लासँग सिमाना जोडिएको जिल्लाको

दोश्रो स्थानमा पर्दछ । राष्ट्रिय जनगणना २०६८ अनुसार ३ लाख १७ हजार ५ सय ३२ जना जनसंख्या रहेको छ । (जि.वि.स. प्रोफाइल, २०७३)

## ४.१.८ उदयपुर जिल्लाको शैक्षिक अवस्था (Educational Status Udaypur District)

बितेको दश वर्षमा उदयपुरमा साक्षरता ५३.६ प्रतिशतबाट १५.२% ले बढेर ६८.८१% पुगेको देखिएको छ । समग्र राष्ट्रको साक्षरता हाल ६५.९ प्रतिशत रहेको तथा दश वर्षमा समग्रमा ११.८ प्रतिशत ले प्रगति भएको देखिन्छ । उदयपुरमा हाल पनि पुरुष र महिलाको साक्षरता दरमा ठूलो फरक देखिन्छ । महिलाको साक्षरता दर पुरुषको साक्षरता दर १६ प्रतिशतले भन्दा बढिले फरक रहेको छ । उदयपुर जिल्लामा सरकारी विद्यालय शिशु विकास केन्द्र ३९२ प्रा.वि. २२६ नि.मा.वि. १२५ मा.वि. ६८ उ.मा.वि ४१ र ९७ गरि जम्मा ९४९ विद्यालयहरू रहेका छन्, (जि.वि.स., २०७३) ।

उदयपुर जिल्लामा ५ वर्षमाथिको शैक्षिक अवस्थाको अध्ययन गरिएको छ जहाँ पढ्न लेख्न जान्ने, पढ्न मात्र जान्ने, पढ्न र लेख्न दुवै नजान्ने र साक्षरता नखुलेको जनसंख्या लाई तलको तालिकामा देखाइएको छ ।

**तालिका.४.२**

**जिल्लाको ५ वर्ष माथिको शैक्षिक अवस्था (२०६८)**

| ५ वर्ष माथिको कूल जनसंख्या | | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न जान्ने | पढ्न मात्र जान्ने | पढ्न र लेख्न नजान्ने | साक्षरता नखुलेको |
| कुल | २८६०४५ | १९६८४३ | ७२८३ | ८१८५० | ६९ |
| पुरुष | १३३७४६ | १०३२२५ | ३३६६ | २७१३३ | २२ |
| महिला | १५२२९९ | ९३६१८ | ३९१७ | ५४७१७ | ४७ |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग, २०६८

तालिकामा ५ वर्ष माथिको कुल जनसंख्या २८६०४५ रहेको छ जसमध्ये पुरुषको जनसंख्या १३३७४६ रहेको छ भने महिलाको जनसंख्या १५२२९९ रहेका छन् । पढ्न र लेख्न जान्ने कुल जनसंख्या १९६८४३ रहेको मध्ये पुरुषको संख्या १०३२२५ रहेको छ भने महिलाको

संख्या ९३६१८ रहेको छ । पढ्न मात्र जान्ने कुल जनसंख्या ७२८३ रहेको मध्ये पुरुषको संख्या ३३६६ रहेको छ भने महिलाको संख्या ३९१७ रहेको छ । पढ्न र लेख्न नसक्ने निरक्षर जनसंख्या ८१८५० रहेको मध्ये पुरुषको संख्या २७१३३ र महिलाको संख्या ५४७१७ रहेको छ । भने साक्षरता नखुलेको कुल जनसंख्या ६९ मध्ये पुरुषको संख्या २२ र महिलाको संख्या ४७ रहेको छ ।

## ४.१.९ तहगत आधारमा शैक्षिक अवस्था (५वर्षमाथि) (Educational Status Based on Educational Level Above 5 Years)

उदयपुर जिल्लाको ५ वर्ष माथिको तहगत शैक्षिक अवस्थालाई पुर्वप्राथमिक, प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक, एस.एल.सी., प्रविणता प्रमाणपत्र वा सो सरह स्नातक वा सो सरह स्नातकोत्तर र तह नखुलेको भनि विभाजन गरि तालिकामा देखाइएको छ ।

**तालिका ४.३**

**तहगत आधारमा शैक्षिक अवस्था (५ वर्ष माथि) २०६८**

| ५ वर्ष माथिको कुल जनसंख्या | | शैक्षिक तह पुरा गर्ने जनसंख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुर्व प्रा. | प्रा. १-५ | नि.मा. ६-८ | मा.वि. ९-१० | एस.एल.सि. | प्रविणता प्रमाणपत्र र सो सरह | स्नातक वा सो सरह | स्नातकोत्तर | अन्य | औपचारिक शिक्षा | तह नखुलेको |
| कुल | २००९२५ | ७९५१ | ८३३६३ | ४४११९ | २१३८६ | २३१११ | ७८९३ | २०७४ | ५७० | १४१ | ९७४१ | ५७६ |
| पुरुष | १०५३४३ | ४१९५ | ४४४२२ | २२५२१ | ११०३६ | ११९४८ | ४१८२ | १५२० | ४९२ | ६५ | ४६५५ | ३०६ |
| महिला | ९५५८२ | ३७५६ | ३८९४१ | २१५९८ | १०३४९ | १११६३ | ३७११ | ५५४ | ७८ | ७६ | ५०८६ | २७० |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग, २०६८

माथिको तालिकामा उदयपुर जिल्लाको तहगत आधारमा शैक्षिक अवस्थालाई देखाइएको छ । ५ वर्ष माथिको कुल जनसंख्या २००९२५ रहेकोमा पुरुषको जनसंख्या १०५३४३ र महिलाको

जनसंख्या ९५५८२ रहेको छ। पुर्वप्राथमिक तह पुरा गर्ने जम्मा संख्या ७९५१ मध्ये पुरुषको संख्या ४१९५ र महिलाको संख्या ३७५६ रहेको छ। प्राथमिक तह पुरा गर्ने जम्मा संख्या ८३३६३ मध्ये पुरुषको संख्या ४४४२२ र महिला ३८९४१ छन्। नि.मा. वि. पुरा गर्ने जम्मा ४४११९ मध्ये पुरुष २२५२१ र महिला २१५९८ छन् । मा.वि. पुरा गर्ने जम्मा संख्या २१३८६ मध्ये पुरुष ११०३७ र महिला १११६३ छन । एस.एल.सी. पुरा गर्ने २३१११ मध्ये पुरुष ११९४८ र महिला १११६३ रहेका छन्। त्यसैगरी प्रविणता प्रमाणपत्र वा सो सरह पास गर्नेको संख्या ७८९३ मध्ये पुरुषको संख्या ४१८२ र महिलाको संख्या ३७११, स्नातक वा सो सरह पास गर्नेको जम्मा संख्या २०७४ मध्ये पुरुषको संख्या १५२० र महिलाको संख्या ५५४ रहेको छ । स्नातकोत्तर पास गर्नेको जम्मा संख्या ५७० मध्ये पुरुषको जनसंख्या ४९२ र महिलाको संख्या ७८ रहेको छ। अन्य जम्मा जनसंख्या १४१ मध्ये पुरुष ६५ र महिला ७६ जना रहेका छन। औपचारिक शिक्षा लिने जम्मा संख्या ९७४१ मध्ये पुरुषको संख्या ४६५५ र महिलाको संख्या ५०८६ रहेको छ। त्यसैगरी तह नखुलेको जनसंख्या ५७६ मध्ये पुरुषको संख्या ३०६ र महिलाको संख्या २७० जना रहेको छ।

### ४.१.१० उदयपुर जिल्लाको आर्थिक अवस्था (Economic Status of Udayapur District)

उदयपुर जिल्लाको मुख्य खेती भनेको धान, मकै, गहुँ, कोदो र तरकारी खेती रहेको छ । यहाँको अधिकाँश मानिसहरूको आयस्रोत कृषिबाट भएपनि व्यापार व्यवसायमा पनि उतिकै संलग्न भएको पाइन्छ। यसैगरी निजामति कर्मचारी र शिक्षण पेशामा पनि आवद्ध छन। यहाँका प्रायः मानिसहरू मध्यम परिवारका रहेका छन तै पनि आर्थिक सुधारका निम्ती वैदेशिक रोजगारमा जानेहरूको संख्या पनि प्रसस्तै रहेको पाइन्छ । उदयपुर जिल्लालाई चारैतिरबाट चुरे जंगलले ढाकेको हुनाले यहा हर्रो, बर्रो, अमला, तितेपाती, कुरीलो, टिम्मर, रिठ्ठा जस्ता जडिबुटीहरू पाइन्छन्। देशको सबैभन्दा ठूलो र पुरानो सिमेन्ट उद्योग “उदयपुर सिमेन्ट उद्योग” यस जिल्लामा रहेको छ भने यस जिल्लाको अधिकांश भाग सडकले जोडीसकेको छ (जि.वि.स प्रोफाइल २०७३)।

## ४.२ वेल्टार वसाहा नगरपालिकाको परिचय (Introduction of Beltar Basaha)

वेल्टार वसाहा नगरपालिका पुर्वाञ्चल विकास क्षेत्र अर्न्तगत सगरमाथा अञ्चलको उदयपुर जिल्लाको पुर्वी क्षेत्रमा अवस्थित रहेको एक नगरपालिका हो । यो नगरपालिका नेपाल सरकारबाट घोषणा भई मिति २०७१/०१/२५ गतेबाट स्थापना भएको हो । नगरपालिका घोषणा गर्दा वेल्टार र वसाहा गाँउविकास समितिहरू समावेश गरिएका हुन् । यसको भौगोलिक अवस्था २६°७५' देखि २६°८५' उत्तरी अक्षांश तथा ८६°८६' देखि ८६°९७' पुर्वी देशान्तरमा फैलिएको छ । यसको कुल क्षेत्रफल ६८९ वर्ग कि.मि. रहेको छ । २०६८ सालको जनगणना अनुसार यस नगरपालिकाको कुल जनगणना २३८९८ रहेको र हालको वेसलाइन सर्भे अनुसार ३२७०४ र घरधुरी संख्या ५८०२ रहेको छ । यो क्षेत्रको बनोट वरिपरि हरियो डाँडापाखाले घेरिएको अत्यन्तै मनमोहक र सुन्दर रहेको छ । पुर्वी क्षेत्रमा रामपुर गा.वि.स. दक्षिणमा त्रियुगा नदिको समतल फाँट, पश्चिममा आपखहरे डाँडा र उत्तर दिशामा ऐतिहासिक स्थल चौदण्डी रहेको छ । यस क्षेत्रमा थुप्रै खहरे खोलाहरूवर्षा याममा बग्ने गर्दछन् (स्रोतः वेल्टार वसाहा नगरपालिकाको कार्यालय, २०७३) ।

### ४.२.१ वेल्टार वसाहा नगरपालिकाको जनसाङ्ख्यीक अवस्था (Demographic Condition of Belter Basaha Municipality)

२०७१ सालमा घोषणा गरिएको वेल्टार वसाहा नगरपालिकाको जनसांख्यिक विवरण २०७२ सालमा गरिएको वेसलाइन सर्भे अनुसार कुल घरपरिवार संख्या कुल जनसंख्या, महिला र पुरुष गरी विभाजन गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**

**वेल्टार वसाहा नगरपालिकाको जनसाङ्ख्यीक अवस्था : २०७३**

| वडा | घरपरिवार संख्या | कुल जनसंख्या | महिला | पुरुष |
|---|---|---|---|---|
| १ | ६७० | ४६७३ | २३५७ | २३१६ |
| २ | ६८० | ३५२३ | १७९७ | १७२६ |
| ३ | ५६९ | ३४७४ | १७५३ | १७२१ |
| ४ | ४२४ | १३८२ | ६९८ | ६८४ |
| ५ | ५८५ | ३६९२ | १८६९ | १८२३ |
| ६ | ४६३ | २७९३ | १३६२ | १४३१ |
| ७ | ६२९ | ३३६५ | १६८६ | १६७९ |
| ८ | ३२७ | १८३९ | ९३६ | ९०३ |
| ९ | ३४३ | १९१२ | ९६४ | ९४८ |
| १० | ६३८ | ३२९४ | १६६२ | १६३२ |
| ११ | ४७४ | २७५७ | १३९७ | १३६० |
| जम्मा | ५८०२ | ३२७०४ | १६४८१ | १६२२३ |

स्रोतः नगरपालिकाको कार्यालय, २०७३

माथिको तालिकामा वेल्टार वसाहा नगरपालिकाको कुल ३२७०४ रहेको छ । कुल जनसंख्या मध्ये महिलाको जनसंख्या १६४८१ र पुरुषको जनसंख्या १६२२३ रहेको छ । ११ वटा वडामा विभाजित यस नगरपालिकामा ५८०२ घरपरिवार संख्या रहेका छन् । यहाँ महिलाको जनसंख्या पुरुषको तुलनामा २५८ ले बढि रहेको छ ।

## ४.२.२ वेल्टार वसाहा नगरपालिकाको सामाजिक तथा धार्मिक अवस्था (Social and Religious Condition of Belter Basaha Municipality)

राई र मगर जातिको बाहुल्यता रहेको यस नगरपालिकामा धेरै जातजातिका मानिसहरू बसोबास गर्दछन । यहाँ बसोबास गर्ने मुख्य जानजातिहरू ब्राम्हण, क्षेत्री, राई, मगर, तामाङ्ग, नेवार, मुसलमान, थारु, दमाइ, कामी, सार्की, आदि पर्दछन । यहाँका जनजातिहरूले आ-आफ्नै मातृभाषाको प्रयोग गरेपनि यहाको मुख्य भाषा नेपाली नै हो । धर्मको हिसाबले धेरैजसो हिन्दु धर्म क्रिस्चियन धर्म, इसाइ आदि धर्म मान्ने मानिसहरू बसोबास गर्दछन ।

यहाँ अनेक जातजाति, भाषाभाषी र धर्मका मानिसहरू बसोबास गरेपनि यहाँ धार्मिक सहिष्णुता पाइन्छ । चाँडपर्वका हिसाबले यहाँ, दशैं, तिहार, छैट, माघेसक्रान्ती, फागुपुर्णिमा, चैतेदशै,, ईद, उधौली उभौली पर्व, बुद्ध जयन्ती, क्रिसमस आदि मनाउछन । यस क्षेत्रका मानिसहरूको मेलमिलापमा घनिष्टता पाइन्छ । (बेल्टार बसाहा नगरपालिकाको कार्यालय, २०७३)

## ४.२.३ वेल्टार वसाहा नगरपालिकाको शैक्षिक अवस्था (Education Status of Belter Basaha Municipality)

यस नगरपालिकाको शैक्षिक अवस्थालाई अध्ययन गर्दा ३ वटा उच्च मा.वि. ४ वटा मा.वि. ४ वटा नि.मा.वि. र ६ वटा प्राथमिक विद्यालय र नीजि क्षेत्रबाट ३ वटा माध्यमिक विद्यालय र ६ वटा प्रा.वि.हरू रहेका छन । यस नगरपालिकाको शैक्षिक अवस्थालाई तलको तालिकामा देखाइएको छ (बेल्टार बसाहा नगरपालिकाको कार्यालय, २०७३) ।

**तालिका ४.५**

**वेल्टार वसाहा नगरपालिकाको शैक्षिक अवस्था**

| वडा नं. | स्नातकोत्तर उत्तीर्ण | स्नातक तह उत्तिर्ण | प्रविणता प्रमाणपत्र तह उत्तिर्ण | एस.एल.सी. उत्तिर्ण |
|---|---|---|---|---|
| १ | १८ | १२० | ३१८ | ३९३ |
| २ | १४ | ९६ | २९६ | ३७१ |
| ३ | १० | ६६ | २१७ | २९३ |
| ४ | ५ | ३९ | १२० | १९६ |
| ५ | ९ | ५४ | १७४ | ३४० |
| ६ | ७ | ३९ | १९३ | २९६ |
| ७ | ८ | ३६ | २२५ | २८५ |
| ८ | २ | ४५ | १२० | २६६ |
| ९ | ३ | ५८ | १५० | २४८ |
| १० | ६ | ६८ | १९५ | २४४ |
| ११ | ५ | ७२ | १६४ | २५० |
| जम्मा | ८७ | ६९३ | २१७२ | ३१८२ |

स्रोतः न.पा. प्रोफाइल, २०७३ ।

उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिकाको शैक्षिक अवस्था अध्ययन गर्दा सबैभन्दा बढि एस.एल.सी तह उत्तिर्ण गर्नेको संख्या ३१८२ रहेको छ । त्यसपछि प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गर्नेको संख्या २१७२ रहेको छ । त्यसैगरि स्नातक तह पास गर्नेको संख्या ६९३ रहेको छ भने स्नातकोत्तर तह उत्तिर्ण गर्नेको संख्या ८७ जना रहेका छन् ।

### ४.२.४ वेल्टार वसाहा नगरपालिकाको आर्थिक अवस्था (Economic Status of Belter Basaha Municipality)

वेल्टार वसाहा नगरपालिकाको मुख्य रुपमा खेतिपाति मुख्य गरि धान, मकै, गहुँ, कोदो, खेति गरिन्छ । केहि मानिसहरू व्यापार, व्यवसाय र केहि मानिसहरू निजामति सेवा र वैदेशिक रोजगारीमा गएका छन । २०७१ साल भन्दा अगाडी गाउँविकास समितिको रुपमा सञ्चालन हुँदा पनि विभिन्न सेवा सुविधाहरू उपलब्ध भइरहेको थिए । एशियाली विकास बैङ्कको सहयोगमा रु एक करोड भन्दा बढिको लगानीको सक्रियतामा एक भुपु सैनिक खानेपानी आयोजना गा.वि.स. अर्न्तगत सञ्चालित खानेपानी परियोजना र भूमिगत पानीको स्रोत गरी खानेपानीको आपूर्ती भइरहेको छ । सञ्चारको क्षेत्रमा विभिन्न फोन सेवाहरू सञ्चालनमा छन । २०५६ साल देखि विद्युत प्राधिकरणले विद्युत सेवा प्रदान गरिरहेको छ । हाल गा.वि.स. नगरपालिकामा परिणत भएपछि यहा अन्य सुविधाहरू थपिएका छन । नगरपालिकाले विभिन्न बाटोघाटोको मर्मत सम्भार गरिरहेको छ । (बेल्टार बसाहा नगरपालिकाको कार्यालय, २०७३)

## ४.३ नमूना छनौट घरपरिवारको जनसाङ्ख्यीक अवस्था (Demographic situation of Sampled Household)

उदयपुर जिल्लाको वेल्टार वसाहा नगरपालिका वडा नं. २ का जम्मा ६८० घरपरिवार मध्ये सामान्य सम्भावनायुक्त नमूना छनौटमा परेका २०० घरपरिवारको पारिवारिक जनसंख्या अवस्थाको अध्ययन गरिएको छ ।

### ४.३.१ उमेरगत जनसङ्ख्या (Agewise Population)

नमूना छनौट घरपरिवारका सदस्यहरूमध्ये कुन उमेर समूहका जनसंख्या कति संख्यामा रहेछन् भनी अध्ययन गरिएको थियो । अध्ययन गर्दा जन्मेदेखि १४ वर्ष सम्मको उमेर

समूहभित्र पर्ने, १५ वर्ष देखि ५९ वर्ष सम्मको उमेर समूह भित्र पर्ने र ६० वर्ष भन्दा माथिको उमेर समूहभित्र पर्ने जनसंख्या छुट्याई अध्ययन गरिएको थियो । अध्ययन सर्वेक्षण गर्दा प्राप्त समयमा आएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.६**

**नमूना छनौट घरपरिवारको उमेरगत जनसङ्ख्या (२०७३)**

| उमेर | जनसङ्ख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | | |
| ०-१४ | १७० | ९२ | ३६२ | २९.४३ |
| १५-५९ | २७५ | २९५ | ५७० | ४६.३४ |
| ६० वर्ष भन्दा माथि | १४० | १५८ | २९८ | २४.२३ |
| जम्मा | ५८५ | ६४५ | १२३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिकामा नमूना छनौटमा परेका घरपरिवारको उमेरगत जनसंख्यालाई अध्ययन गर्दा ० देखि १४ वर्ष उमेर समुहको जम्मा जनसंख्या ३६२ जना १५ देखि ५९ वर्ष उमेर समुहको जम्मा जनसंख्या ५७० जना र ६० वर्ष भन्दा माथिको जनसंख्या २९८ रहेको पाइयो । २०० घरपरिवारको कुल जनसंख्या १२३० मध्ये पुरुषको ५८५ र महिलाको ६४५ जनसंख्या रहेको पाइयो । ० देखि १४ उमेर समुहको जनसंख्या २९.४३ प्रतिशत, १५ देखि ५९ वर्ष उमेर समुहको जनसंख्या ४६.३४ प्रतिशत र ६० वर्ष भन्दा माथिको जनसंख्या २४.२३ प्रतिशत रहेका  छन् । त्यस्तै गरी प्रतिपरिवार औषत सदस्य संख्या ६.१५ रहेको पाइयो ।

## ४.३.२ जातिगत जनसङ्ख्या (Ethical Population)

नमूना छनौट घरपरिवार भित्र बसोबास गर्ने जाति कति संख्यामा रहेछन् भनी अध्ययन सर्वेक्षण गरिएको थियो । अध्ययन सर्वेक्षण गर्दा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.७**

**नमूना छनौट घरपरिवारको जातिगत जनसङ्ख्या** (२०७३)

| जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| क्षेत्री | ९५ | १०५ | २०० | १६.२७ |
| ब्राह्मण | ५० | ६० | ११० | ८.९४ |
| मगर | ६० | ६५ | १२५ | १०.१६ |
| थारु | ४० | ५५ | ९५ | ७.७२ |
| तामाङ | ५५ | ६५ | १२० | ९.७५ |
| नेवार | ९० | ९० | १८० | १४.६३ |
| राई | १६५ | १६८ | ३३३ | २७.०७ |
| दमाई | २० | २२ | ४२ | ३.४१ |
| कामी | १० | १५ | २५ | २.०३ |
| जम्मा | ५८५ | ६४५ | १२३० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिकामा नमूना छनौट घरपरिवारको जातिगत जनसंख्याको अवस्थालाई देखाइएको छ । जहाँ क्षेत्री १६.२ प्रतिशत, ब्राह्मण ८.९४ प्रतिशत, मगर १०.१६ प्रतिशत, थारु ७.७२ प्रतिशत, तामाङ, ९.७५ प्रतिशत, नेवार १४.६३ प्रतिशत, राई २७.०७ प्रतिशत, दमाई ३.४१ प्रतिशत, कामी २.०३ प्रतिशत मानिसहरू बसोबास गरेको पाइयो ।

## ४.३.३ धार्मिक विवरण (Religious Details)

वेल्टार वसाहा नगरपालिका विभन्नि जातजातिका मानिसहरू बसोवास गर्छन् । यहाँ मुख्य गरी हिन्दु, बौद्ध र क्रिश्चियन धर्म मान्ने मानिसहरू बसोवास गर्दछन् । नमुना छनोटमा परेका घरपरिवारको अध्ययन गर्दाको समयमा पाइएको धर्मगत विवरणलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ४.८**

**नमुना छनोट घरपरिवारको धर्म सम्बन्धी विवरण-२०७३**

| क्र.सं. | धर्म | संलग्न घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु | १६० | ८०.०९ |
| २. | बौद्ध | २५ | १२.४३ |
| ३. | क्रिश्चियन | १५ | ७.४८ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.८ अनुसार अध्ययन क्षेत्रको धर्मगत विवरणलाई अध्ययन गर्दा सबैभन्दा धेरै १६० घरधुरीले हिन्दु (८० प्रतिशत), २५ घरधुरीले बौद्ध (१३ प्रतिशत) र सबैभन्दा थोरै १५ घरधुरीले क्रिश्चियन (७ प्रतिशत) धर्म मान्दछन् । अध्ययन क्षेत्रमा सबैभन्दा बढी (८०.०९) प्रतिशत घरपरिवारले हिन्दु धर्म मान्दछन् र सबैभन्दा कम (७.४८) प्रतिशत क्रिश्चियन धर्म मान्ने गरेको पाइयो ।

## ४.३.४ भू-स्वामित्व (Land Ownership)

यहाँ भूमिको वितरणलाई विघाको आधारमा वर्गीकरण गरिएको छ । भूमिको वर्गीकरण भन्नाले सदस्यहरूले आफ्नो स्वामित्वमा भोग चलन गर्दै आएको भूमिको मात्रा हो । अध्ययन क्षेत्रमा भूमिको वितरण कस्तो छ भन्ने सम्बन्धमा गरिएको अध्ययनमा अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.९**

**भूमि वितरणको मात्रा-२०७३**

| क्र.सं. | भूमिको मात्रा बिघामा | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | भूमिहीन | ७ | ३.५ |
| २. | ०-१ | ३० | १५ |
| ३. | १-५ | ७० | ३५ |
| ४. | ५-१० | ६० | ३० |
| ५. | १०-१५ | ३० | १५ |
| ६. | २० भन्दा धेरै | ३ | १.५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथि तालिका ४.९ मा नमुना छनोटमा परेका घरपरिवारको भूमि वितरणको मात्रालाई देखाइएको छ । जहाँ ७ जना सदस्यहरू भूमिहीन रहेको पाइयो । ३ घरपरिवारको भूमि २० बिगाभन्दा बढी पाइयो । १ विगादेखि ५ विगासम्म जग्गा हुने व्यक्तिहरूको सङ्ख्या सबैभन्दा बढी ७० जना रहेको पाइयो ।

## ४.४ आर्थिक अवस्था (Economic Condition)

आर्थिक अवस्था भित्र नमूना छनौटमा परेका घरपरिवारको पारिवारिक आय, व्यय, बचत अवस्थालाई देखाइएको छ ।

### ४.४.१ नमूना छनौट घरपरिवारका सदस्यहरूको पेशागत विवरण (Professional Condition of Sampled Household)

जीवनयापनका लागि मानिसहरूले कुनै न कुनै पेशा अवलम्बन गर्नुपर्दछ । कृषि, व्यापार, नोकरी, उद्योग वा अन्य रोजगारीका स्रोतहरू हुन सक्छन् । त्यसकारण दैनिकी सहज रुपमा सञ्चालन गर्नका लागि कुनै-कुनै पेशा, व्यवसाय अपनाउनु पर्ने हुन्छ । नमूना छनौटमा परेका घरपरिवारका १५ देखि ६० वर्ष भित्रका काम गर्न सक्ने मानिसहरूको पेशागत विवरण कस्तो रहेछ भनी अध्ययन गरिएको छ । उनिहरूले अवलम्बन गरेका पेशागत विवरणलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१०**

**नमूना छनौट घरपरिवारका सदस्यहरूको पेशागत विवरण (१५-६०) उमेर समुह (२०७३)**


| क्र.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जागिर/नोकरी | ११५ | २०.१८ |
| २ | व्यापार/उद्यमी | ९५ | १६.६६ |
| ३ | कृषि/पशुपालन | ३४० | ५९.६४ |
| ४ | वैदेशिक रोजगार | २० | ३.५२ |
| जम्मा | | ५७० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७३

तालिका ४.१० मा देखाइए अनुसार नमूना छनौट घरपरिवारका काम गर्न सक्ने मानिसहरू मध्ये सबैभन्दा बढि कृषि तथा पशुपालन पेशा अवलम्बन गर्ने ३४० मानिसहरू पाइयो भने सबैभन्दा कम वैदेशिक रोजगारमा जानेहरूको संख्या २० पाइयो । त्यसैगरी जागीर/नोकरीमा लागेका ११५ जना पाइयो भने व्यापार तथा उद्यमीको संख्या ९५ जना रहेको पाइयो ।

**चित्र १**

**नमूना छनौटमा परेका घरपरिवारका सदस्यहरूको पेशागत विवरण** (२०७३)




स्रोत: तालिका ४.१०

माथिको चित्रमा अध्ययनका लागि नमूना छनौटमा परेका घरपरिवारका काम गर्न सक्ने सदस्यको पेशागत विवरणलाई देखाइएको छ । जसमा सबैभन्दा बढि कृषि तथा पशुपालनमा ५९.६४ प्रतिशत मानिसहरू संलग्न रहेका छन् । जागिर (सरकारी तथा नीजि) तथा नोकरीमा २०.१८ प्रतिशत मानिसहरू रहेका छन् । व्यापार गर्ने मानिसहको संख्या १६.६६ प्रतिशत रहेको छ भने वैदेशिक रोजगार र अन्य पेशामा संलग्न जनसंख्या ३.५२ प्रतिशत रहेका छन् ।

### ४.४.२ स्रोतका आधारमा पारिवारिक वार्षिक आम्दानी (Sourcewise Annual Income of Family)

नमूना छनौटमा परेका घरपरिवारले कृषि तथा पशुपालन, जागिर तथा नोकरी, व्यापार तथा उद्योग र वैदेशिक रोजगार पेशामा संलग्न भइ आम्दानी गरेको पाइयो । उल्लेखित पेशाबाट

यहाँ प्रति घरपरिवारको वार्षिक औषत आय अध्ययन सर्वेक्षण गर्दाको समयमा घरपरिवारले प्राप्त गरेको आम्दानीलाई स्रोतको आधारमा तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.११**

**स्रोतका आधारमा घरपरिवारको वार्षिक आम्दानी आ.व. २०७२/७३**


| क्र.सं. | आम्दानीको स्रोत | संलग्न घरपरिवार | |
|---|---|---|---|
| | | जम्मा आम्दानी | प्रतिशत |
| १ | कृषि/पशुपालन | ९१८०००० | २०.९० |
| २ | जागिर/नोकरी | २०७००००० | ४७.१४ |
| ३ | व्यापार/उद्यमी | ६८४०००० | १५.५७ |
| ४ | वैदेशिक रोजगार | ७२००००० | १६.३९ |
| जम्मा वार्षिक आम्दानी | | ४३९२०००० | १०० |
| प्रति घरपरिवाको औषत आय | | २१९६०० | |
| प्रतिव्यक्ति औषत आय | | ३५७०७.३१ | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३।

माथीको तालिकामा स्रोतको आधारमा घरपरिवारको वार्षिक आम्दानीलाई देखाइएको छ । यहाँ कृषि तथा पशुपालनबाट वार्षिक ९१८०००० आम्दानी गरेको पाइयो । त्यस्तै जागिर तथा नोकरीबाट २०७००००० व्यापार तथा उद्यमीबाट ६८४०००० वैदेशिक रोजगारबाट ७२००००० वार्षीक आम्दानी गरेको पाइयो । यँहा घरपरिवारको वार्षिक कूल आम्दानी ४३९२०००० रहेको पाइयो भने प्रतिघरपरिवारको औषत आय २१९६०० पाइयो त्यस्तै प्रतिव्यक्ती औषत आय ३५७०७.३१ रहेको पाइयो । यहाँ प्रतिघरपरिवारको औषत आय निकाल्दा जम्मा आम्दानी ४३९२०००० लाई जम्मा घरपरिवार संख्या २०० ले भाग गरि २१९६०० निकालिएको हो भने प्रतिव्यक्ती आम्दानी निकाल्दा कूल आम्दानी ४३९२०००० लाई जम्मा घरपरिवारका सदस्य संख्याले १२३० ले भाग गरी ३५७०७.३१ निकालिएको हो ।

चित्र नं. २

**स्रोतका आधारमा पारिवारिक वार्षिक आम्दानी आ.व. २०७२/७३**




स्रोत तालिका ४.११

माथिको चित्रमा स्रोतका आधारमा पारिवारिक वार्षिक आम्दानीलाई देखाइएको छ । कृषि तथा पशुपालनबाट २०.९० प्रतिशत आम्दानी गरेको देखिएको छ भने जागिर तथा नोकरीबाट ४७.१४ प्रतिशत व्यापारी तथा उद्यमबाट १५.५७ प्रतिशत र वैदेशिक रोजगारबाट १६.३९ प्रतिशत आम्दानी गरेको देखिन्छ ।

### ४.४.३ पारिवारिक तहगत वार्षिक आम्दानी (Levelwise Annual Income of Household)

अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरपरिवारले विभिन्न स्रोतबाट आम्दानी गरेको पाइयो । अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त वार्षिक आम्दानी विवरणलाई १ देखि २ लाख, २ देखि ३ लाख, ३ देखि ४ लाख र ४ लाख भन्दा माथिको श्रेणीमा विभाजन गरी त्यस आम्दानी श्रेणीमा पर्ने घरपरिवारको संख्या र प्रतिशतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१२**

**घरपरिवारको तहगत वार्षिक आम्दानी आ.व. २०७२/७३**


| क्र.सं. | वार्षिक आय (रु.लाखमा) | संलग्न घरपरिवार | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | १-२ | ४० | २० |
| २ | २-३ | ११५ | ५७.५ |
| ३ | ३-४ | ३० | १५ |
| ४ | ४ देखिमाथि | १५ | ७.५ |
| जम्मा | | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

तालिका ४.१२ मा पारिवारिक तहगत वार्षिक आम्दानीलाई देखाइएको छ । १ लाख देखि २ लाखसम्म आम्दानी गर्ने ४० घरपरिवार रहेको पाइयो भने २ देखि ३ लाखसम्म आम्दानी गर्ने ११५ घरपरिवार पाइयो । त्यस्तै ३ लाख देखि ४ लाखसम्म आम्दानी गर्ने ३० घरपरिवार पाइयो भने ४ लाख देखि माथि आम्दानी गर्ने १५ घरपरिवार रहेको पाइयो ।

**चित्र नं. ३**

**पारिवारिक तहगत वार्षिक आम्दानी आ.व. ०७२/७३**




स्रोत तालिका ४.१२ ।

माथिको चित्रमा पारिवारिक तहगत वार्षिक आम्दानीलाई देखाइएको छ । १ लाख देखि २ लाखसम्म आम्दानी गर्ने परिवार २० प्रतिशत रहेको पाइयो । २ लाख देखि ३ लाख सम्म

आम्दानी गर्ने परिवार ५७.५ प्रतिशत रहेको पाइयो । ३ लाखदेखि ४ लाखसम्म आम्दानी गर्ने परिवार १५ प्रतिशत पाइयो भने ४ लाख देखि माथि आम्दानी गर्ने परिवार ७.५ प्रतिशत पाइयो ।

### ४.४.४ पारिवारिक क्षेत्रगत वार्षिक खर्च (Sectorial Annual Expenditure of Household)

अध्ययन क्षेत्रमा नमूना छनौट घरपरिवारको क्षेत्रगत खर्च र तहगत खर्चलाई तल देखाइएको छ । आम्दानीबाट वर्षमा कुन-कुन क्षेत्रमा कति कति खर्च गर्दा रहेछन भनी गरिएको अध्ययन अनुसार अध्ययन गर्दाको समयमा प्राप्त विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**

**क्षेत्रगत रुपमा घरपरिवारको वार्षिक खर्च** (आ.व.२०७२/७३)

| क्र.सं. | खर्चको विवरण | संलग्न घरपरिवार | |
|---|---|---|---|
| | | खर्च रकम (रु.मा) | प्रतिशत |
| १ | उपभोग | १५०००००० | ४५.३४ |
| २ | शिक्षा | ९०१८००० | २७.२६ |
| ३ | स्वास्थ्य | ४५१५००० | १३.६५ |
| ४ | चाँडपर्व | २५३४००० | ७.६६ |
| | लगानी | १०१८००० | ३.०९ |
| ५ | अन्य | १०, ००००० | ३ |
| जम्मा खर्च (रु.मा) | | ३३०८५००० | १०० |
| औषत प्रतिघरपरिवार खर्च (रु.मा) | | १६५४२५ | |
| प्रतिव्यक्ति वार्षिक औषत खर्च (रु.मा) | | २६८९८.३७ | |


स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका नमुना छनोट घरपरिवारको पारिवारिक वार्षिक क्षेत्रगत खर्चलाई देखाइएको छ । सबैभन्दा बढी उपभोगमा १ करोड ५० लाख खर्च गरेको पाइयो । शिक्षामा ९० लाख १८ हजार, स्वास्थ्यमा ४५ लाख १५ हजार, चाडपर्वमा २५ लाख ३४ हजार, लगानीका

क्षेत्रमा १० लाख १८ हजार खर्च र अन्य क्षेत्रहरूमा १० लाख खर्च गरी जम्मा खर्च ३ करोड ३० लाख ८५ हजार खर्च गरेको पाइयो । यहाँको औषत प्रतिघरपरिवारको खर्च १६५४२५ रहेको पाइयो भने प्रतिव्यक्ति वार्षिक औषत खर्च २६८९.३७ रहेको पाइयो । यहाँ औषत प्रतिघरपरिवारको खर्च निकाल्दा जम्मा खर्च ३३०८५००० लाई जम्मा घरपरिवार संख्या २०० ले भाग गरी १६५४२५ निकालिएको हो भने प्रतिव्यक्ति वार्षिक औषत खर्च निकाल्दा जम्मा खर्च ३३०८५००० लाई जम्मा घरपरिवाका सदस्य संख्या १२३० ले भाग गरी २६८९८.३७ निकालिएको हो ।

**चित्र ४**

**नमूना छनौटमा परेका घरपरिवारको वार्षिक खर्च (२०७२/७३)**




स्रोतः तालिका ४.१३

माथिको वृत्तचित्रमा पारिवारिक वार्षिक क्षेत्रगत खर्चलाई देखाइएको छ । उपभोगमा ४५.३४ प्रतिशत, शिक्षामा २७.२६, स्वास्थ्यमा १३.६५, चाडपर्व ७.६६ प्रतिशत, लगानीको क्षेत्रमा ३.९ र अन्य क्षेत्रमा ३ प्रतिशत खर्च गरेको देखिन्छ ।

अनुसार नमूना छनौट घरपरिवारको क्षेत्रगत वार्षिक खर्चलाई देखाइएको छ । संलग्न घरपरिवारको जम्मा खर्च ३३०८५००० र प्रतिघरपरिवार वार्षिक औषत खर्च १६५४२५ रहेको पाइयो, भने प्रतिव्यक्त वार्षिक औषत खर्च २६८९८.३६ रहेको पाइयो ।

### ४.४.५ पारिवारिक तहगत वार्षिक खर्च (Levelwise Annual Expenditure of Household)

नमूना छनौटमा परेका घरपरिवारको आर्थिक अवस्थाको अध्ययन गर्दा घरपरिवारको तहगत खर्चलाई पनि अध्ययन गर्दा उनिहरूले विभिन्न क्षेत्रमा खर्च गरेको पाइयो । अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त वार्षिक खर्च विवरणलाई ५० हजार देखि १ लाख, १ लाख देखि १ लाख ५० हजारसम्म, १ लाख ५० हजार देखि २ लाख र २ लाख भन्दा माथि खर्च गर्ने घरपरिवारको संख्या प्रतिशतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१४**

**तहगत आधारमा घरपरिवारको वार्षिक खर्च विवरण आ.व.२०७२/७३**

| क्र.सं. | वार्षिक खर्च रु.मा (०००) | संलग्न घरपरिवार | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | ५०-१०० | १० | ५ |
| २ | १००-१५० | ६० | ३० |
| ३ | १५०-२०० | ९० | ४५ |
| ४ | २०० देखि माथि | ४० | २० |
| जम्मा | | २०० | १०० |

माथिको तालिकामा नमूना छनौट घरपरिवारको वार्षिक तहगत खर्चलाई देखाइएको छ । जहाँ वार्षिक ५० हजार देखि १ लाख सम्म खर्च गर्ने १० घरपरिवारहरू रहेका छन् । १ लाख देखि १ लाख ५० हजारसम्म खर्च गर्ने ६० घरपरिवार, १ लाख ५० हजार देखि २ लाख सम्म खर्च गर्ने ९० घरपरिवार र २ लाख देखिमाथि वार्षिक खर्च गर्ने ४० घरपरिवारहरू रहेको पाइयो ।

### ४.४.६ बचत अवस्था (Condition of Saving )

अध्ययन क्षेत्रका घरपरिवारहरूको आम्दानी तथा खर्चको अवस्थाको अध्ययन पश्चात घरपरिवारको बचत अवस्थाको पनि अध्ययन गरिएको थियो । जसबाट प्राप्त नतिजालाई तल प्रस्तुत गरिएको छ ।

## तालिका नं. ४.१५

## घरपरिवारको तहगत वार्षिक बचत आ.व.२०७२/७३

| क्र.सं. | वार्षिक बचत (रु.मा) | घरपरिवार | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | १००००-२०००० | ७ | ३.५ |
| २ | २००००-३०००० | १७ | ८.५ |
| ३ | ३००००-४०००० | २३ | ११.५ |
| ४ | ४००००-५०००० | ३४ | १७ |
| ५ | ५००००-६०००० | ८५ | ४२.५ |
| ६ | ६०००० भन्दा माथि | ३४ | १७ |
| जम्मा | | २०० | १०० |
| जम्मा वार्षिक बचत (रु.मा) | | १०८३५००० | |
| प्रतिघरपरिवार औषत वार्षिक बचत (रु.मा) | | ५४१७५ | |
| प्रतिव्यक्ति औषत वार्षिक बचत (रु.मा) | | ८८०८.९४ | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा घरपरिवारको तहगत वार्षिक बचतलाई देखाइएको छ । यहाँ १० हजारदेखि २० हजार सम्म बचत गर्ने ७ घरपरिवार २० हजारदेखि ३० हजारसम्म बचत गर्ने १७ घरपरिवार, ३० हजारदेखि ४० हजारसम्म बचत गर्ने २३ घरपरिवार, ४० हजारदेखि ५० हजारसम्म बचत गर्ने ३४ घरपरिवार, ५० हजारदेखि ६० हजारसम्म बचत गर्ने ८५ घरपरिवार र ६० हजार भन्दा माथि बचत गर्ने ३४ घरपरिवार रहेको पाइयो । यहाँ २०० घरपरिवारको जम्मा वार्षिक बचत १०८३५००० रहेको पाइयो भने प्रति घरपरिवारको औषत वार्षिक बचत ५४११७ रहेको पाइयो । त्यस्तै प्रतिव्यक्ति वार्षिक बचत ८८०८.९४ रहेको पाइयो । यहाँ प्रति घरपरिवार औषत वार्षिक बचत निकाल्दा जम्मा वार्षिक बचत १०८३५००० लाई कुल घरसंख्या २०० ले भाग गरी ५४१७५ निकालिएको हो भने प्रतिव्यक्ति औषत वार्षिक बचत निकाल्दा जम्मा वार्षिक बचत १०८३५००० लाई घरपरिवार सदस्य संख्या १२३० ले भाग गरी ८८०८.९४ निकालिएको हो ।

## ४.५ शैक्षिक अवस्था (Educational Condition)

शिक्षा मानव स्रोत विकासको आधार हो । शिक्षाले मानिसहरुलाई अध्यारोबाट उज्यालो तर्फ लैजान्छ । शिक्षाले मानिसलाई असल नागरिक बनाएर जीवनयापन गर्न सिकाउनुका साथै चेतनाको विकास सिपको विकास तथा योजनागत कार्यहरूको विकास गरी मानिसहरूलाई परिपक्व र जिम्मेवारीपूर्ण कार्य गर्न सक्ने क्षमताको विकास गर्दछ । शिक्षा बिना सभ्य र सम्मुनत विकासको परिकल्पना गर्न सकिदैन । त्यसैले अध्ययन क्षेत्रमा नमूना छनौट घरपरिवारको शिक्षाको स्थितिका बारेमा अध्ययन गरिएको थियो । जसलाई छुट्टाछुट्टै शिर्षकमा देखाइएको छ ।

### ४.५.१ नमूना छनौट घरपरिवारको शैक्षिक अवस्था (Family Educational Condition of Sample House)

शिक्षा विकासको आधार हो । शिक्षाले नै सामाजिक तथा व्यक्तिगत जीवन उच्च हुने कुनैपनि नागरिक वा व्यक्तिले आफ्नो परिवारको आफ्नो छिमेकीको, समाजको तथा समग्र राष्ट्रको विकास तथा विस्तारमा महफ्वपूर्ण भूमिका योगदान पु¥याउछ । यस अध्ययनको क्रममा नमूना छनौटमा परेका २०० वटा घरपरिवारका १२३० सदस्यहरू मध्ये औपचारिक विद्यालय शिक्षाको उमेर नपुगेका ५५ जना बालबालिकाहरू बाहेकका ११७५ जना सदस्यहरूको शैक्षिक अवस्थालाई विभिन्न शिर्षक रुपमा छुट्याइएर अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त नतिजालाई तलको तालिकामा देखाइएको छ ।

### ४.५.२ तहगत पारिवारिक शैक्षिक अवस्था (Levelwise Educational Status of the Family)

अध्ययन क्षेत्रमा नमूना छनौट घरपरिवारका शैक्षिक अवस्थालाई प्रा.वि. नि.मा. वि. प्रमाणपत्र तह स्नातक तह, स्नातकोत्तर तहमा विभाजन गरी सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको क्रममा प्रा.वि., नि.मा.वि., मा.वि., प्रमाणपत्र तह, स्नातक तह र स्नातकोत्तर तहमा उर्त्तीण सदस्यहरुलाई राखिएको थियो, जसलाई तलको तालिकामा राखिएको छ ।

**तालिका ४.१६**

**तहगत शैक्षिक अवस्था (२०७३)**

| विवरण | घरपरिवारका सदस्य | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| निरक्षर | १७८ | १५.१४ |
| प्रा.वि. | ३८५ | ३२.७६ |
| नि.मा.वि. | २७५ | २३.४० |
| मा.वि. | १८५ | १५.७४ |
| प्रमाणपत्र तह | ९८ | ८.३४ |
| स्नातक | ४८ | ४ |
| स्नातकोत्तर | ६ | ०.६२ |
| जम्मा | ११७५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.१६ मा तहगत आधारमा शैक्षिक अवस्थाको अध्ययन गर्दा १५.१४ प्रतिशत मानिसहरू निरक्षर पाइयो । त्यसैगरि प्रा.वि. पास गर्ने ३८५ जना, नि.मा.वि. तह पास गर्ने २७५ जना, मा.वि.तह पास गर्ने १८५ जना प्रमाणपत्र तह पास गर्ने ९८ जना, स्नातक तह पास गर्ने ४८ जना र स्नातकोत्तर तह उत्तीर्ण गर्ने को संख्या ६ जना रहेको छ ।

### ४.५.३ बालबालिकाहरू पढ्ने शैक्षिक संस्था सम्बन्धि विवरण (Details of Educational Institutional Studying Children)

अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरपरिवारका बालबालिकाहरूको अध्ययन सर्वेक्षण गर्दाको समयमा पढ्दै गरेको शैक्षिक संस्था सम्बन्धि गरिएको अध्ययनमा सरकारी र निजी गरि छुट्याइएको थियो । सरकारी विद्यालय भन्नाले सरकारी खर्चबाट सञ्चालित शुल्क कम लाग्ने/नलाग्ने विद्यालय हो भने निजि विद्यालय भन्नाले व्यक्ति वा समुहको खर्चमा सञ्चालित बढि शुल्क लाग्ने विद्यालय हो । यस अध्ययनमा ५ वर्ष देखि २५ वर्ष उमेर समुहको छोराछोरीले अध्ययन गर्ने शैक्षिक संस्था सम्बन्धि विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१७**

**शैक्षिक संस्था सम्बन्धि विवरण २०७३**


| क्र.सं. | विवरण | घरधुरी | घरपरिवारका बालबालिका ५-२५ वर्ष | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| १ | विद्यालय नजाने | ० | ० | ० |
| २ | सरकारी | ८० | २२२ | ४८.५७ |
| ३ | निजि | ६० | ९५ | २०.७९ |
| ४ | दुवै | ६० | १४० | ३०.६४ |
| | जम्मा | २०० | ४५७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका नमूना छनौटमा परेका घरपरिवारका बालबालिकाहरू पढ्ने शैक्षिक संस्था सम्बन्धि विवरण देखाइएको छ । छनौट गरिएका घरपरिवारका ५ देखि २५ वर्ष भित्रका ४५७ सबै बालबालिकाहरू विद्यालय जाने गरेको पाइयो । २०० घरपरिवार मध्ये ८० घर परिवारका ४८.५७ प्रतिशत बालबालिकाहरू सरकारी विद्यालयमा ६० घरपरिवारका २०.७९ प्रतिशत बालबालिकाहरु निजि विद्यालयमा र ६० घरपरिवारका ३०.६४ प्रतिशत बालबालिकाहरु मध्ये १४.२२ प्रतिशत छोराहरुलाई निजि विद्यालयमा र १६.४१ प्रतिशत छोरीलाई सरकारी विद्यालय पढाइएको पाइयो ।

**चित्र ५**

**नमूना छनौट घरपरिवारका वालवालिकाले अध्ययन गर्ने शैक्षिक संस्था सम्बन्धी विवरण**




स्रोतः तालिका : ४. १७ ।

वृत्तचित्रमा अध्ययन क्षेत्रमा नमूना छनौट घरपरिवारका ५ वर्ष देखि २५ वर्ष सम्मका वालवालिकाहरुले पढ्ने शैक्षिक संस्था सम्बन्धी  अध्ययन गर्दा सरकारी विद्यालयमा ४८.५७ प्रतिशत, निजी विद्यालयमा २०.७९ प्रतिशत र निजी र सरकारी दुवैमा आधा, आधा गरी ३०.६४ प्रतिशत वालवालिकाहरुले अध्ययन गरेको पाइयो । विद्यालय नजाने वालवालिकाहरु नरहेको पाइयो ।

## ४.५.४ बालबालिकाहरूको स्कुल भर्नादर (School Enrollment of Children)

अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरपरिवारका औपचारिक विद्यालय शिक्षाको उमेर ६ वर्ष पुगेका बालबालिकाहरू विद्यालयमा भर्ना भएका छन् वा छैनन् भनी उनिहरूका अभिभावकलाई सोधिएको प्रश्नबाट आएको उत्तरका आधारमा बालबालिकाको स्कूल भर्नादर लाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१८**

**बालबालिकाको स्कुल भर्नादर**

| क.सं. | विवरण | बलबालिका संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालयमा भर्ना नहुने | - | - |
| २ | विद्यालयमा भर्ना हुने | ५५ | १०० |
|  | जम्मा | ५५ | १०० |

माथिको तालिकामा औपचारिक रुपमा विद्यालय शिक्षाको उमेर ६ पुगेका बालबालिकाहरू शतप्रतिशत विद्यालयमा भर्ना भएको पाइयो ।

## ४.६ मानव विकास सूचकाङ्क (Human Development Index)

मानिसको गुणस्तरीय जीवनको मापन गर्नका लागि मानव विकास सूचक महफ्वपूर्ण मानिन्छ । मानव विकासका माध्यामबाट देशका नागरिकहरुको गुणस्तरिय जीवनको वास्तविक मापन गर्नका लागि संयुक्त राष्ट्रसंघिय मानव विकास कार्यक्रम (UNDP) ले सन् १९९० मा मानव विकास सूचक निर्माण गरेका थियो । मानव विकास सूचक अनुसार आय, जीवन प्रत्यासा र शिक्षालाई तीन समुहमा विभाजन गरी हरेक क्षेत्रका लागि ० देखि १ स्केल निर्माण गरिन्छ । स्केल निर्माण गर्दा ०.० देखि ०.५ सम्म न्यून मानव विकास ०.५१

देखि ०.६९ सम्म मध्यम मानव विकास र ०.७९ देखि १ सम्म उच्च मानव विकास भएको मानेको छ । मानव विकास सूचक (HDI) ले मानिसको जीवनको भौतिक लगायत सबै प्रकारको गुणको बारेमा व्यक्त गर्दछ । मानवीय विकास सूचकाङ्क निकाल्न प्रत्येक सूचकको अधिकतम र न्यूनतम अंक थाहा हुनुपर्दछ । संयुक्त राष्ट संघले तोकेको अधिकतम र न्यूनतम अंकहरु निम्नानुसार देखाइएको छ ।

### ४.६.१ मानव विकास सूचाकाङ्कको न्यूनतम र अधिकतम मूल्य (Minimum and Maximum Value of Human Development Index)

मानव विकास सूचकाङ्कको अध्ययन गर्नका लागि यसको न्यूनतम मान तथा अधिकतम थाहा हुनुपर्छ । तल तालिकामा UNDP ले निर्धारण गरेको मान प्रस्तुत गरिएको छ ।

**तालिका ४.१९**

**न्यूनतम तथा अधिकतम मूल्य**

| सूचक | एकाइ | न्युनतम मूल्य | अधिकतम मूल्य |
|---|---|---|---|
| जीवन प्रत्यासा | वर्ष | २५ | ८५ |
| प्रौढ साक्षरता दर | प्रतिशत | ० | १०० |
| स्कुल भर्ना दर | प्रतिशत | ० | १०० |
| प्रतिव्यक्ति आय | क्रय शक्ति समता (PPP) | १०० | ६१५४ |

स्रोतः ज्ञवाली तथा पौडेल, (२०६९) ।

तालिका ४.१९ मा UNDP ले तोकेको न्यूनतम तथा अधिकतम मूल्यलाई देखाइएको छ । जहाँ जिवन प्रत्यासाको न्यूनतम मूल्य २५ तोकिएको छ भने अधिकतम मूल्य ८५ तोकिएको छ । त्यस्तै प्रौढ साक्षरता दरको न्यूनतम मूल्य ० र अधिकतम मूल्य १०० तोकिएको छ । त्यस्तै विद्यालय भर्ना दरको न्यूनतम मूल्य ० र अधिकतम मूल्य १०० तोकिएको छ । त्यस्तै प्रतिव्यक्ति आय (क्रय शक्ति समता) को न्यूनतम मूल्य १०० तोकिएको छ भने अधिकतम मूल्य ६१५४ तोकिएको छ ।

## ४.६.२ अध्ययन क्षेत्रमा मानव विकास सूचक (Human Development Index in Study Area)

मानवीय विकासको अवधारणा अनुसार विकासका लागि तीन प्रमूख तत्वहरु आवश्यक पर्दछन भनिएको छ जसमा सूचना, सीप र ज्ञानदिने शिक्षा, मानसिक तथा शारीरिक वेदनाबाट मुक्ती दिलाउने स्वास्थ्य र समाजमा सम्मानपुर्ण जीवनयापन पर्ने आय यी तत्वहरुको पहुँचको आधारमा विकासको मापन गरीनुपर्दछ भन्ने मान्यता मानव विकास सूचकले राख्छ । मानव विकास सूचक भित्र आम्दानी, औषत आयु र शिक्षा जस्ता तत्वहरु पर्दछन् । अध्ययन क्षेत्रमा यी तत्वहरुको व्याख्या, विश्लेषण गणना तल गरिएको छ ।

### प्रतिव्यक्ति आम्दानी (Per Capita Income)

प्रतिव्यक्ति आम्दानी अन्तर्गत बचतदर निर्भरता दर, बचत र लगानी अनुपात, पुँजीनिर्माणको दर आदि पर्दछन् । यस्ता परिसूचकहरुको अवस्थामा सुधार आएको खण्डमा मानव विकास भएको मानिन्छ भने परिसूचकहरुको कमजोर अवस्थाले मानव विकासको स्थितीमा पनि कमजोर रहेको देखाउछ । प्रतिव्यक्ति आय पत्ता लगाउन क्रयशक्ति समताले आयको वास्तविक जानकारी प्राप्त हुन्छ । तसर्थ अध्ययन क्षेत्रका नमूना छनौट सदस्यहरुको क्रयशक्ति समता पत्ता लगाउनु पर्ने हुन्छ । नेपालको क्रयशक्ति समता trading economic२०१६ अनुसार २३१२.२९ रहेको छ । अध्ययन क्षेत्रको नमूना छनौट घरपरिवारको वार्षिक कुल आम्दानी ४३९२००० रहेको छ । यसलाई नेपालको कुल क्रयशक्ति समताले भाग गर्दा १८९९३.३४ हुन्छ । यो आम्दानीलाई डलरमा व्यक्त गर्दा २०७३/१२/१ गतेको गोरखापत्रमा नेपाल राष्ट्र बैंकले तोकेको विनिमयदर १०६/८७ रहेको छ । यो विनिमय दरले १८९९९३.३४ आम्दानीलाई भाग गर्दा अध्ययन क्षेत्रको कयशक्ति समता रु १७९.१९ मा प्राप्त हुन आउँछ । प्राप्त तथ्याङ्कका आधारमा अध्ययन क्षेत्रको क्रयशक्तिलाई निम्न अनुसार गणना गरिएको छ ।

## ४.६.३ क्रयशक्ति समताका आधारमा आय सुचकाङ्क (Income Index in Terms of Purchasing Power Parity -PPP)

$$\text{क्रयशक्ति समता (PPP)} = \frac{\text{अध्ययन क्षेत्रको क्रयशक्ति समता - न्यूनतम मूल्य}}{\text{अधिकतम मूल्य - न्यूनतम मूल्य}}$$

यहाँ,

अध्ययन क्षेत्रको क्रयशक्ति समता (PP ) =१७९.१९

न्युनतम मूल्य = १००

अधिकतम मूल्य = ६१५४

क्रयशक्ति समता (PPP) = $\frac{(१७९.१९-१००)}{६१५४-१००}$

= ०.०१३

## ४.६.४ जीवन प्रत्यासा/औषत आयु सूचाकाङ्क (Life Expectancy Index)

जीवन प्रत्यासा अन्तर्गत स्वास्थ्य सरसफाइ, शिशु मृत्युदर बालमृत्युदर, मातृमृत्युदर आदिजस्ता कुराहरुको संयोगबाट औषत आयु गणना गर्ने गरिन्छ। यसले मानिसको स्वास्थ्य सुविधाको स्तरलाई देखाउछ। अध्ययन क्षेत्रको जीवन प्रत्यासालाई पत्ता लगाउन नेपालको जनगणना २०६८ अनुसार तराइको शहरी क्षेत्रको औषत आयुलाई आधार मानिएको छ। यँहा तराइको शहरी क्षेत्रको औषत आयु ६६.१९ रहेको छ। यहि तथ्याङ्कका आधारमा अध्ययन क्षेत्रको जीवन प्रत्यासाको गणना तल गरिएको छ।

जीवन प्रत्यासा (LEI) = $\frac{\text{अध्ययन क्षेत्रको जीवन प्रत्यासा - न्यूनतम मूल्य}}{\text{अधिकतम मूल्य - न्यूनतम मूल्य}}$

यहाँ,

अध्ययन क्षेत्रको जीवन प्रत्यासा = ६६.१९

न्यूनतम मूल्य = २५ वर्ष

अधिकतम मूल्य = ८५ वर्ष

सूत्र अनुसार,

जीवन प्रत्यासा सूचकाङ्क (LEI) = $\frac{६६.१९-२५}{८५-२५}$

= ०.६८६

### ४.६.५ शैक्षिक अवस्था सूचकाङ्क (Educational Attainment Index- EAI)

शैक्षिक अवस्थालाई प्रौढ साक्षरता दर र स्कूल भर्ना दर आदिका आधारमा शैक्षिक सूचकाङ्कको गणना गरिन्छ । नेपालको साक्षरता दर ६३.९ रहेको छ । प्राथमिक तहको स्कुल भर्नादर नेपालको आर्थिक सर्वेक्षण २०७२/७३ अनुसार ९६ प्रतिशत रहेको छ । यसैका आधारमा अध्ययन क्षेत्रको शैक्षिक अवस्था सूचकाङ्कलाई यसरी गणना गरिन्छ ।

शैक्षिक अवस्था सूचकाङ्क (EAI) = $(\frac{2}{3}AL + \frac{1}{3}SE)$

पौढ साक्षरता सूचकाङ्क (Adult Literacy Index-ALI) = $\frac{\text{(साक्षरता दर - न्यूनतम मूल्य)}}{\text{अधिकतम मूल्य - न्युनतम मूल्य}}$

यँहा

EAI=Educational Attainment Index

ALI = Adult Literacy Index

SENI = School Enrollment Number Index

नेपालको साक्षरता दर = ६३.९ प्रतिशत

न्यूनतम मूल्य = ० प्रतिशत

अधिकतम मूल्य = १०० प्रतिशत

सुत्र अनुसार,

पौढ साक्षरता दर ALI = $\frac{(६३.९-०)}{(१००-०)}$

= ०.६३९

स्कूल भर्ना नम्बर सूचकाङ्क (SENI) = $\frac{\text{भर्ना - न्यूनतम मूल्य}}{\text{अधिकतम मूल्य - न्यूनतम मूल्य}}$

यँहा,

स्कुल भर्ना नम्बर सूचक . ९६ प्रतिशत

अधिकतम मूल्य = १०० प्रतिशत

न्यूनतम मूल्य = ० प्रतिशत

अत:

$$\text{स्कूल भर्ना नम्बर सूचकाङ्क (SENI)} = \frac{९६-०}{१००-०}$$

$$= ०.९६०$$

अत:

$$\text{शैक्षिक अवस्था सूचकाङ्क (EAI)} = (\frac{2}{3}AL\ +\frac{1}{3}SE\ \ I)$$

$$= (\frac{2}{3}\times 0.639 + \frac{1}{3}\times\ 0.960)$$

$$= 0.426 + 0.320$$

$$= 0.746$$

यस कारण,

$$\text{मानव विकास सुचकाङ्क (HDI)} = \frac{1}{3}(LE\ \ +EA\ \ +PP\ \ )$$

$$= \frac{1}{3}(0.686 + 0.746 + 0.013)$$

$$= 0.481$$

UNDP ले मानव विकास सूचाकाङ्कको विश्लेषण निम्नानुसार गरिएको छ:-

**तालिका ४.२०**

**The value of HDI Range From 0-1**

| | |
|---|---|
| न्यून मानव विकास सूचाकाङ्क (Low HDI) | ०-०.४९९ |
| मध्यम मानव विकास सूचकाङ्क (Medium HDI) | ०.५००-०.७९९ |
| उच्च मानव विकास (HIgh HDI) | ०.८०-१.०० |

स्रोत: ज्ञवाली तथा पौडेल, २०६९ ।

माथिको तालिकामा उल्लेख गरिएको मानव विकास सूचकाङ्क विश्लेषणका आधारमा अध्ययन क्षेत्रको मानव विकास सूचकाङ्क ०.४८१ रहेको पाइयो । UNDP ०.४९९ सम्म न्यून मानव विकास भनी परिभाषित गरेको हुँदा अध्ययन क्षेत्रमा न्यून मानव विकास भएको पाइयो ।

## ४.७ नमूना छनौट घरपरिवारमा आर्थिक तथा शैक्षिक प्रभाव (Economic and Educational Effect in Sampled House)

### ४.७.१ आर्थिक प्रभाव (Economic Effect)

उदयपुर जिल्लाको वेल्टार वसाहा नगरपालिका वडा नं भित्र नमूना छनौट २०० घरपरिवारका सदस्यहरुमा मानव स्रोत विकासले आर्थिक क्षेत्रमा पारेको प्रभावलाई विश्लेषण गर्दा मूख्यतयाः पेशा, आम्दानी, खर्च वचत आदि पक्षलाई अध्ययन गरिएको छ । जसलाई तल बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

१. अध्ययन क्षेत्रमा नमूना छनौट घरपरिवारका कुल १२३० सदस्यहरुमध्ये १५ देखि ६० वर्ष भित्रका काम गर्न सक्ने जनशक्तिहरु ५७० रहेका छन् । यि सम्पूर्ण जनशक्तिहरुले विभिन्न पेशाहरु कृषि, व्यापार, जागिर, र वैदेशिक रोजगारका पेशाहरु अंगाली आम्दानी वृद्धि गरेको पाइयो । त्यसैले याँहाका सदस्यहरुको आर्थिक वृद्धि हुनुका साथै जीवनस्तरमा समेत सकरात्मक प्रभाव पारेको पाइयो ।

२. यँहाका सदस्यहरुको वार्षिक आम्दानी बढी भएकाले उनिहरुको वार्षिक खर्च पनि बढी भएको पाइयो ।

३. यँहाका कुल २०० घरपरिवारहरुले नै वार्षिक रुपमा १०,००० देखि ६०,००० भन्दा माथि सम्म वचत गरेको पाइयो ।

४. वार्षिक रुपमा वचत गरेको रकमलाई विभिन्न कृषि, पशुपालन, व्यापार लगायत अन्य उत्पादनमूलक क्षेत्रमा लगानी गरी उत्पादकत्वमा वुद्धि गरेको पाइयो ।

### ४.७.२ शैक्षिक प्रभाव (Eductional Effect)

उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिका वडा नं भित्र नमूना छनौट २०० घरपरिवारका १२३० सदस्य मध्ये औपचारिक विद्यालय शिक्षाको उमेर नपुगेका ५५ जना वालवालिकाहरु बाहेक ११७५ जना सदस्यहरुको शैक्षिक अवस्थालाई अध्ययन गर्दा प्रा. वि. नि मा वि मा प्रमाणपत्र तह, स्नातक र स्नातकोत्तर उर्त्तीण शिक्षाका साथै सरकारी र निजि विद्यालयमा पठन पाठन गर्ने बालवालिकाहरुको अध्ययन गरिएको छ । जसलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

१. अध्ययन क्षेत्रमा नमूना छनौट घरपरिवारका ११७५ जना सदस्यहरुको शैक्षिक अवस्था अध्ययन गर्दा ९९७ जना सदस्यहरु साक्षर रहेको पाइयो । जसमध्ये प्रा. वि उर्त्तीण गर्ने ३८५ जना, नि. मा. वि उर्त्तीण गर्ने १८५ जना, प्रमाणपत्र तह उर्त्तीण गर्ने ९८ जना मा. वि उर्त्तीण गर्ने १८५ जना, स्तातक तह उर्त्तीण गर्ने ४८ जना र स्नातकोत्तर तह उर्त्तीण गर्ने ६ जना सदस्यहरु पाइयो ।

२. ११७५ साक्षर सदस्यहरु मध्ये १७८ जना सदस्यहरु निरक्षर रहेको पाइयो ।

३. औपचारिक विद्यालय शिक्षाको उमेर पुगेका सम्पूर्ण वालवालिकाहरुलाई अभिभावकहरुले विद्यालय भर्ना गराएको पाइयो ।

४. ५ वर्ष देखि २५ वर्ष भित्रका ४५७ सदस्यहरुले पठन पाठन गर्ने शैक्षिक संस्था सम्बन्धि अध्ययन गर्दा ८० घरपरिवारका २२२ जना सदस्यहरु सरकारी विद्यालयमा ६० घरपरिवारका ९५ जना सदस्यहरु निजि विद्यालयमा र ६० घरपरिवारको १४० सदस्य हरुमध्ये ६५ जना छोरा निजि विद्यालयमा र ७५ जना छोरी सरकारी विद्यालयमा पठन पाठन गराइएको पाइयो । ६० घरपरिवारका ७५ जना छोरीलाई छोरा र छोरीमा भेदभाव गरी सरकारी विद्यालय पढाइएको पाइयो ।

## ४.८ मानव स्रोत विकासको अवस्था (Condition of Human Resource Development)

कुनैपनि देश अथवा ठाँउको मानव स्रोत विकास हुन त्यस ठाँउको शिक्षा, स्वास्थ्य, रोजगारी, लगायत अन्य विविध कुराहरूको राम्रो सँग विकास भएको हुनुपर्दछ । यि कुराहरूको विकास भएको छ वा छैन भन्ने कुरा थाहा पाउन यिनिहरूको अध्ययन सर्वेक्षण गर्न जरुरी हुन्छ । तसर्थ अध्ययन क्षेत्रको नमूना छनौट घरपरिवारको मानव स्रोत विकासको अवस्था अध्ययन गरिएको थियो । जस अर्न्तगत शिक्षाको अवस्था, स्वास्थ्य अवस्था, खानेपानी को अवस्था र रोजगारीको अवस्थाको अध्ययन गरिएको थियो । जसलाई छुट्टाछुट्टै शीर्षकमा देखाइएको छ ।

### ४.८.१ स्वास्थ्य अवस्था (Health Condition)

स्वस्थ जनशक्तिनै देश विकासको आधार हो । स्वास्थ्य जीवनले कार्यक्षमता बढाउछ । अस्वस्थ जीवनले शिक्षा उद्यम, आयआर्जन, धार्मिक राजनितिक र सामाजिक सहभागितामा

अवरोध पैदा गर्दछ । अस्वस्थले अरुप्रतिको निर्भरतालाई बढाउँछ । साथै व्यक्तिले समाजमा गर्न सक्ने सम्भाव्य योगदानमा अड्चन पैदा गर्दछन र मानव स्रोत विकास हुन सक्दैन । स्वास्थ्य अवस्था राम्रो बनाउनका लागि राज्यका तर्फबाट पनि सक्दो प्रयास गर्नु आवश्यक हुन्छ । अध्ययन क्षेत्रका व्यक्तिहरूको स्वास्थ्य स्थिति विवरणलाई तल प्रस्तुत गरिएको छ ।

### ४.८.२ स्वास्थ्य संस्था (Health Institutions)

स्वास्थ्य सुविधा पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार हो । हरेक नागरिकले बिरामी पर्दा सजिलै उपचार पाउनु पर्दछ । जुन स्थानमा स्वास्थ्य संस्थाहरू प्रशस्त हुन्छन् उक्त स्थानका व्यक्तिहरूले स्वास्थ्य सेवा सजिलै पाउन सक्छन् । अध्ययन क्षेत्रमा भएका स्वास्थ्य संस्था सम्बन्धी विवरणलाई तालिकामा देखाइएको छ ।

**तालिका ४.२१**

**स्वास्थ्य संस्था सम्बन्धी विवरण २०७३**

| क. सं. | स्वास्थ्य संस्था | संख्या |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | १ |
| २ | मेडिकल | ३ |
| जम्मा | | ४ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.२१ अनुसार अध्ययन क्षेत्रमा १ स्वास्थ्य चौकी तथा ३ निजी मेडिकल ३ वटा रहेको पाइयो ।

### ४.८.३ विरामी हुँदा जाने ठाँउ (Destination of Sicknesse)

अध्ययन क्षेत्रका नमूना छनौट घरपरिवारका मानिसहरूलाई बिरामी हुँदा सवभन्दा पहिला काहा जानुहुन्छ भनी प्रश्न सोधिएको थियो । जसबाट प्राप्त नतिजालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२२**

**नमूना छनौट घरपरिवारका सदस्याहरू विरामी हुँदा जाने ठाँउ**

| क्र.सं. | विवरण | सदस्य संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | डाक्टर | १०५० | ८५.३६ |
| २ | धामी, झाँक्री | १८० | १४.६४ |
| जम्मा | | १२३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकामा नमूना छनौटमा परेका घरपरिवारका सदस्यहरूलाई सोधिएको प्रश्नमा ८५.३६ प्रतिशत मानिसहरू विरामी हुँदा डाक्टरकोमा जाने वताएका छन भने अझैपनि १४.६४ प्रतिशत मानिसहरू धामी झाँक्रीकोमा जाने गरेको पाइयो । यसबाट के भन्न सकिन्छ भने अझै पनि त्यस ठाँउका मानिसहरूमा धामी झाँक्री प्रतिको विश्वास रहेको देखिन्छ ।

## ४.८.४ शिशु मृत्युको अवस्था (Infant Mortality Condition)

अध्ययन क्षेत्रमा नमूना छनौट घरपरिवारका अभिभावकहरूलाई तपाईंको घरमा अन्तिम ५ वर्षको समयावधिमा एक वर्ष नपुग्दै कुनै शिशुहरूको मृत्यु भएको छ भनि प्रश्न सोधिएको थियो । जसबाट प्राप्त उत्तर (परिणाम) लाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२३**

**नमूना छनोट घरपरिवारमा शिशु मृत्युको विवरण**

| साल | १ वर्ष उमेर नपुग्दै मर्ने शिशु संख्या | प्रतिशत |
|---|---|---|
| २०६९ | ८ | ४२.१० |
| २०७० | ५ | २६.३१ |
| २०७१ | ३ | १५.७८ |
| २०६२ | २ | १०.५५ |
| २०७३ | १ | ५.२६ |
| जम्मा | १९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ४.२३ मा नमूना छनौटमा परेका घरपरिवारका अभिभावकहरूलाई सोधिएको प्रश्नमा २०६९ सालमा ४२.१० प्रतिशत शिशुहरूको मृत्यु भएको पाइयो । त्यसैगरी २०७० सालमा २६.३१ प्रतिशत, २०७१ सालमा १५.७८ प्रतिशत, २०७२ सालमा १०.५५ प्रतिशत र २०७३ सालमा ५.२६ प्रतिशत शिशुहरूको मृत्यु भएको पाइयो । यसबाट प्राप्त नतिजा अनुसार के भन्न सकिन्छ भने शिशु मृत्युको संख्या वार्षिक रुपमा घट्दै गएको पाइएका कारण यी क्षेत्रका मानिसहरूमा चेतनाको विकास भएको छ भन्न सकिन्छ ।

## ४.८.५ बालमृत्युको अवस्था (Child Mortality Condition)

अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरपरिवारका अभिभावकहरूलाई तपाईंको घरमा अन्तिम ५ वर्षको समयावधि भित्र १ वर्ष देखि ४ वर्ष पुरा गरी ५ वर्ष नपुगेका कुनै बालबालिकाहरूको मृत्यु भयो भनी प्रश्न सोधिएको थियो । जसबाट प्राप्त उत्तर (परिणामलाई) तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२४**

**नमूना छनोट घरपरिवारको बाल मृत्युको अवस्था**

| साल | १ वर्ष उमेर पुरा भई ५ वर्ष नलागेका बालबालिकाको मृत्यु संख्या | प्रतिशत |
|---|---|---|
| २०६९ | २ | २२.२२ |
| २०७० | ३ | ३३.३४ |
| २०७१ | १ | ११.११ |
| २०७२ | २ | २२.२२ |
| २०७३ | १ | ११.११ |
| जम्मा | ९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ४.२४ मा नमूना छनौट घरपरिवारका अभिभावकहरूलाई सोधिएको प्रश्नमा १ वर्ष देखि ४ वर्ष पुरा भई ५ वर्ष नलागेका बालबालिका २०६९ सालमा २ जना, २०७० सालमा ३ जना, २०७१ सालमा १ जना, २०७२ सालमा २ जना र २०७३ सालमा १ जना बालबालिकाको मृत्यु भएको पाइयो ।

### ४.८.६ मातृमृत्युको अवस्था (Maternal Mortality Condition)

अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका घरपरिवारका अभिभावकहरूलाई तपाइको घरमा कुनै महिला सदस्य गर्भवति भएको दिनदेखि बच्चा जन्माइसकेको ६ हप्तासम्मको समयावधिमा अथवा प्रसव को कारणले ५ वर्षको समयावधि भित्र मृत्यु भएको छ ? भनी प्रश्न सोधिएको थियो । उनिहरूबाट प्राप्त उत्तरलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२५**

**छनोट घरपरिवारको मातृमृत्युको अवस्था**

| साल | प्रसवको कारणले मृत्यु हुने महिलाको संख्या | प्रतिशत |
|---|---|---|
| २०६९ | २ | ४० |
| २०७० | - | - |
| २०७१ | १ | २० |
| २०७२ | २ | ४० |
| २०७३ | - | - |
| जम्मा | ५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको ४.२५ मा नमूना छनौटमा परेका घरपरिवारका अभिभावकहरूलाई सोधिएको प्रश्नमा उत्तरमा प्रशवको कारणले मृत्यु हुने महिलाहरूमा २०६९ सालमा २ जना, २०७१ सालमा १ जना, २०७२ सालमा २ जना पाइयो भने २०७० र २०७३ सालमा प्रसवको कारणले मृत्यु हुने महिला पाइएनन् ।

### ४.८.७ जेष्ठ सदस्यको मृत्यु विवरण (Eldest Member Mortality)

नमूना छनौट घरपरिवारको सदस्यहरूको अन्तिम ५ वर्षको समयावधिमा मर्ने जेष्ठ सदस्यहरूको मुत्युको विवरण संकलन गर्दा नमूना छनौट घरपरिवारका जेष्ठ सदस्यहरूलाई तपाइको घरमा अन्तिम ५ वर्षको समयावधिमा परिवारको जेष्ठ सदस्य दिवंगत हुनुभयो ? भनी प्रश्न सोधिएको थियो । उमेरगत आधारमा जेष्ठ सदस्यहरूको मृत्यु विवरण संकलन गर्ने क्रममा ५०-५५, ५५-६०, ६० देखि ६५, ६५ देखि ७०, ७० देखि माथि ५ समुहमा

विभाजन गरि दिवंगत सदस्यको तथ्याङ्क संकलन गरिएको थियो । उक्त तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२६**

**उमेरगत जेष्ठ सदस्यको मृत्यु विवरण**

| क्र.सं. | दिवंगत हुने जेष्ठ सदस्यका उमेर समुह (वर्षमा) | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५०-५५ | | १ | | | १ | २ |
| २ | ५५-६० | १ | | १ | १ | | ३ |
| ककक३ | ६०-६५ | १ | १ | १ | २ | | ५ |
| ४ | ६५-७० | ३ | २ | १ | ४ | १ | ११ |
| ५ | ७० देखि माथि | १ | १ | | १ | | ३ |
| | जम्मा | ६ | ५ | ३ | ८ | २ | २४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२६ मा नमूना छनौट घरपरिवारको जेष्ठ सदस्यहरूलाई सोधिएको प्रश्नमा सबैभन्दा कम ५०-५५ उमेर समुहका २ सदस्यहरू दिवंगत भएको पाइयो भने सबैभन्दा बढि ६५ देखि ७० उमेर समुहका ११ सदस्यहरूको दिवंगत भएको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने याहाँका मानिसहरूको औषत बाँच्ने उमेर भनेको ६५-७० हो भन्न सकिन्छ ।

## ४.८.८ खानेपानी अवस्था (Condition of Drinking Water)

खानेपानी मानिसका लागि अपरिहार्य मानिन्छ । खानेपानी मानिसको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको हुन्छ । खानेपानी राम्रो तथा स्वच्छ भएमा मानिसको आयमा वृद्धि हुन्छ । तसर्थ नमूना छनौट घरपरिवारले प्रयोग गर्ने खानेपानीका स्रोतहरू के कस्ता र कति संख्यामा रहेछन भनी अध्ययन सर्वेक्षण गरिएको थियो । अध्ययनबाट प्राप्त नतिजालाई तल तालिकामा देखाइएको छ ।

**तालिका ४.२७**

**नमूना छनौट घरपरिवारको प्रयोग गर्ने खानेपानीको स्रोत**

| खानेपानीको स्रोत | संख्या | प्रयोग गर्ने घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| धारा | ३५ | १०५ | ५२.५ |
| कल | ३० | ७० | ३५ |
| इनार | ८ | २५ | १२.५ |
| जम्मा | ७३ | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.२७ मा नमूना छनौट घरपरिवारले प्रयोग गर्ने खानेपानीका स्रोतहरूमा धारा ३५ वटा रहेको पाइयो जसमा ५२.५ प्रतिशत घरपरिवारले धाराको पानी प्रयोग गरेको पाइयो । त्यसैगरि कल ३० वटाको संख्या रहेको पाइयो जसमा ३५ प्रतिशत घरपरिवारले कलको पानी प्रयोग गरेको पाइयो । त्यसैगरि इनार ८ वटा रहेको पाइयो जसमा १२.५ प्रतिशत घरपरिवारले इनारको पानी प्रयोग गरेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका २०० घरपरिवारलाई खानेपानीको स्रोत पुगेको देखियो ।

## ४.८.९ तालिमको अवस्था (Condition of Training)

तालिमले मानिसको काम गर्ने सीप र क्षमतालाई वृद्धि गराउँदछ । कुनै पनि व्यक्ति आफूले गर्ने काममा निपूर्ण हुनका लागि तालिमको आवश्यकता पर्दछ । अध्ययन क्षेत्रका मानिसहरू के कति काममा तालिम लिई काममा दक्ष भएका रहेछन् भनी अनुसन्धान सर्वेक्षण गरिएको थियो । अनुसन्धानको समयमा आएको प्राप्त विवरणलाई तालिकामा देखाइएको छ ।

**तालिका ४.२८**

**तालिम प्राप्त तथा अप्राप्त व्यक्तिहरूको विवरण-२०७३**

| क्र.सं. | विवरण | सदस्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | तालिम प्राप्त | २१० | ३७ |
| २. | तालिम अप्राप्त | ३६० | ६३ |
| जम्मा | | ५७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.२८ अनुसार नमुना छनोटमा परेका सदस्यहरूको तालिमको विवरणलाई हेर्दा काम गर्न सक्ने सक्रिय जनशक्ति १५-५९ वर्ष उमेरभित्रका ५७० जनामध्ये २१० जनाले अर्थात् ३७ प्रतिशतले तालिम लिएको पाइयो । भने ३६० जना अर्थात् ६३ प्रतिशत जनशक्तिले तालिम प्राप्त नगरेको पाइयो ।

**तालिका ४.२९**

**तालिम प्राप्त व्यक्तिहरूको तालिमको विवरण-२०७३**

| क.सं. | तालिमको किसिम | प्राप्त गर्ने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | २८ | १३ |
| २. | बाखा पालन | २० | १० |
| ३. | कुखुरा पालन | २६ | १२ |
| ४. | सिकर्मी | २८ | १३ |
| ५. | डकर्मी | ४१ | २० |
| ६. | प्लम्बर | २५ | १२ |
| ७. | इलेक्ट्रोनिक तालिम | २७ | १३ |
| ८. | शिक्षक तालिम | १५ | ७ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.२९ अनुसार अध्ययन क्षेत्रमा १५ वर्ष देखि ५९ वर्ष भित्रका तालिम प्राप्त २१० सदस्यहरूमध्ये २८ जना (१३ प्रतिशत) ले कृषि तालिम, २० जना (१० प्रतिशत) ले बाखा पालन तालिम, २६ जना (१२ प्रतिशत) ले कुखुरापालन, २८ जना (१३ प्रतिशत) ले सिकर्मी तालिम, ४१ जना (२० प्रतिशत) ले डकर्मी तालिम, २५ जना (१२ प्रतिशत) ले प्लम्बर तालिम, २७ जना (१३ प्रतिशत) ले इलेक्ट्रोनिक तालिम र १५ जना (७ प्रतिशत) ले शिक्षक तालिम लिएको पाइयो । अध्ययन क्षेत्रमा सबैभन्दा बढी डकर्मी तालिम लिएको पाइयो भने सबैभन्दा कम शिक्षक तालिम लिएको पाइयो ।

## ४.९ अध्ययनको सारांश (Summary of the Study)

यस अध्ययनका सारांशलाई यस प्रकार उल्लेख गरिएको छ :

- उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिका वडा नं २ अर्न्तगत मानव स्रोत विकासले उनिहरुको शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावको बारेमा अध्ययन गरिएको छ । यस अध्ययनको उद्देश्य मानव स्रोत विकासको अवस्था पत्ता लगाउनु, मानव स्रोत विकासले उनिहरुको शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु र मानव विकास सूचकाङ्कको गणना गर्नु रहेको छ ।

- यो अध्ययन उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिका वडा नं २ भित्रका ६८० घरधुरी मध्ये २०० घरधुरीलाई (Random Sampling) बाट छनौट गरिएको छ । उक्त घरपरिवार भित्र बसोवास गर्ने सदस्यहरुलाई मानव स्रोत विकासको अवस्थामा ध्यान केन्द्रित गरिएको थियो ।

- नमूना छनौटमा परेका सदस्यहरूको भूमि वितरणलाई हेर्दा सात जना सदस्यहरू भूमिहीन रहेका छन् । ३ घरपरिवारको भूमि २० विगा भन्दा बढी पाइयो । १ विगा देखि ५ विगासम्म जग्गा हुने व्यक्तिहरूको संख्या ४७ जना भन्दा बढी रहेको पाइयो ।

- अध्ययन क्षेत्रमा १५ देखि ६० वर्ष उमेर समुह भित्रका ५७० सदस्यहरुले विभिन्न पेशा अगालेको पाइयो । जसमध्ये सवैभन्दा बढी कृषि तथा पशुपालनमा ५९.६४ प्रतिशत, जागिर तथा नोकरीमा २०.१८ प्रतिशत, व्यापार तथा उद्यमीमा १६.६६ प्रतिशत र वैदेशिक रोजगारमा ३.५२ प्रतिशत सदस्यहरु संलग्न रहेको पाइयो ।

- यस्ता विविध पेशा अगालेका व्यक्तीहरुको सवैभन्दा बढी वार्षिक आम्दानी जागिर तथा नोकरी बाट ४७.१४ प्रतिशत, कृषि तथा पशुपालन बाट २०.९० प्रतिशत, वैदेशिक रोजगार बाट १६.३९ प्रतिशत व्यापार तथा उद्यमी बाट १५.५७ प्रंतिशत आम्दानी गरेको पाइयो जसमा वार्षिक आम्दानी ४३९२०००० रहेको पाइयो भने प्रतिघरपरिवारको औषत आय २१९६०० रहेको पाइयो भने प्रतिव्यक्ती औषत आय ३५७०७.३१ रहेको पाइयो ।

- अध्ययन क्षेत्रमा छनौटमा परेका घरपरिवारको वार्षिक खर्च सबैभन्दा बढी उपभोगमा ४५.३४ प्रतिशत, शिक्षामा २७.२६ प्रतिशत, स्वास्थ्यमा १३.६५ प्रतिशत चाडपर्वमा ७.६६ प्रंतिशत, लगानीको क्षेत्रमा ३.०९ प्रतिशत र अन्य क्षेत्रमा ३ प्रतिशत खर्च, गरेको

पाइयो । जम्मा खर्च ३३०८५००० गरेको पाइयो भने प्रतिव्यक्ति वार्षिक औषत खर्च २६८९८.३७ रहेको पाइयो ।

- अध्ययन क्षेत्रमा ११७५ जना मानिसहरु मध्ये ९९७ जना मानिसहरु साक्षर रहेको पाइयो भने १७८ जना मानिसहरु निरक्षर रहेको पाइयो । अध्ययन क्षेत्रमा ५ वर्ष देखि २५ वर्ष उमेर समुहका ४५७ जना वालवालिकाहरु सवै विद्यालय गएको पाइयो भने सरकारी विद्यालयमा ८० घरपरिवारका २२२ जना, नीजि विद्यालयमा ६० घरपरिवारका ९५ जना र ६० घरपरिवारका १४० वालवालिकाहरु मध्ये ६५ जना वालक नीजि विद्यालयमा र ७५ जना वालिका सरकारी विद्यालयमा पठन पाठन गरेको पाइयो ।

- यस अध्ययनमा छनौटमा परेका घरपरिवारका सदस्य ८५.३६ प्रतिशत मानिसहरु विरामी हुदाँ डाक्टरको जाने गरेको बताए भने १४.६४ प्रतिशत मानिस धामी झाक्रीको मा जाने गरेको पाइयो । यसबाट अझैपनि याँहा मानिसहरुमा धामी झाक्री माथि विश्वास रहेको कुरा देखिन आएको छ ।

- यस अध्ययनमा छनौटमा परेका घरपरिवारका सदस्यहरुको अन्तिम ५ वर्षको समयावधीमा शिशु मृत्युको अवस्था लाई हेर्दा २०६९ सालमा ८ जना ७० सालमा ५ जना २०७१ सालमा ३ जना, २०७२ सालमा २ जना र २०७३ सालमा १ जना शिशु, जन्मेको १ वर्ष नपुग्दै मृत्यु भएको पाइयो ।

- अन्तिम ५ वर्ष को समयावधी सम्म वालमृत्युको अवस्था बुझ्दा २०६९ सालमा २ जना, २०७० सालमा ३ जना, २०७१ सालमा १ जना, २०७२ सालमा २ जना र २०७३ सालमा १ जना गरी जम्मा ९ जना वालवालिकाहरुको ५ वर्ष उमेर नपुग्दै मृत्यु भएको पाइयो । प्रसवको कारणबाट ५ वर्ष सम्मको समयावधी भित्र मृत्युहुने आमाहरुको संख्या ५ जना रहेको पाइयो ।

- अध्ययन क्षेत्रमा छनौटमा परेका घरपरिवारका दिवगत भएका जेष्ठ सदस्यहरुको अन्तिम ५ वर्षको मृत्यु विवरण संकलन गर्दा औषत रुपमा ६५ वर्ष देखि ७० वर्ष भित्र देहावसन भएको पाइयो ।

- अध्ययन छनौटमा परेका घरपरिवारले सवैभन्दा बढी ५२.५ प्रतिशत जनसंख्याले धाराको पानी उपयोग गरेको पाइयो भने कलको पानी उपयोग गर्ने ३५ प्रतिशत र इनारको पानी उपयोग गर्ने १२.५ प्रतिशत जनसंख्या रहेको पाइयो ।

अध्ययन क्षेत्रका व्यक्तिहरूले लिएको तालिमको विवरणलाई हेर्दा उक्त क्षेत्रमा ५७० जना सक्रिय जनसंख्यामध्ये ३७ प्रतिशतले विभिन्न किसिमका सीपमूलक तालिम लिएका छन् भने ६३ प्रतिशतले तालिम प्राप्त गरेका छैनन् ।

- अध्ययन क्षेत्रको मानव विकास सूचकको अध्ययन गर्दा यहाँको मानव विकास सूचकाङ्क ०.४८१ रहेको पाइयो । UNDP ले तोकेअनुसार ०.०० देखि ०.४९९ सम्म न्यून मानव विकास सूचकाङ्क भनी परिभाषित गरेकाले अध्ययन क्षेत्रमा न्यून मानव विकास सूचकाङ्क रहेको पाइयो ।

# अध्याय : पाँच (CHAPTER - FIVE)

## निष्कर्ष र सुझावहरु (Conclusion and Recommendation)

यस अध्यायमा तथ्याङ्ककहरुको विस्तृत व्याख्या, विश्लेषण र विवेचना गरी प्राप्त सारांशलाई निष्कर्षको रुपमा प्रस्तुत गरिएको छ । निष्कर्षका आधारमा सुझावहरु समेत प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष (Conclusion)

उदयपुर जिल्ला वेल्टार वसाहा नगरपालिका वडा नं.२ भित्रका २०० घरधुरी जनसङ्ख्याले दिएको जवाफ एवम् प्राथमिक तथ्याङ्क र द्वितीय तथ्याङ्कका अध्ययन विश्लेषणबाट मानव स्रोत विकासले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव शीर्षअन्तर्गत राखिएका अध्ययनका उद्देश्यहरू मानव स्रोत विकासको अवस्था पत्ता लगाउनु, मानव स्रोत विकासले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव र मानव विकास सूचकाङ्कको गणना गर्नु रहेका छन् । यस अध्ययनको निम्नानुसार निष्कर्ष निकालिएको छ ।

१. अध्ययन क्षेत्रमा ३.५ प्रतिशत घरपरिवार भूमिहीन र १.५ प्रतिशत घरपरिवारको २० विगाभन्दा बढी भूमि रहेको पाइयो ।

२. अध्ययन क्षेत्रका मानिसहरूको मुख्य पेसा कृषि तथा पशुपालन रहेको पाइयो । जसमा ५९.६४ प्रतिशत मानिसहरू संलग्न भएको पाइयो ।

३. घरपरिवारको स्रोतगत आम्दानीको अध्ययन गर्दा सबैभन्दा कम व्यापार तथा उद्यमीबाट १५.५७ प्रतिशत आम्दानी हुने गरेको पाइयो । त्यस्तै पारिवारिक तहगत वार्षिक आम्दानी अध्ययन गर्दा १ लाखदेखि २ लाखसम्म वार्षिक आम्दानी हुने २० प्रतिशत घरपरिवार पाइयो भने ४ लाखभन्दा बढी आम्दानी हुने ७.५ प्रतिशत घरपरिवार पाइयो । प्रति घरपरिवारको वार्षिक औषत आय २१९६०० र प्रतिव्यक्ति औषत आय ३५७०७.३१ रहेको पाइयो ।

४. अध्ययन क्षेत्रमा छनौटमा परेका घरपरिवारले वार्षिक रुपमा १०,००० देखि ६०,००० भन्दा माथि वचत गरेको पाइयो । जम्मा वार्षिक वचत १०८३५०००  रहेको पाइयो

भने प्रतिघरपरिवार औषत वार्षिक वचत ५४१७५ रहेको र प्रतिव्यक्ती औषत वार्षिक वचत ८८०८.९४ रहेको पाइयो ।

५. अध्ययन क्षेत्रमा घरपरिवारको वार्षिक खर्च सबैभन्दा बढि उपभोगमा ४५.३३ प्रतिशत, शिक्षामा २७.२५ प्रतिशत, स्वास्थ्यमा १३.६७ प्रतिशत, चाडपर्वमा ७.७५ प्रतिशत, लगानीका क्षेत्रमा ३.०२ प्रतिशत र अन्य क्षेत्रमा ३.३५ प्रतिशत खर्च गरेको पाइयो ।

६. अध्ययन क्षेत्रमा ८५.३६ प्रतिशत मानिसहरू विरामी हुँदा डाक्टरकोमा गए पनि १४.६४ प्रतिशत मानिसहरू अझै पनि धामी झाँक्रीकोमा गएको पाइयो । अझै पनि यस क्षेत्रमा परम्परागत रूढीवादी संस्कार, अन्धविश्वास र पारिवारिक हेलचेक्राइका कारण वर्षेनी शिशु मृत्यु, बालमृत्यु तथा मातृमृत्यु जस्ता घटनाहरू घटिरहेको पाइयो ।

७. अध्ययन क्षेत्रमा रहेका सदस्यहरूको तालिमको अवस्था हेर्दा उक्त क्षेत्रमा काम गर्न सक्ने सक्रिय जनशक्ति ५७० जनामध्ये ३७ प्रतिशतले विभिन्न खालका सीपमूलक तालिम लिएको पाइयो भने ६३ प्रतिशतले तालिम नलिएको पाइयो । अध्ययन क्षेत्रमा सबैभन्दा बढी डकर्मीको तालिम लिएका पाइयो भने सबैभन्दा कम शिक्षक तालिम लिएको पाइयो ।

८. अध्ययन क्षेत्रको शैक्षिक अवस्था हेर्दा ८५ प्रतिशत मानिसहरू साक्षर रहेको पाइयो भने १५ प्रतिशत मानिसहरू निरक्षर रहेको पाइयो । कुल साक्षर जनसङ्ख्यामध्ये एस.एल.सी.सम्म को शिक्षा हासिल गरेका ७२ प्रतिशत मानिसहरू पाइए भने १३ प्रतिशतले उच्च शिक्षा हासिल गरेको पाइयो ।

९. अध्ययन क्षेत्रका ५ वर्षदेखि २५ वर्षसम्मका ४५७ बालबालिकाहरूले अध्ययन गर्ने शैक्षिक संस्था सम्बन्धी विवरण हेर्दा ८० घरपरिवारका ४८.५७ प्रतिशत बालबालिकाहरू सामुदायिक विद्यालयमा अध्ययन गरेको पाइयो भने ६० घरपरिवारका २०.७९ प्रतिशत संस्थागतमा र ६० घरपरिवार ३०.६४ प्रतिशत बालबालिकाहरू निजी र संस्थागत दुवै विद्यालयमा आधा-आधा अध्ययन गरेको पाइयो । भने औपचारिक विद्यालय शिक्षाको उमेर पुगेका सत प्रतिशत बालबालिकाहरू विद्यालयमा भर्ना गराइएको पाइयो ।

१०. नमुना छनौटमा परेका घर परिवारका सदस्यहरुको अन्तिम पाँचपर्ष ६९-७३ सम्मको अवधिमा शिशुमृत्यु, बालमृत्यु, मातृमृत्यु जस्ता घटनाहरु घटिरहेको पाइयो । जून समयबधिभित्र १९ जना शिशुको मृत्यु भएको पाइयो भने ९ जनाको बालमृत्यु र ५ जनाको मातृमृत्यु भएको पाइयो ।

११. अध्ययन क्षेत्रको मानव विकास सूचकको अध्ययन गर्दा यहाँको मानव विकास सूचकाङ्क ०.४८१ रहेको पाइयो । UNDP ले तोकेअनुसार ०.०० देखि ०.४९९ सम्म न्यून मानव विकास सूचकाङ्क भनी परिभाषित गरेकाले अध्ययन क्षेत्रमा न्यून मानव विकास सूचकाङ्क रहेको पाइयो ।

## ५.२ सुझावहरू (Recommendations)

यस अध्ययनमा सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषण र छलफलपछि केही महफ्वपूर्ण निष्कर्ष निकालिएको छ । जुन निष्कर्षका आधारमा मानव स्रोत विकासले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावका सम्बन्धमा विभिन्न पक्षहरूलाई निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तहमा सुझाव (Policy Related Recommendations)

मानव स्रोत विकासको अवस्थालाई विश्लेषण गरी सोही आधारमा मानव स्रोत विकास गर्नका लागि नीतिगत रूपमा निम्ननुसारका सुधार सम्बन्धी सुझाव पेस गरिएको छ ।

१. अध्ययन क्षेत्रमा ५९.६४ प्रतिशत मानिसहरू कृषि पेसामा संलग्न छन् । जसबाट वार्षिक २०.९० प्रतिशत मात्र आम्दानी भएको देखिन्छ । यसको प्रमुख कारण परम्परागत तरिकाको कृषि पेसा हो । सरकारले कृषिको आधुनिकीकरण गर्दै कृषकहरूलाई सिंचाईको व्यवस्था मिलाउने, उन्नत बीउविजन, किटनाशक औषधी जिल्ला कृषि कार्यालय मार्फत उपलब्ध गराउनु पर्ने देखिन्छ ।

२. अध्ययन क्षेत्रमा आफ्नो स्वामित्वमा १ विगा पनि भूमि नभएका ७ र १ विगा मात्र भूमि भएका ३० घरपरिवार रहेकाले उनीहरूलाई आत्मनिर्भर बनाउन राज्यको तर्फबाट सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगार बन्न उत्प्रेरित गर्नुपर्ने देखिन्छ ।

३. अध्ययन क्षेत्रमा प्रति वर्ष शिशुमृत्यु, बालमृत्यु र मातृमृत्यु जस्ता घटनाहरू घटिरहेको देखिएकाले यस्ता मृत्युलाई कम गर्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी उक्त क्षेत्रमा आवश्यक पोषणयुक्त खाद्य सामानहरू पनि उपलब्ध गराउनु पर्ने देखिन्छ ।

४. अध्ययन क्षेत्रमा १५.१४ प्रतिशत मानिसहरू अझै पनि निरक्षर रहेकाले जि.शि.का., न.पा. स्थानीय विद्यालय र अन्य संघ संस्थासँग समन्वय गरी निरक्षरता उन्मूलन कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

५. अध्ययन क्षेत्रमा ३७ प्रतिशत मानिसहरूको मात्र विभिन्न किसिमका आयमूलक तथा सीपमूलक तालिम प्राप्त गरेको पाइयो । बाँकी अन्य मानिसहरूलाई तालिम प्राप्त दक्ष जनशक्ति बनाउन सरकारले अझै सीपमूलक तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरू (Practice Related Recommendations)

मानव स्रोत विकासको प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. अध्ययन क्षेत्रमा विरामी हुँदा ८५.३६ प्रतिशत मानिसहरू डाक्टरकोमा गए पनि १४.६४ प्रतिशत मानिसहरू अझै पनि धामी झाँक्रीकोमा गएको पाइयो । तसर्थ यस्ता निकायहरूमा नजान स्थानीय स्वास्थ्य संस्था, जिल्ला स्वास्थ्य कार्यालय र न.पा.ले विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

२. अध्ययन क्षेत्रका युवा शक्तिहरू वैदेशिक रोजगारीका लागि विभिन्न देशहरूमा जाने क्रम बढेकाले देशमा नै रोजगारीमूलक कार्यक्रमहरू सञ्चाल गर्नुपर्ने देखिन्छ ।

३. अध्ययन क्षेत्रका महिला, दलित, अपाङ्ग र जनजातिहरूको मानव स्रोत विकासको अवस्था न्यून रहेकाले ती समूहहरूको कार्यदक्षता अभिवृद्धि गर्न आवश्यक शिक्षा तथा तालिमहरू उपलब्ध गराउनु पर्दछ ।

४. अध्ययन क्षेत्रमा कुनै घरपरिवार एकदमै गरिब भएकाले उनीहरूको कष्टदायक अवस्था छ । यसैले यस्ता व्यक्तिहरूका लागि विभिन्न किसिमका रोजगारमुखी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझाव (Further Research Related Recommendations)

मानव स्रोत विकासले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव सम्बन्धमा भविष्यमा अनुसन्धानकर्ताले निम्न क्षेत्रमा अध्ययन गर्न सकिनेछ ।

५. मानव स्रोत विकासको आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा पारेको प्रभाव सम्बन्धी अनुसन्धान गर्न सकिनेछ ।

६. नेपालमा मानव स्रोत विकासको ऐतिहासिक विकासक्रम सम्बन्धी अध्ययन गर्न सकिनेछ ।

७. मानव स्रोत विकासका समस्या एवम् चुनौतीहरू अध्ययन गर्न सकिनेछ ।

# सन्दर्भ सूची (References)

अग्रवाल, गोविन्दराम (२०७१), नेपालमा मानव संसाधन व्यवस्थापन । काठमाडौँ : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

अधिकारी, बालकृष्ण (२०७१), शिक्षा र विकास । काठमाडौँ : सनलाइट पब्लिकेसन ।

अर्थ मन्त्रालय (२०७२), आर्थिक सर्वेक्षण २०७२/२०७३, काठमाडौँ, अर्थ मन्त्रालय, नेपाल सरकार ।

आले, मेकबहादुर (२०७२), सामुदायिक विद्यालयमा मानव संसाधन व्यवस्थापन । काठमाडौँ जिल्ला, अप्रकाशित शोधपत्र कीर्तिपुर : शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि.वि.वि. ।

कोइराला, विद्यानाथ, श्रेष्ठ, चन्द्रबहादुर (२०६५), शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार । काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

गुरूङ, जुनाकुमारी (२०५९), जनजाति महिलाहरूको सशक्तीकरण एक अध्ययन, अप्रकाशित शोधपत्र, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, राजनीतिशास्त्र विभाग, पोखरा पृथ्वीनारायण क्याम्पस ।

गौतम, टीकाराम (२०६८), विकाससम्बन्धी दृष्टिकोणहरू । काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, वसन्त (२०६५), अर्थतन्त्र र विकास । काठमाडौँ : मस्याङ्दी वाङमय प्रतिष्ठान ।

ज्ञवाली, बाबुराम, पौडेल, मीनराज (२०६९), जनसङ्ख्या अध्ययन । काठमाडौँ : एम.के पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

दाहाल, महेशराज, कुसियैत विनयकुमार र खनाल वासुदेव (२०६७), विकास र शिक्षाको अर्थशास्त्र । काठमाडौँ : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

धामी, दमन बहादुर (२०७०), Case and Consequences of out Migration in Matela, VDC of Bajhanga District, अप्रकाशित शोधपत्र, स्वास्थ्य, शारीरिक तथा जनसङ्ख्या शिक्षा विभाग त्रि.वि., कीर्तिपुर, काठमाडौँ ।

पुडासैनी, गीता (२०७१), महिला सशक्तीकरणले उनीहरूको सामाजिक तथा आर्थिक विकासमा पारेको प्रभाव । अप्रकाशित शोधपत्र शिक्षाशास्त्र केन्द्रीय विभाग, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय ।

पौडेल, मीनराज (२०७१), बृहत् अर्थशास्त्र । काठमाडौँ : एम.के पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

भट्ट, सिद्धराज, दाहाल, श्याम र अधिकारी, विष्णुकुमारी (२०६९), विकास तथा योजना अर्थशास्त्र । काठमाडौँ : क्वेस्ट पब्लिकेशन ।

राई, संन्सरमान (२०६२), वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव : कीर्तिपुर : अप्रकाशित शोधपत्र त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र शिक्षा विभाग ।

शर्मा, निलमकुमार, सिंह, नागेश्वर (२०६७), विकास तथा शिक्षाको अर्थशास्त्र । काठमाडौँ : पैरवी प्रकाशन ।

हाडा, गम्भीर बहादुर (२०६८), ग्रामीण अर्थशास्त्र । काठमाडौँ : बृहस्पति पुस्तक प्रकाशन ।

राष्ट्रिय योजना आयोग (२०६७)

Giri, M.K (1994), Human Resource Development in N.R. Bank for Next Decade, Unpublished Master Digree Thesis, Tribhuvan University Kirtipur.

Sodhi, T.S (1985), Education and Economic Development, Vani Education Book. New Delhi, India.

Parajuli, Kumar Prasad (2005), Human Resources Development in Tribhuvan University: Problem and Prospects, Unpublished Master Degree's Thesis, Tribhuvan University Kirtipur.

Nepal Bank Ltd. (2055), Human Resource Development, A Journal Publlished by Nepal Bank Patrika, Kathmandu.

Nepal Human Development Reports (2001), Proverty Reduction and Government, UNDP.

# अनुसूची-१ (Appendix-1)

## अभिभावकहरूलाई सोधिने प्रश्नावली

उत्तरदाताको नाम :                                                  मिति :

ठेगाना :

१. पारिवारिक विवरण दिनुहोस् :

| क्र.सं. | नाम थर | लिङ्ग | उमेर | शिक्षा | धर्म | पेसा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |

२. तपाईले आम्दानी हुने कुनै पेसा गर्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दिन

३. तपाईले आम्दानीको कुन पेसा गर्नुहुन्छ ?

(क) कृषि/पशुपालन                (ख) व्यापार/उद्यमी

(ग) जागिर/नोकरी                (घ) वैदेशिक रोजगार

४. तपाइको परिवारको वार्षिक आम्दानी कति हुन्छ ?

| क्र.सं. | शीर्षक | आय रु.मा |
|---|---|---|
| १. | कृषि/पशुपालन | |
| २. | जागिर/नोकरी | |
| ३. | व्यापार/उद्यमी | |
| ४. | वैदेशिक रोजगार | |

५. तपाईको निम्न शीर्षकमा वार्षिक कति खर्च हुन्छ ?

| क्र.सं. | विवरण | खर्च रु.मा |
|---|---|---|
| १. | उपभोग | |
| २. | शिक्षा | |
| ३. | स्वास्थ्य | |
| ४. | चाडपर्व | |
| ५. | लगानी | |
| ६. | अन्य | |

६. तपाईले एक वर्षमा सबैभन्दा बढी कुन क्षेत्रमा खर्च गर्नुहुन्छ ?

.............................................................................................................

७. किन त्यस क्षेत्रमा सबैभन्दा बढी खर्च गर्नु भएको हो ?

.............................................................................................................

८. तपाईंको घरको आर्थिक कारोबार कसले सञ्चालन गर्दछ ?

(क) पुरूषले (ख) महिलाले

अ. पुरूषले मात्र सञ्चालन गर्नु ठीक हो ?

आ. महिलाले मात्र सञ्चालन गर्नु ठीक हो ?

इ. दुवै मिली गर्नु पर्दछ ?

९. तपाईले आम्दानी गरेको रकम वचत गर्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दिन

१०. तपाईले आम्दानी गरेको रकम वार्षिक रूपमा कति बचत गर्नुहुन्छ ?

.............................................................................................................

११. तपाईले कुनै संस्थाहरूबाट ऋण लिनु भएको छ ?

(क) छ (ख) छैन

१२. तपाईले कुन संस्थाबाट ऋण लिनु भएको छ ?

(क) बैङ्क (ख) सहकारी (ग) आफन्त

१३. तपाईको पारिवारिकको उमेरगत जनसङ्ख्याको विवरण दिनुहोस् ।

| क.सं. | उमेर समूह | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | ०-१४ | | | |
| २. | १५-५९ | | | |
| ३. | ६० वर्षभन्दा माथि | | | |

१४. तपाईको परिवारमा साक्षरता र निरक्षरताको अवस्था कस्तो छ ?

साक्षर ☐ निरक्षर ☐

पुरूष ☐

महिला ☐

१५. तपाईको पारिवारिक शैक्षिक अवस्था कस्तो छ ?

| क्र.सं. | शैक्षिक तह | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| १. | प्रा.वि. | | | |
| २. | नि.मा.वि. | | | |
| ३. | मा.वि. | | | |
| ४. | प्रमाणपत्र तह | | | |
| ५. | स्नातक तह | | | |
| ६. | स्नातकोत्तर तह | | | |

१६. तपाईले आफ्ना बालबालिकाहरूलाई कति वर्षको उमेरमा विद्यालयमा भर्ना गराउनु भयो ?

(क) ४ वर्ष (ख) ५ वर्ष (ग) ६ वर्ष (घ) अन्य

१७. तपाईंले आफ्ना ५ वर्ष पूरा भएका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउनु भएको छ ?

(क) छ (ख) छैन

१८. तपाईका बच्चा सरकारी विद्यालयमा अध्ययन गर्छन् कि निजी विद्यालयमा ?

(क) सरकारी (ख) निजी

१९. यदि निजी विद्यालयमा अध्ययन गर्छन् भने किन निजी विद्यालय रोज्नुभयो ?

.............................................................................................................

२०. यदि सरकारी विद्यालयमा अध्ययन गर्छन् भने किन सरकारी विद्यालय रोज्नुभयो ?

.............................................................................................................

२१. तपाईले आफ्ना बालबालिकाहरूलाई भेदभाव गर्नु भएको छ ?

(क) छ (ख) छैन

२२. तपाईले आफ्ना छोराछोरीमध्ये छोरालाई निजी विद्यालय र छोरीलाई सरकारी विद्यालयमा पढाउनु भएको छ ?

(क) छ (ख) छैन

२३. छोरीलाई मात्र सरकारी विद्यालयमा किन अध्ययन गराउनु भयो ?

.............................................................................................................

२४. तपाई बिरामी हुँदा पहिले कहाँ जानुहुन्छ ?

(क) डाक्टर (ख) धामी (ग) वैद्य (घ) अन्य

२५. किन तपाई बिरामी हुँदा पहिले त्यही निकायमा जानुहुन्छ ?

.................................................................................................................

२६. तपाईको घरमा अन्तिम ५ वर्षको समयावधिमा कतिजना शिशुको जन्म भयो ?

.................................................................................................................

२७. जन्मिएका सबै शिशुहरू जीवित छन् ?

(क) छन् (ख) छैनन्

२८. जन्मिएका कतिजना शिशुहरूको एक वर्षको उमेर नपुग्दै मृत्यु भयो ?

(क) १ (ख) २ (ग) ३ (घ) अन्य

२९. के कारणले गर्दा शिशुको मृत्यु भयो ?

.................................................................................................................

३०. तपाईको घरमा अन्तिम ५ वर्षको समयावधिभित्र १ वर्षदेखि ५ वर्षसम्मका कुनै बालबालिकाहरूको मृत्यु भएको छ ?

(क) छ (ख) छैन

३१. कतिजना बालबालिकाहरूको मृत्यु भयो ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) अन्य

३२. के कारणले गर्दा बालबालिकाको मृत्यु भयो ?

.................................................................................................................

३३. तपाईंको घरमा अन्तिम ५ वर्षको समयावधिभित्र प्रसवको कारणले कुनै महिलाको मृत्यु भएको छ ?

(क) छ (ख) छैन

३४. तपाईले आफ्ना घरका गर्भवती महिलाहरूलाई सुत्केरीकहाँ गराउनुहुन्छ ?

(क) प्रसुती गृहमा (ख) घरमा

३५. तपाईंको घरपरिवारभित्र अन्तिम ५ वर्षको समयभित्र परिवारको जेष्ठ सदस्य दिवंगत हुनु भएको छ ?

(क) छ (ख) छैन

३६. दिवंगत हुँदा उहाँ कति वर्षको हुनुहुन्थ्यो ?

.................................................................................................

३७. तपाईंको घरमा चर्पीको व्यवस्था छ ?

(क) छ (ख) छैन

३८. तपाईको घरमा खानेपानीको सुविधा छ ?

(क) छ (ख) छैन

३९. तपाईको घरको खानेपानीको स्रोत कुन हो ?

(क) धारा (ख) इनार (ग) कल (घ) अन्य

४०. परिवारका कुनै सदस्य वैदेशिक रोजगारमा संलग्न छन् कि छैन ?

(क) छन् (ख) छैनन्

४१. तपाईले कुनै तालिम लिनु भएको छ ?

.................................................................................................

४२. के को तालिम लिनु भएको छ ?

.................................................................................................

४३. तालिमले तपाईको जीवनमा परिवर्तन ल्यायो ?

.................................................................................................

४४. तपाईले दिनमा कति पटक खाना खानुहुन्छ ?

.................................................................................................

४५. खानामा के के खानुहुन्छ ?

.................................................................................................

४६. तपाईको विचारमा मानव स्रोत भनेको के हो ?

.................................................................................................

४७. मानव स्रोत विकास गर्न के के कुरामा जोड दिनुपर्ला ?

.................................................................................................

४८. मानव स्रोत विकासमा देखिएका समस्याहरू के के होलान् ?

.................................................................................................

# अनुसूची-२ (Appendix-2)

## अवलोकन सूची

घरमुलीको नाम :                                    ठेगाना :

१. पारिवारिक विवरण

| क.सं. | नाम थर | लिङ्ग | उमेर | शिक्षा | धर्म | पेसा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

२. घरको प्रकार

पक्की ............. जस्ता ................. टायल ............. अन्य ...........

३. खानेपानीको स्रोत

धारा ................कल ................ इनार ..............

४. शौचालयको सुविधा

पक्की ............. कच्ची ................

५. प्रकाशको सुविधा

बिजुली ............ सोलार ............ टुकी ............. अन्य ..........

६. खाना पकाउने ऊर्जाको स्रोत

ग्याँस ............ दाउरा ............ गुइठा ........

## अनुसूची-३ (Appendix-3)

### छलफल निर्देशिका

छलफलमा सहभागीको नाम : उमेर :

ठेगाना : पेसा :

१. यस क्षेत्रका मानिसहरूको मुख्य पेसा तथा आम्दानीका स्रोतहरू के के छन् ?

२. यस क्षेत्रका मानिसहरूको खर्च के केमा बढी हुन्छ ?

३. यस क्षेत्रका बालबालिकाहरूको शैक्षिक अवस्था कस्तो छ ?:

४. यस क्षेत्रका मानिसहरूले पोषणयुक्त खाना खाएका छन् ?

५. यस क्षेत्रका मानिसहरूको के कस्तो कारणले वर्षेनी मृत्यु हुने गरेको छ ?

६. यस क्षेत्रका मानिसहरू बिरामी हुँदा डाक्टर वा धामी कसकोमा जाने गर्छन् ?

७. यस क्षेत्रमा सरकारद्वारा उपलब्ध गराइने सेवा सुविधाको अवस्था कस्तो रहेको छ ?

८. यस क्षेत्रमा मानव स्रोत विकासका लागि के कस्ता प्रयासहरू भएका छन् ?

९. यहाँ मानव स्रात विकास गर्न के कस्ता उपायहरू अपनाउनु पर्ला ?